कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
• वर्ष २३ • अंक ४७ ... RIL 2018 • काठमाडौं शुक्रबार, • मूल्य रु. १५/-



# समाचार निर्माताहरू

पृष्ठ ६ मा

तस्बिर : महेश प्रधान

## श्रृंखला खतिवडा नयाँ मिस नेपाल

पृष्ठ २ मा



# श्रृंखलाको शीरमा मिस नेपालको मुकुट






कृष्ण भट्टराई

समृद्ध नेपाल र सुखी नेपाली हुनका लागि नेपालको कर्मचारीतन्त्रलाई स्वच्छ बनाउनुपर्छ, युवा जनशक्तिलाई रोजगारमा आबद्ध गराउनुपर्छ तथा हामी गर्न सक्छौं भन्ने भावना जागृत गराउनुपर्छ ।'

बुधबार राति १०:३० बजे घोषणा गरिएको मिस नेपाल वर्ल्ड-२०१८ को उपाधि विजेता बन्न हेटौंडामा जन्मिएकी श्रृंखला खतिवडालाई यही जवाफ पर्याप्त भयो । मुख्य निर्णायक राष्ट्रिय प्रकृति संरक्षण कोषका प्रमुख कार्यकारी अधिकृत गोविन्द गजुरेलले निर्णायक चरणमा सोधेको 'समृद्ध नेपाल तथा सुखी नेपाली हुनका लागि के-के काम गर्नुपर्ला ?' भन्ने प्रश्नको जवाफमा दिएर २२ वर्षीया श्रृंखलाले त्यस्तो उत्तर दिएर मिस वर्ल्ड-२०१८ मा नेपालको प्रतिनिधित्व गर्ने सुनौलो अवसर पाएकी हुन् । मिस नेपाल वर्ल्ड-२०१७ निकिता चाण्डकले श्रृंखलालाई चम्किलो मुकुट पहिराइदिएकी थिइन् ।

५ फिट ६ इन्च अग्ली श्रृंखलाले पुल्चोक इन्जिनियरिङ क्याम्पसबाट आर्किटेक्टमा स्नातक गरेकी छिन् । उनले मिस नेपाल वर्ल्डको उपाधिसहित १ लाख रुपैयाँसहित विभिन्न उपहारहरू पाइन् । मिस नेपालको उपाधि जित्नुअघि खतिवडाले मिस ब्युटिफुल हेयर तथा मिस फेस अफ फेसिनो एवार्ड पनि जितिन् । यसका लागि उनले यामाहा कम्पनीको फेसिनो स्कुटर उपहार पाइन् ।

लेखनमा रुचि राख्ने श्रृंखला पाँच वर्षदेखि लेखनमा समेत सक्रिय छिन् । आफ्नै लेखनको एउटा उत्कृष्ट पुस्तक प्रकाशित गर्नु उनको जीवनकै ठूलो सपना हो । एउटा आर्किटेक्टको विद्यार्थीका रूपमा उनी आफ्नो कलेजकी टपर समेत हुन्, जहाँ उनले प्रत्येक सेमेस्टरमा सबैभन्दा बढी अंक ल्याएर उत्तीर्ण भएकी थिइन् । २०७२ सालको भूकम्पपछि मेलम्ची क्षेत्रमा स्वयंसेवकका रूपमा समेत काम गरेकी थिइन् । श्रृंखलाले सन् २०१६ मा सम्पन्न एसियन पेन्ट्स डिजाइन कम्पिटिसनमा आर्किटेक्ट स्टुडेन्ट एवार्डसमेत जितेकी थिइन् । अध्ययन गर्न तथा यात्रा (ट्रेकिङ) गर्न रुचाउने श्रृंखला भविष्यमा अन्तर्राष्ट्रिय रूपमै ख्यातिप्राप्त आर्किटेक्ट बन्न चाहन्छिन् ।

श्रृंखला एमालेको तर्फबाट प्रतिनिधिसभाका सांसद विरोध खतिवडाकी सुपुत्री हुन् । उनकी आमा मुनु सिग्देल एमाले मकवानपुर जिल्ला कमिटीकी अध्यक्ष हुन् । मुनु एमालेको एक्ली जिल्ला अध्यक्ष तथा एमालेकै तर्फबाट प्रदेशसभा सदस्य समेत हुन् । यद्यपि श्रृंखलाले भने राजनीतिप्रति खासै रुचि देखाएकी छैनन् ।

द हिडन ट्रेजरको यो २३ औं संस्करणको प्रतियोगितामा मनिता देवकोटाले मिस नेपाल युनिभर्सको उपाधि जित्न सफल भएकी छिन् । गोरखाकी २२ वर्षीया देवकोटा ५ फिट ७ इन्च अग्ली छिन् । उनले बिएस्सी उत्तीर्ण गरेकी छिन् । स्वास्थ विज्ञानमा विशेष रुचि राख्ने मनितालाई महिला स्वास्थको क्षेत्रमा काम गर्ने चाहना छ । महिला सशक्तीकरण तथा बालिकाहरूलाई शिक्षा दिनुपर्छ भन्ने सोच राख्ने मनिता जनस्वास्थ क्षेत्रमा नै कार्यरत छिन् । सिज द फस्ट तथा डेज फर गर्ल्स जस्ता गैरसरकारी संस्थाहरूमा आबद्ध मनिता यी संस्थामार्फत बालिकहरूको शिक्षा तथा प्रजनन स्वास्थ शिक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्छिन् । मिस ग्ल्यामरको शीर्षक उपाधि समेत जितेकी देवकोटाले मिस नेपाल युनिभर्सको उपाधिका लागि १ लाख रुपैयाँ जितिन् । यससँगै उनले मिस युनिभर्स-२०१८ मा नेपालको प्रतिनिधित्व गर्ने छिन् ।

प्रतियोगिताकी सबैभन्दा अग्ली प्रतिस्पर्धी प्रिया सिग्देलले मिस नेपाल अर्थ-२०१८ को उपाधि जित्न सफल भइन् । १ लाख रुपैयाँ राशिको उक्त उपाधिसँगै पाँच फिट ९ इन्च प्रियाले ब्युटी विद द पर्पसको शीर्षक उपाधि पनि जितिन् । काठमाडौंकी स्थानीय बासिन्दा २३ वर्षीया प्रियाले डेभलपमेन्ट स्टडिजमा स्नातक गरेकी छिन् । सामाजिक अभियन्ताका रूपमा सक्रिय प्रिया गैर नाफामूलक संस्था हात्तीहात्तीकी सञ्चालिका समेत हुन् । उनी महिनावारी-स्वच्छतासम्बन्धी विषयकी अभियन्तासमेत हुन् । उनले स्विट्जरल्यान्डमा सम्पन्न ग्लोबल चेन्ज मेकर फोरम तथा बंगलादेशमा सम्पन्न युथ एक्सचेञ्ज कार्यक्रममा नेपालको प्रतिनिधित्व गरिसकेकी छन् । नृत्य र यात्रामा रुचि राख्ने प्रिया भविष्यमा सफल सामाजिक अभियन्ता बन्ने लक्ष्य लिएकी छिन् ।

प्रतियोगितामा रोनाली अमात्यले मिस नेपाल इन्टनरनेसनल-२०१८ को उपाधि जित्न सफल भएकी छिन् । उपाधिसँगै अमात्यले पनि १ लाख रुपैयाँ जितिन् । काठमाडौंकी २२ वर्षीया अमात्य ५ फिट ७ इन्च अग्ली छिन् । रोनालीले बीबीएम उत्तीर्ण गरेकी छिन् । रोनाली मोडल पनि हुन् । उनले विभिन्न विज्ञापन तथा र्‍याम्पमा क्याटवाकको अनुभव हासिल गरिसकेकी छिन् । युवाहरूलाई सशक्त बनाउने अभियानको नेतृत्व गर्ने लक्ष्य लिएकी रोनाली प्रेरणादायी पुस्तकहरू पढ्न, अनुसन्धान गर्न तथा स्वस्थ खानेकुरा बनाउन मन पराउँछिन् । आफूलाई सधैं फिट्नेस राख्न तम्तयार हुने रोनाली आफूमा भएको आत्मविश्वास नै आफूलाई मिस नेपालको उपाधि जिताउने एउटा माध्यम भएको बताउँछिन् । प्रतियोगितामा अमात्यले मिस ट्यालेन्टको उपाधि पनि जितिन् । ट्यालेन्ट शोमा अमात्यले शास्त्रीय नृत्य प्रस्तुत गरेकी थिइन् ।

त्यसअघि साँझ साढे सात बजेदेखि प्रारम्भ भएको प्रतियोगिताको पहिलो चरणमा सबै सहभागीहरूले आफ्नो परिचय दिएका थिए । पहिलो चरणको समाप्तिसँगै विभिन्न शीर्षक एवार्डहरूको घोषणा गरिएको थियो । त्यसपछिको चरणमा सहभागी २५ मध्ये सेमिफाइनल चरणका लागि उत्कृष्ट १५ प्रतिस्पर्धीको घोषणा गरियो । उत्कृष्ट १५ मा पुग्न सफल सुन्दरीमा शर्वाणी पाण्डे, मनिता देवकोटा, लक्ष्मी पौडेल, आस्मा साख, शायरा लामा, सृष्टि कार्की, आस्मा ढुंगाना, शुभेच्क्षा श्रेष्ठ, श्रृंखला खतिवडा, प्रिया सिग्देल, महिमा सिंह, मेघा श्रेष्ठ, रोनाली अमात्य, ज्योत्सना क्षेत्री तथा सन्ध्या अधिकारी रहे । उत्कृष्ट १५ मा पुग्न सफल प्रतियोगीहरूले गोलाप्रथाद्वारा छनोट गरिएको एक-एकवटा प्रश्नको जवाफ दिएका थिए । उनीहरूले दिएको जवाफको आधारमा निर्णायक चरणका लागि उत्कृष्ट सात प्रतिस्पर्धी छनोट गरिए । अन्तिम चरणमा पुग्न सफल हुनेहरूमध्ये महिमा सिंह, शायरा लामा तथा आस्मा ढुंगानाले उत्कृष्ट चारभित्र स्थान बनाउन सकेनन् ।

प्रतियोगिताका निर्णायकहरूमा गोविन्द गजुरेलसहित राजनीतिज्ञ रवीन्द्र मिश्र, खेलाडी दीपक विष्ट, चलचित्रकर्मी निकिता पौडेल तथा पूर्वमिस नेपाल इभाना मानन्धर थिए । प्रतियोगितामा सहभागीहरू बिना घले, मनीष राई तथा सुष्मा सिंहले डिजाइन गरेका आकर्षक पहिरनहरूमा प्रस्तुत भएका थिए ।

## उपाधि विजेताहरू

**मिस नेपाल वर्ल्ड** : श्रृंखला खतिवडा
**मिस नेपाल युनिभर्स** : मनिता देवकोटा
**मिस नेपाल अर्थ** : प्रिया सिग्देल
**मिस नेपाल इन्टरनेसनल** : रोनाली अमात्य
**मिस ट्यालेन्ट** : रोनाली अमात्य
**ब्युटी विद द पर्पस** : प्रिया सिग्देल
**पपुलर च्वाइस** : सन्ध्या अधिकारी
**मिस ग्ल्यामर** : मनिता देवकोटा
**फेस अफ फेसिनो** : श्रृंखला खतिवडा
**मिस कन्फिडेन्स** : आस्मा साख
**बेस्ट हेयर** : श्रृंखला खतिवडा
**मिस फ्रेण्डसीप** : शायरा लामा
**मिस फोटोजेनिक** : महिमा सिंह
**मिस पञ्चुयालिटी** : लक्ष्मी पौडेल
**मिस इन्टेलिजेन्ट** : आस्मा ढुंगाना
**मिस एथ्लेट** : मेघा श्रेष्ठ

SEE(SLC) 075 भर्ना खुल्यो !!!
का साथै कक्षा ८ र १० मा
के ?
★ कक्षा ९, Test तथा SLC फेल भई वा कक्षा ८ मात्र पास गरी स्कूल छाडेका तथा स्कूल जाने उमेर नाघेका विद्यार्थीहरुले यसै वर्ष SEE पास गर्न यस स्कूलमा भर्ना गरी ढुक्क भई पढ्नुहोस् ।
★ कक्षा ५ वा ६ मात्र पास गरेकाले कक्षा ८ मा भर्ना भई पढ्न पाउने र यस स्कुलबाट कक्षा ८ पास गरेका विद्यार्थीहरुले कक्षा ९ नपढी सिधै कक्षा १० पढी SEE दिन पाउने छन् ।
अंग्रेजी र नेपाली दुवै माध्यममा पढाइने
कक्षा समय: बिहान,दिउँसो, बेलुका
यातायात र होस्टेलको समेत सुविधा छ ।
सम्पर्क
SAHAYOGI PATHSHALA
(Alternative School)
भाटभटेनी चोक (चाइनिज एम्बेसी नजिकै)
Phone : 4415244
DIPLOMATIC OPEN SCHOOL
लगनखेल, मछिन्द्रनाथको रथ राख्ने ठाउँ
Phone : 01-5527782, 9818258588

होटल तालिम होटल खुम्जुङ्गमा
(नेपाल सरकार र CTEVT बाट मान्यता प्राप्त)
छिटो अनि राम्रोसँग कुक/वेटर/बेकरी/बारमेन/हाउसकिपिङ्ग लगायत सम्पूर्ण होटल तालिममा धमाधम भर्ना लिइँदैछ । विदेश गईहाल्नु पर्नेहरुका लागि विशेष कोर्सको व्यवस्थाका साथै होटल र होस्टलको पनि व्यवस्था छ ।
आफ्नै होटलमा OJT ट्रेनिङ्ग गराईने ।
Hotel Khumjung Pvt. Ltd.
महाराजगञ्ज, चक्रपथ, नारायणगोपाल चोकबाट ३ मिनेट पूर्व
फोन नं. 4016194, 4016111

# वर्षका चर्चित घटना

मुलुकमा ०७४ मा विविध घटना चर्चामा रहे । मुलुक निर्वाचनमा व्यस्त रहेकै बेला साउनको अन्तिम साता बाढी-पहिरोको प्रकोपले मुलुकलाई शोकमा डुबायो । वर्षभरि नै सवारी दुर्घटनाका साना-ठूला घटना घटिरहे । केही विवाद तथा भ्रष्टाचारसम्बन्धी घटना पनि समाचारको शीर्षमा रहे । राष्ट्रिय क्रिकेट टिमले प्राप्त गरेको वान डे स्टाटस पनि वर्षको उल्लेख्य घटना हो ।



### निर्वाचन

०७४ मा संघ, प्रदेश तथा स्थानीय गरी तीनै तहका निर्वाचन सम्पन्न भए । यससँगै राष्ट्रियसभाको निर्वाचन पनि सम्पन्न भयो । यी सबै तहका निर्वाचनले ३५ हजार ९ सय २४ जना जनप्रतिनिधिको हातमा मुलुकको सत्ता हस्तान्तरण भयो ।



### बंगला एयर दुर्घटना

२८ फागुनमा बंगलादेशबाट नेपाल आएको युएस-बंगलाको विमान त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा दुर्घटना हुँदा चालक दलका सदस्यसहित ५१ जनाको ज्यान गयो । यो घटनाले एकपटक फेरि नेपाली आकाशको सुरक्षा प्रणालीप्रति सन्देह सिर्जना गर्‍यो ।



### बाढी

साउनको अन्तिम साता तराई क्षेत्रमा आएको बाढीले ठूलो जनधन क्षति गर्‍यो । जसमा परी झन्डै १ सय ६० भन्दा बढीको ज्यान गयो भने ६० अर्ब ७१ करोड रुपैयाँभन्दा बढीको आर्थिक क्षति भएको योजना आयोगको प्रतिवेदनमा उल्लेख छ । बाढीबाट देशका ३५ जिल्लाका १७ लाख जनसंख्या प्रभावित भए भने ४१ हजार ६ सय २६ घर पूर्ण क्षति तथा १ लाख ५० हजार ५ सय १० घर आंशिक क्षति भए ।

### भ्रष्टाचार प्रकरण

११ अर्ब रुपैयाँको कर छुट काण्डमा आन्तरिक राजस्व विभागका महानिर्देशक चूडामणि शर्मा तथा ६७ करोड रुपैयाँको जग्गा खरिदमा नेपाल आयल निगमका कार्यकारी निर्देशक गोपाल खड्का आरोपित भए । भ्रष्टाचार काण्डमै विशेष अदातलले नेपाल पर्यटन बोर्डका तत्कालीन सिईओ सुवास निरौलालाई ७ वर्ष कैद तथा ८० लाख ५१ हजार रुपैयाँको बिगो एवं ५४ लाख ५९ हजार रुपैयाँ जरिवाना गर्ने फैसला सुनायो ।

### सडक दुर्घटना

देशका विभिन्न ठाउँमा साना-ठूला सवारी दुर्घटनामा परेर दर्जनौं नागरिकले ज्यान गुमाए । धादिङ, दैलेख आदि जिल्लामा ठूला सवारी दुर्घटना भए । नेपाल प्रहरीका अनुसार ०७४ को फागुन मसान्तसम्म ७ हजार १ सय सवारी दुर्घटना भए भने उक्त दुर्घटनामा परी १ हजार ६ सय ७९ जनाले ज्यान गुमाएका थिए ।

### वान डे स्टाटस

नेपालले यही वर्ष जिम्बाबेमा भएको आईसीसी एकदिवसीय विश्वकप छनौट खेल्यो । उक्त छनौट खेलमार्फत आगामी विश्वकप क्रिकेटमा स्थान बनाउन नसकेपनि नेपालले आठौं स्थानमा रहँदै द्विपक्षीय तथा बहुपक्षीय एक दिवसीय क्रिकेट खेल्न सक्ने योग्यता प्राप्त गर्‍यो । नेपालले २२ वर्ष लामो क्रिकेट इतिहासमा पहिलो पटक यति ठूलो सफलता पाएको हो ।

### सर्वोच्च विवाद

कांग्रेस-माओवादी मिलेर संसद्मा सुशीला कार्कीविरुद्ध महाअभियोग प्रस्ताव ल्याए, जसले मुलुकको न्यायिक तथा राजनीतिक क्षेत्रमा ठूलो तरंग सिर्जना गर्‍यो । विभिन्न व्यवसायिक कम्पनीहरूले तिर्नुपर्ने ६१ अर्ब रुपैयाँ बराबरको राजस्वमा उन्मुक्ति दिएको आलोचना खेप्दै आएका तत्कालीन प्रधानन्यायाधीश गोपाल पराजुली अन्ततः नक्कली शैक्षिक प्रमाणपत्र तथा जन्ममिति विवादका कारण पदमुक्त गरिए ।





## ह्याप्पी न्यू इयर



नववर्ष- २०७५ को सुखद आगमनका अवसरमा हामी समस्त पाठक, विज्ञापनदाता, वितरक एवं शुभेच्छुहरूमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

साप्ताहिक परिवार
कान्तिपुर मिडिया ग्रुप



यात्रा सन्दर्भ

# नयाँ वर्षकी सुन्दरी



किशोर नेपाल

अन्जनाको उमेरकै कारण होला- उसलाई रेस्टुराँदेखि फार्मेसीसम्म सबै रेन्ज अटाउने बजार मन पर्छ । चरीकोटदेखि कालिन्चोकसम्म नियमित मोटर हिँड्ने पक्की रोड बन्यो भने कालिन्चोकमा थोरैमा पनि ५० वटा होटल निर्माण हुन्छन् । त्योभन्दा ठूलो मार्केट के चाहियो ? अन्जनाको मोह ब्युटिपार्लरभन्दा पनि रेस्टुराँ कलामा छ । भन्छिन् : मेरो त मोट्टो नै छ, 'फुड गुड-मुड गुड ।' अन्जनाले ब्युटी सप खोलिन् भने पक्कै पनि खोल्छे रेस्टुराँ । यो त तन्नेरी केटीको कुरा हो ।

अन्जना मल्ल । काठमाडौंमा बसेकाले होला, उनको स्वरमा अलिकति छ्वेलाको स्वाद मिसिएजस्तो लाग्छ । अन्जनाको अनुहार पनि अचम्मसँग संयोजित छ । ब्राह्मणको जस्तो नाक, ठकुरीको जस्तो पौठा, गुनकेशरी फूलको जस्तो सौन्दर्य, नदी बगेजस्तो सिल्की कपाल । भएन त 'ओ एम जी' ? विहान क्लिनिकपछाडिको कफी पसलमा एउटा केटो देखिएको थियो । टल, स्मार्ट, ट्यांग्रे । यो पछिल्लो शब्द ट्यांग्रे मुमा हजुरले राखिदिइबक्सिएको रहेछ । विहान कफीको कपबाट ट्यांग्रे उफ्रिइहाल्यो, अनि नाम नि त्यो केटाको ? अन्जनालाई जान्न मन लाग्यो, तर सोध्न लाज पनि लागिहाल्यो । अन्जना त्यस्तै छ । मानिसको गुण पनि कति विचित्रको हुने ! राम्रो लागेको चिजलाई राम्रो भन्न लाज लाग्ने अनि अलि यसो केटा साथीको चर्चा चल्यो भने मुख लुकाइहाल्ने ।

तै कसो-कसो नाम त सोधी अन्जनाले त्यो केटाको । 'रिखी,' केटाले जवाफ दिँदै भन्यो, 'मलाई त तिम्रो नाम थाहा छ । अन्जु, अन्जरी, अनार जे भने पनि हुँदैन त ?' त्यसपछि दोहोऱ्याएर भन्यो, 'रिमेम्बर, माई नेम इज रिखी । नट रिसी नि है ।'

मैले सोधें अन्जनालाई, 'नेपालमा फेसन पेसा बन्न सक्छ कि सक्दैन ?' अन्जनाले जवाफ दिई, 'किन नसक्नु ? यतिविघ्न फेसन डिजाइनर, यतिविघ्न पार्लर भएको सहरमा फेसन किन पेसा नबन्नु ? अब त्यस्तो सानो चरिकोट बजार त कस्तो भैसक्यो ? नपत्याए सोध्नुहोस न भोजराज न्यौपाने अंकलसँग । अझ मेरी काकी त त्यहाँको फेसन मार्केटमा पाँच-सात करोड नै लगाउन चाहनुहुन्थ्यो, तर यहाँका कानुन र कर्मचारी दुवै ठीक छैनन् । काकी आफूले गरेको लगानी कसरी सुरक्षित तुल्याउने ? भनेर सोध्दै हुनुहुन्थ्यो । बैंकको म्यानेजरले जवाफ दियो– त्यही त कठिन छ । लगानी रोकिने एक मात्र कारण त्यही हो ।

अन्जनाको उमेरकै कारण होला- उसलाई रेस्टुराँदेखि फार्मेसीसम्म सबै रेन्ज अटाउने बजार मन पर्छ । चरीकोटदेखि कालिन्चोकसम्म नियमित मोटर हिँड्ने पक्की रोड बन्यो भने कालिन्चोकमा थोरैमा पनि ५० वटा होटल निर्माण हुन्छन् । त्योभन्दा ठूलो मार्केट के चाहियो ? अन्जनाको मोह ब्युटिपार्लरभन्दा पनि रेस्टुराँ कलामा छ । भन्छिन् : मेरो त मोट्टो नै छ, 'फुड गुड-मुड गुड ।' अन्जनाले ब्युटी सप खोलिन् भने पक्कै पनि खोल्छे रेस्टुराँ । यो त तन्नेरी केटीको कुरा हो । यहाँ त ७० नाघेका, देश ठग्न पल्किएका, काजी साहेबहरूको कमी छैन । काजी साहेबहरूको शासनले अरू केही नसिकाए पनि 'आइस्योस्-गइस्योस्' सिकाएका छन । जो दबेका हुन्छन्, तिनीहरू सधैं दब्ने त होइनन् नि ।

यता फेसन, एक्टिङ, ब्युटी, जिम-जाम सबै जानेका पोख्त कलाकारहरू फस्टाउँदैछन् । 'पहिलो नम्बरमा प्रियंका छिन् क्यारे ! मलाई उनको स्टाइल मन पर्छ । एक्टिङ त त्यस्तै हो । केकी अधिकारी, लौ त्यसपछि त नामै पनि सकियो । देशको सिनेमा संस्कृतिमा प्लेटफर्म थोरै छ । आकांक्षीहरू धेरै छन् । अनि केको विकास हुन्छ ? मेरो एक जना साथीको मामाले फिल्म बनाउनुभयो । साथीले मामालाई टिप्पा दिई । मामाले मौका दिए । उसले पनि राम्रै गरी । अहिले त चारवटा फिल्मको हिरोइन भैसकी ।'

अन्जनालाई लागेको एउटा अर्को कुरा के भने भारतबाट कति मान्छे अवसर खोज्न हलिउड पुगेका छन् । खोइ हाम्रा त त्यता अवसर खोज्न पनि जाँदैनन् । भारतीय अभिनेत्री प्रियंका चोपडा भारतमा त सुपर स्टार छँदै छिन्, अब हलिउड पनि भ्याइदिइन् । त्यस्तो पो कुरा हो त दाइ । अन्जना यस्ता अरू धेरै कुरा गर्दै थिई । मैले प्याट्ट सोधें, लभ नि ?

'अझै टाइम भएको छैन दाइ, अन्जना खुसी भई ।



■ अन्जना मल्ल

तस्बिर : नवराज बाग्ले

मंगल होस्

# पीडालाई प्रवेश निषेध छ



मनोज गजुरेल

परिस्थितिलाई कुर्नेछैन, मनस्थितिलाई बलियो बनाउनेछु । कमजोर मानसिकताले जहिले पनि परिस्थितिलाई दोष दिन्छ । बलियो मानसिकताले आफ्नो मनस्थिति बलियो बनाउँछ र परिस्थितिलाई आफ्नो अनुकूल तुल्याउँछ । मेरो आन्तरिक अधिराज्यमा बाह्य शक्तिको हस्तक्षेप हुन दिनेछैन । विचारलाई नियन्त्रित गर्नेछु । हावा-हुन्डरीजस्तो आउँने गलत विचारलाई विवेकले सम्पादन गर्नेछु । अरूका बारेमा गलत विचार मनमा ल्याउनेछैन ।

विक्रम संवत् २०७४ जानै लाग्यो, २०७५ आएकै छैन । यो बीचको समय शून्य समय हो । शून्य समयलाई सदुपयोग गर्दै नयाँ वर्षको संकल्प प्रस्ताव गर्दैछु । जस्तो कि, खानपान, जीवनशैली, बानीबेहोराजस्ता कुराबाट ठूला संकल्पमा प्रवेश गर्न सकिन्छ । एकैचोटि ठूलुला संकल्प लिँदा त्यसको भारले थिच्न सक्छ । संकल्पको शुरुवात मसिना कुराबाट गर्नुपर्छ ।

अपरिचितसँग पनि बोल्नेछु । सन्चो-बिसन्चो सोध्नेछु र भ्याएसम्म चिया खाएर वा ख्वाएर छुट्टिनेछु । नयाँ ठाउँ, नयाँ परिवेश र नयाँ मान्छेसँग भेट हुनु पनि एउटा आनन्दको क्षण हो । नयाँसँग भलाकुसारी गर्न चिनेकै हुनुपर्छ भन्ने छैन । नयाँ मान्छेसँग बालचाल गर्दा केही नयाँ सिकिन्छ । केही नयाँ जानिन्छ । अतः नौलो परिवेशसँग घुलमिल हुनेछु ।

मेरो पहिलो संकल्प हो– मुस्कान । चिनेका मानिसलाई त मुस्कान दिइन्छ नै, नचिने पनि मुसुक्क हाँस्ने बानीले सबैलाई सुन्दर देखिन्छ । विदेशीहरू बाटो हिंड्दा जोसुकैसँग मुस्कुराइरहेका हुन्छन् । हामी भने नचिनेको मानिस मुसुक्क हाँस्यो भने 'चिन्नु न जान्नु, किन हाँस्या होला' भन्दै ठुस्स पर्छौं । म यो स्वभावलाई सकेसम्म मेटाउने प्रयास गर्नेछु । मुखले बोल्न नभ्याए पनि मुस्कानले संवाद गर्नेछु ।

आफ्नो कमजोरीको दोष अरूमा थोपर्ने छैन । राम्रो कामको जस अरूलाई दिनेछु । नराम्रो कामको दोष आफैंले लिनेछु । अर्कामा कमजोरी खोज्ने बानी त्याग्नेछु । आफ्नो कमजोरी सच्याउने प्रयास गर्नेछु । मेरो भाग्यको दाता आफैंलाई मान्नेछु, दुर्भाग्यको विधाता पनि आफैंलाई मान्नेछु ।

परिस्थितिलाई कुर्नेछैन, मनस्थितिलाई बलियो बनाउनेछु । कमजोर मानसिकताले जहिले पनि परिस्थितिलाई दोष दिन्छ । बलियो मानसिकताले आफ्नो मनस्थिति बलियो बनाउँछ र परिस्थितिलाई आफ्नो अनुकूल तुल्याउँछ । मेरो आन्तरिक अधिराज्यमा बाह्य शक्तिको हस्तक्षेप हुन दिनेछैन । विचारलाई नियन्त्रित गर्नेछु । हावा-हुन्डरीजस्तो आउँने गलत विचारलाई विवेकले सम्पादन गर्नेछु । अरूका बारेमा गलत विचार मनमा ल्याउनेछैन । आफ्ना बारेमा सुन्दर विचार मात्र मनमा खेलाउनेछु । अरूका बारेमा गलत सोच्दा त्यसले मलाई नै हानी पुऱ्याउँछ भन्ने सत्यलाई मनन गर्नेछु । बोल्दा दसपल्ट सोचेर बोल्नेछु, सोच्दा सुनजस्तो तौलिएर मात्र सोच्नेछु ।

समयलाई चिन्ने प्रयास गर्नेछु । क्षणभंगुर जीवनमा सकेसम्म राम्रा काममात्र गर्नेछु । प्रत्येक श्वासमा नयाँपन महसुस गर्नेछु । समयलाई उत्पादक क्षेत्रमा लगाउनेछु । सिर्जना, मनोरञ्जन एवं पेसाको निश्चित समय निर्धारण गर्नेछु । समयको महत्व बुझ्नेछु र अरूलाई पनि बुझाउनेछु ।

नेतालाई गाली गर्न कम गर्नेछु । आफैं आफ्नो क्षेत्रको नेता हुनेछु । कसैको आलोचना संयक् तरिकाले गर्नेछु । म उक्त ठाउँमा भएको भए के गर्थें होला, त्यो बुझेर मात्र गाली र ताली दिनेछु । आफूमा गुण नै गुण, अरूमा दोष नै दोष देख्ने नजर परिवर्तित गर्नेछु ।

खानपानमा नियन्त्रण गर्नेछु । सित्तै पाए जति पनि खाने छैन । किन्नुपर्दा थोरै खाने पनि छैन । शरीरलाई जति आवश्यक हुन्छ त्यति मात्र खानेछु । ३ इन्चको जिब्रोका लागि १८ इन्चको पेटमा जे पायो त्यही हाल्नेछैन । शरीरलाई यसरी माया गर्नेछु कि ऊ मेरो बेस्ट फ्रेन्ड हो । किनभने जसले आफूलाई, आफ्नो शरीरलाई माया गर्छ उसले मात्र अरूलाई माया गर्न सक्छ ।

नयाँ वर्षले आफूमा उमंग ल्याओस् । आफूले लिने सबै संकल्प पुरा हुन् । नयाँ वर्ष २०७५ आगमनको पूर्वसन्ध्यामा तपाईंहरू सबैलाई हार्दिक मंगलमय शुभ कामना । सबैको मंगल होस्, सधैं मंगल होस् ।

# प्रतिवेदनमा नेपाल

प्रदेश तथा केन्द्रीय संसद्को निर्वाचन परीवेक्षण गर्न आएको युरोपियन युनियनले बुझाएको प्रतिवेदनसँग सम्बन्धित विषयले यो वर्ष नेपालमा ठूलै विवाद सिर्जना गऱ्यो । प्रतिवेदनमा उल्लेख गरिएका कतिपय विषयप्रति असहमति जनाउँदै नेपाल सरकारले उक्त प्रतिवेदन अस्वीकार गऱ्यो । प्रतिवेदनमा नेपालमा जारी भएको संविधानको मर्म विपरीत सुझाव दिएको भन्दै प्रधानमन्त्रीले नै उक्त प्रतिवेदन सच्याउन आग्रह गरे । प्रतिवेदनमा नेपालको संविधानमा राखिएको खस आर्य समुदायको समानुपातिक प्रतिनिधित्व हटाउन सुझाव दिइएको थियो । उक्त प्रतिवेदनको विषयमा सरकारका साथै निर्वाचन आयोग तथा नेपालका राजनीतिक दलहरूले पनि असहमति जनाउँदै नेपालको आन्तरिक मामलामा हस्तक्षेप भएको बताउँदै आएका छन् । ईयूले भने प्रतिवेदनमा आफूले सुझाव मात्र दिएको जनाउँदै त्यसको कार्यान्वयन गर्ने-नगर्ने सरकारको अधिकार भएको जवाफ फर्कायो । यही सेरोफेरोमा वर्ष २०७४ मा नेपालका बारेमा विभिन्न राष्ट्रिय-अन्तर्राष्ट्रिय एजेन्सीहरूले गरेका विभिन्न सर्वेक्षणमा नेपालको अवस्थाका बारेमा संक्षिप्त जानकारी :



तस्बिर : प्रिन्टेस्टडटकम

## खुसी घट्यो

विश्वका खुसी राष्ट्रहरूको प्रतिवेदन सार्वजनिक गर्ने हयापिनेस रिर्सच इन्स्टिच्युटको प्रतिवेदनमा नेपाल गत वर्षको तुलनामा दुई स्थान तल झरेको छ। गत ९९ सयौं स्थानमा रहेकोमा नेपाल यो वर्ष १ सय १ मा पुगेको हो। समग्र विश्वको तथ्यांकमा पछाडि धकेलिए पनि नेपाल दक्षिण एसियामा भने तेस्रो स्थानमा कायम रहन सफल छ। विश्वको ७५ औं स्थानमा रहेको पाकिस्तान तथा ९७ औं स्थानमा रहेको भुटान दक्षिण एसियामा नेपालभन्दा अगाडि छन्। छिमेकी देश भारत १ सय ३३ औं स्थानमा, श्रीलंका १ सय ६६ औं स्थानमा तथा बंगलादेश १ सय १५ औं स्थानमा छन्। सबैभन्दा खुसी मुलुकको सूचीमा फिन्ल्यान्ड नम्बर एक स्थानमा छ।

## विधिको शासनमा अगाडि

विश्व न्याय परियोजनाले विश्वका सबै देशको शासन-व्यवस्थाको सञ्चालन एवं सहभागितामाथि अध्ययन गरेको एक रिपोर्टमा नेपालको अवस्था छिमेकी देश भारत र चीनभन्दा राम्रो पाइएको छ। नेपाल उक्त अध्ययनमा ५८ औं स्थानमा छ भने भारत चार स्थानपछि ६८ औं स्थानमा र चीन ७५ औं स्थानमा छ। सबैभन्दा राम्रो विधिको शासन भएको देशका रूपमा डेनमार्क र दोस्रोमा नर्वे छन्। १ सय १३ देशमा गरिएको उक्त अध्ययनको अन्तिम स्थानमा भेनेजुएला र त्यसभन्दा अगाडि कम्बोडिया छन्।

## व्यवसायिक वातावरण

नेपाल दक्षिण एसियामा व्यवसायिक वातावरण सहज भएको तेस्रो मुलुक भएको विश्व बैंकको प्रतिवेदनले देखाएको छ। नेपाल दक्षिण एसियामा भारत र भुटानपछि लगानीमैत्री देशका रूपमा प्रस्तुत भएको हो। सन् २०१८ का लागि प्रकाशित डुइङ बिजनेस प्रतिवेदनले नेपाल गत वर्षभन्दा दुई स्थानमाथि उक्लँदै विश्वमा १ सय ५ औं स्थानमा उक्लिएको देखाएको छ।

## गरिबी बढ्दै

राष्ट्रिय योजना आयोग एवं बेलायतको अक्सफोर्ड विश्वविद्यालयको गरिबी तथा मानव विकास पहलले संयुक्त रूपमा गरेको बहुआयामिक गरिबी सूचकांकले नेपालमा अझै २८ प्रतिशत जनता गरिब रहेको तथ्यांक सार्वजनिक गरेको छ। मानव विकास सूचकका साथै स्वास्थ्यसम्बन्धी दुई, शिक्षासम्बन्धी दुई तथा जीवनस्तर सम्बन्धी ६ वटा सूचकका आधारमा उक्त गरिबी दर निकालिएको हो। यो विधिलाई दिगो विकासको लक्ष्यमा समेत प्रयोग गरीदै आएको छ। यसअघि केन्द्रीय तथ्यांक विभागले नेपालमा २१ प्रतिशत मात्र गरिबी रहेको दाबी गर्दै आएको थियो।

## सुशासनमा नेपाल

ट्रान्सपरेन्सी इन्टरनेसनलले प्रत्येक वर्ष जारी गर्ने भ्रष्टाचारसम्बन्धी सर्वेक्षण प्रतिवेदनमा नेपाल कम भ्रष्टाचार हुने मुलुकको वर्ष १ सय २२ औं स्थानमा छ। सर्वेक्षणमा १ सय ८० मुलुक सहभागी थिए। गत वर्ष १ सय ७६ मुलुक सहभागी हुँदा १ सय ३१ औं स्थानमा रहेकोमा यो वर्ष सर्वेक्षणमा सहभागी मुलुक बढेसँगै नेपाल १ सय २२ औं स्थानमा पुगेको हो। नेपालले आफ्नो स्थितिमा २ अंकले सुधार गरेको छ। अघिल्लो वर्ष नेपालले २९ अंक प्राप्त गरेकोमा यो वर्ष ३१ अंक प्राप्त गरेको बताइएको छ।

## घुम्नैपर्ने देश

प्रत्येक वर्ष उत्कृष्ट गन्तव्यहरूको सूची सार्वजनिक गर्ने लोन्ली प्लानेटले यो वर्ष नेपाललाई विश्वकै पाँचौं उत्कृष्ट गन्तव्यमा राखेको छ। प्लानेटले सार्वजनिक गरेको यो सूचीमा दक्षिण एसियाबाट नेपाल मात्र परेको हो। प्लानेटको सूचीको पहिलो स्थानमा क्यानाडा, दोस्रोमा कोलम्बिया, तेस्रोमा फिनल्यान्ड, चौथोमा डोमेनिका तथा पाँचौं स्थानमा नेपाल छन्। भ्रमणका लागि प्लानेटले नेपाल भित्रका पनि उत्कृष्ट १० स्थानसमेत छुट्याएको छ।

## समृद्धि सूचकांकमा अगाडि

प्रत्येक वर्ष समृद्धि सूचकांक प्रकाशित हुँदै आएको लेगाटम प्रोस्पेरिटी इन्डेक्स-१७ मा नेपाल ८९ औं स्थानमा छ। आर्थिक रूपमा तीव्र फड्को मारिरहेका दुइ छिमेकी भारत र चीनभन्दा नेपाल अगाडि रहेको उक्त तथ्यांकमा उल्लेख छ। भारत नेपालभन्दा ११ औं स्थान पछि १ सयौं नम्बरमा छ भने चीन नेपालभन्दा १ नम्बर पछि पर्दै ९० औं स्थानमा छ। लेगाटास इन्स्टिच्युटको उक्त अध्ययनमा विश्वका १ सय ४८ देशलाई समेटिएको थियो।

## समावेशी विकास सूचकांक

वर्ल्ड इकोनोमिक फोरमले प्रकाशित गरेको समावेशी विकास सूचकांकमा नेपाल २२ औं स्थानमा छ। ७२ वटा देशलाई समेटेर तयार गरिएको उक्त अध्ययनमा दक्षिण एसियाका अन्य देशहरूलाई पछि पार्दै नेपालको सम्भावना सुदृढ हुँदै गएको देखाइएको छ। अघिल्लो वर्ष समावेशी विकास सूचकांक प्रतिवेदनमा नेपाल २७ औं स्थानमा थियो।

## काठमाडौं आकर्षक

विश्वका पर्यटकीय सहरहरूमध्ये काठमाडौं यात्रुले रुचाउने २३ औं गन्तव्यमा परेको छ। ट्राभल च्वाइस-२०१७ को उक्त सूचीमा इन्डोनेसियाको वाली सहर यात्रुको पहिलो रोजाइमा छ। त्यसैगरी बेलायतको लन्डन, फ्रान्सको पेरिस, इटालीको रोम सहर क्रमशः दोस्रो, तेस्रो तथा चौथो स्थानमा छन्।

## फिफा वरियतामा-१७१ औं

२०१७ को फिफा वरियतामा नेपाल १ सय ७१ औं स्थानमा रह्यो। फिफा वरियतामा यो वर्ष जर्मनी, ब्राजिल, पोर्चुगल, अर्जेन्टिना तथा बेल्जियम टप फाइवमा थिए।

## ऊर्जामा सामान्य

वर्ल्ड इकोनोमीक फोरमले सार्वजनिक गरेको ऊर्जा पहुँच, सञ्चय तथा सुरक्षा सूचकांकमा नेपाल विश्वको ८८ औं स्थानमा छ। यो सूचीको एक नम्बरमा स्विडेन तथा दुई नम्बरमा नर्वे छन्। छिमेकी देश भारत ७८ औं स्थानमा छ भने चीन ७६ औं स्थानमा छ।

## कम खर्चिलो काठमाडौं

विश्वका सहरहरू कति खर्चिला छन् भन्ने विषयमा अध्ययन गर्ने इकोनोमिस्ट डटकमका अनुसार काठमाडौं संसारको १ सय १६ औं महँगो सहर हो। यो सूचीमा सबैभन्दा महँगो सहरका रूपमा सिंगापुर एक नम्बरमा छ। त्यसपछिका महँगा सहरमा क्रमशः हङकङ तथा ज्युरिच छन्।



# ठूला समाचार निर्माता

जनक तिमिल्सिना











वर्ष ०७४ चुनावी वर्षका रूपमा रह्यो । वैशाखदेखि सुरु भएको चुनावी सरगर्मी चैत मध्यसम्मै कायम रह्यो । यो वर्ष मुलुकले राजनीतिक रूपमा ठूला र महत्वपूर्ण कोसेढुंगा पार गर्‍यो । दशक लामो सशस्त्र द्वन्द्व र त्यसपछिको झन्डै अर्को एक दशक लामो शान्ति प्रक्रिया र संक्रमणकालपछि ०७२ मा बनेको नयाँ संविधान अनुरुप संघ, प्रदेश र स्थानीय गरी तीन तहका निर्वाचनहरु सम्पन्न भए ।

२० वर्षपछि तीन चरणमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा जनताको अभूतपूर्व सहभागिता रह्यो । जुन उत्साह संघीय संसद, प्रदेश सरकारको चुनावसम्म पनि देखियो । ०७४ को वैशाख ३१ मा आशंकाका बादलहरूलाई चिर्दै पहिलो चरणमा ३४ जिल्लाका २ सय ८३ स्थानीय तहमा निर्वाचन सम्पन्न भयो । दोस्रो चरणमा १४ असारमा ३५ जिल्लाका ३ सय ३४ स्थानीय तहमा सम्पन्न भएको थियो भने तेस्रो चरणमा प्रदेश नम्बर २ का ८ जिल्लाका १ सय ३६ स्थानीय तहको निर्वाचन निर्वाचन भयो । त्यसपछि, यसै वर्ष संघ र प्रदेशका दुई ठूला निर्वाचन पनि सम्पन्न भए ।

८ मंसिरमा पहिलो चरणमा हिमाली र उच्च पहाडी क्षेत्रका ३२ जिल्ला तथा २१ मंसिरमा पहाडी र तराईका ४५ जिल्लामा चुनाव सम्पन्न भयो । प्राप्त ताजा जनादेशका आधारमा तीनै तहका सरकारहरुसमेत निर्माण भए । यसबाहेक मुलुकको सामाजिक, आर्थिक एवं सांस्कृतिक जीवनका पाटाहरुमा पनि विभिन्न सकारात्मक तथा नकारात्मक घटनाहरु घटिरहे ।

थोरै भए पनि समाजमा त्यस्ता नायकहरुको उदय भयो, जसले सिंगो समाजलाई उज्ज्वल भविष्यको सपना देख्न प्रेरित गरे । समाजमा उपलब्धि, सत्कार्य र सकारात्मक प्रयासका कारण केहीले वर्षभरि नै मुलुक तथा आम नागरिकको जीवनलाई प्रभावित तरल्याइरहे । केही पात्र सकारात्मक कर्मका कारण त केही असफलता र नकारात्मक कर्मका कारण 'न्युजमेकर्स' बनिरहे । साप्ताहिकले वर्ष ०७४ मा समाजमा सकारात्मक प्रयासका कारण चर्चामा रहेकाहरुलाई 'वर्षका १२' का रूपमा प्रस्तुत गरेको छ ।

## सन्दीप लामिछाने

क्रिकेटर सन्दीप लामिछाने ०७४ मा सर्वाधिक चर्चामा रहने खेलाडी हुन् । चितवनका १७ वर्षीय युवा गुगली बलर सन्दीप संसारकै ठूलो, लोकप्रिय तथा महंगो ट्वान्टी-२० क्रिकेट लिग इन्डियन प्रिमियर लिग (आइपिएल)मा अनुबन्धित हुने पहिलो नेपाली खेलाडी भएका छन् । उनी वेस्ट इन्डिजको क्यारेबियन लिग (सीपीएल)मा समेत अनुबन्धित भए । नामिबियामा गत फ्रेबुअरीमा सम्पन्न विश्व क्रिकेट लिग डिभिजन-२ मा कैयौं खारिएका खेलाडीलाई छायाँमा पार्दै लिडिङ विकेट टेकरका रूपमा प्लेयर अफ द टुर्नामेन्ट घोषित भएका सन्दीप आफ्ना यिनै ठूला उपलब्धिहरूका कारण वर्षभरि नै समाचारमा रहे ।

## केपी शर्मा ओली

वर्ष ०७४ का सर्वाधिक ठूला न्युमेकर्स कोही थिए भने ती प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओली नै हुन् । ओली ०७२ मा नेपालमा नयाँ संविधान जारी भएपछि भारतले लगाएको नाकाबन्दीविरुद्ध दह्रो रूपमा उभिँदै राष्ट्रवादी नेताको छविमा उदाए । ओलीको त्यही छवि र प्रभावशाली संगठनकै बलमा एमाले संघ, प्रदेश तथा केन्द्र तीनवटै निर्वाचनमा पहिलो पार्टी भयो । स्थानीय तहको निर्वाचनमा एक्लै राजनीतिक मैदानमा उत्रिएको एमालेले कांग्रेस-माओवादी गठबन्धन सरकारलाई देशैभरि टक्कर दियो । स्थानीय तहको निर्वाचनपछि आफ्नो स्थिति आँकलन गरेका ओलीले माओवादी केन्द्रलाई कांग्रेसबाट अलग्याउने रणनीतिक चाल चाले । परिणामस्वरूप: दसैंको छेको पारेर एमाले-माओवादी दुई ठूला कम्युनिस्ट पार्टीबीच वाम गठबन्धन घोषणा मात्र भएन, पार्टी एकीकरण गर्ने प्रक्रिया समेत अघि बढ्यो । वाम गठबन्धनको बनाएर संघ र प्रदेशको निर्वाचन प्रतिस्पर्धामा उत्रिएका एमाले-माओवादीले आरामदायक बहुमतसहित संघीय र सात वटामध्ये ६ वटा प्रदेशमा सरकार गठन गरे । ओली त्यही बाम गठबन्धनको सरकारका प्रधानमन्त्री बनेर सिंहदरबारमा प्रवेश गरे । अझ रोचक त के भने ओलीले आफू र आफ्नो दलसँग असन्तुष्ट मधेशी दलहरू राजपा र फोरमको समेत समर्थन हासिल गर्न सके जसले उनलाई तीन चौथाइको समर्थनमा प्रधानमन्त्री बन्ने अवसर जुरायो ।

## सीताराम कट्टेल 'धुर्मुस'-कुन्जना घिमिरे 'सुन्तली'

पेसाले हास्यकलाकार हुन्– सीताराम कट्टेल 'धुर्मुस' र कुन्जना घिमिरे 'सुन्तली' । यद्यपि पछिल्ला वर्षमा समाजसेवाका क्षेत्रमा मानकका देखिएको यो जोडी वर्षभरि नै समाचार छाइरह्यो । सिन्धुपाल्चोकको गिरान्चौर र काभ्रेको पाँचखालमा नमुना बस्ती निर्माण गरेर चर्चामा आएको यो जोडीले ०७४ मा महोत्तरीको बर्दिवास–२ मा गरिबीको चपेटामा रहेको मुसहर समुदायका लागि एकीकृत बस्ती निर्माण गरेर हस्तान्तरण गर्‍यो भने गत साउनमा आएको बाढीले बगाएको रौतहटको सन्तपुरमा अर्को बस्ती निर्माण गर्‍यो । 'नमुना नेपाल' नामक एकीकृत वस्ती निर्माणको ड्रिम प्रोजेक्टमा काम गरिरहेको यो जोडीमाथि नेपाली क्रिकेट टिमले एकदिवसीय मान्यता पाएसँगै अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम बनाउनुपर्ने सामाजिक दबाब बढ्यो । त्यसपछि धुर्मुस-सुन्तलीले गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट स्टेडियम निर्माण गर्ने घोषणा गरेका छन् । जलमग्न क्षेत्रमा पुगेर बाढी पीडितको उद्धारमा धुर्मुसले देखाएको सक्रियताले समेत सामाजिक सञ्जालमा प्रसस्त चर्चा बटुलेको थियो ।

## सुशीला कार्की

हक्की स्वभावकी न्यायमूर्ति हुन्– पूर्व प्रधान न्यायाधीश सुशीला कार्की । सर्वोच्चमा अदालतमा प्रधान न्यायाधीश रहँदा उनले भ्रष्टाचारविरुद्धका मुद्दाहरूमा सुनुवाइ गर्ने अग्रसरता लिइन् । नेपाल प्रहरीको बहुचर्चित आइजीपी प्रकरणमा सर्वोच्च र सरकार अलग-अलग ध्रुवमा उभिए । सर्वोच्चमा थिति बसाल्न र न्यायसम्पादनलाई स्वतन्त्र राख्न उनले खेलेको भूमिकाको सबैले प्रशंशा गरे । कार्कीले अवकाश प्राप्त गर्ने दिन बाँकी रहँदा नेपाली कांग्रेस र माओवादी सांसदहरूले संसदमा महाअभियोग दर्ता गराए, पछि सर्वोच्चले अन्तिम आदेश दिएपछि उनको अवकाश नियमित प्रक्रिया अनुसार भयो । त्यसपछि उनी सर्वोच्च र त्यहाँको न्यायसम्पादन प्रक्रियासँग जोडिएर निरन्तर चर्चामा रहँदै आएकी छिन् ।

## डा. गोविन्द केसी

नागरिक अभियन्ता डा. गोविन्द केसी चिकित्सा शिक्षा र अदालतसँग जोडिएर निरन्तर चर्चामा रहे । उनले गत साउनमा आफ्नो ११ औं अनशन २३ औं दिनमा तोडे । असोजमा १२ औं पटक अनशन बसे, नेपालीहरूको महान् पर्व दसैं आएकाले उनले तीन दिनमै उक्त अनशन टुंग्याएका थिए । त्यसलगतै १९ असोजमा उनी १३ औं पटक अनशन बसेपछि सरकारसँग अध्यादेशमार्फत चिकित्सा शिक्षा विद्येयक ल्याउनेसहित १० बुँदेसहमति भयो, फलस्वरूप उनले १४ औं दिनमा उक्त अनशन टुंग्याएका थिए ।

त्यसपछि उनी तत्कालीन प्रधान न्यायाधीश गोपाल पराजुलीको राजीनामाको माग गर्दै १४ औं पटक अनशन बसे । उनले जारी गरेको विज्ञप्ति र दिएको अभिब्यक्तिले सर्वोच्चको मानहानी भएको भन्दै २४ पुसमा उनलाई अनशनस्थलबाटै पक्राउ गरियो । त्यसपछि आफूविरुद्ध सर्वोच्चमा



**शेरबहादुर देउवा**
पूर्व प्रधानमन्त्री तथा सभापति नेपाली कांग्रेस

नेपाली कांग्रेसको निर्वाचन पराजयका कारण ।



**रेखा थापा**
अभिनेत्री, निमात्री, निर्देशक तथा केन्द्रीय सदस्य राप्रपा (प्र.)

चलचित्र र राजनीति कतै चल्न सकिनन् ।



**गोपाल पराजुली**
पूर्व प्रधान न्यायाधीश, सर्वोच्च अदालत

नागरिकता र शैक्षिक प्रमाणपत्र विवादका कारण ।



**चूडामणि शर्मा**
महानिर्देशक, आन्तरिक राजस्व विभाग


अहिलेसम्मकै सबैभन्दा ठूलो भ्रष्टाचार काण्डमा मुछिएपछि ।




**गोपाल खड्का**
कार्यकारी निर्देशक, आयल निगम

अनियमितताको पर्यायका रुपमा देखिएकाले ।










परेको मानहानी मुद्दासँगै केसी निरन्तर समाचार बनिरहे ।

## लालबाबु पण्डित

सामान्य प्रशासनमन्त्री हुँदा डिभी र पीआरधारी कर्मचारीलाई कानुनी दायरामा ल्याएर चर्चामा आएका थिए– लालबाबु पण्डित । त्यसयता निरन्तर न्युजमेकर्सको छविमा देखिन्छन्, उनी । संघीय चुनावमा नेपाली कांग्रेसका प्रभावशाली नेता डा. शेखर कोइरालालाई मोरङ–६ मा पराजित गरेपछि उनी थप चर्चामा आए । केपी ओली नेतृत्वको सरकारमा पहिलो रोजाइमै मन्त्री भएका पण्डितले केही दिन

वातावरण मन्त्रालयको जिम्मेवारी पाएपछि एक वर्षमै काठमाडौं मास्कमुक्त सिटी बनाउन घोषणा गरेर वातावरण तताए । अहिले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सम्हालिरहेका पण्डित काम गर्न सरकारले तोकेको ठाउँमा नजाने कर्मचारीलाई कारवाही गर्ने अडानमा छन् भने कर्मचारीहरूको स्वेच्छिक अवकाश खारेज गरेर पनि चर्चामा आएका छन् ।

## रज्जु दर्शना

काठमाडौं महानगरपालिकाबाट मेयरमा चुनाव लड्ने सबैभन्दा कान्छी उम्मेदवार भएपछि रज्जु दर्शना चर्चामा आइन् । २१ वर्षकै उमेरमा महानगरको मेयरका लागि विवेकशील पार्टीका तर्फबाट उम्मेदवारी दिएकी रज्जुले 'सुन्दर र सभ्य सहर'लाई आफ्नो चुनावी नारा बनाइन् । उनले कसैले आँकलन नगरेको २३ हजारभन्दा बढी मत पाएपछि उनको चर्चा थप चुलियो । सरल स्वभावकी रज्जु २०५२ सालमा काठमाडौंमा जन्मिएकी हुन् । राजनीतिप्रति युवाहरूको मोह भंग भैरहेको बेला रज्जुको सकारात्मक सोच र साहसको सर्वस्त्र प्रशंसा हुने गरेको छ । रज्जु त्यसयता निरन्तरजसो चर्चामा छिन् ।

## डा. सन्दुक रुइत

सस्तो मूल्यमा गुणस्तरीय इन्ट्रा अकूलर लेन्स 'आइओएल' ७० भन्दा बढी देशमा उपलब्ध गराएर तथा मोतीबिन्दुले ज्योति गुमाएका मानिसको ज्योति फर्काउने कार्यका लागि विश्वभर प्रसिद्धि कमाएका छन्– डा. सन्दुक रुइतले । उनको नेतृत्वमा स्थापित तिलगंगा आँखा प्रतिष्ठानलाई विश्वकै नमुना आँखा अस्पताल मानिन्छ । विश्वबजारमा सस्तो र गुणस्तरीय आइओएल लेन्स उत्पादनका लागि ख्यातिप्राप्त तिलगंगा आँखा अस्पतालका संस्थापक डा. रुइतले विशिष्ट तथा असाधारण उपलब्धि हासिल गर्ने व्यक्तिहरूलाई भारत सरकारले प्रदान गर्ने पद्मश्री सम्मान प्राप्त गरे जसले उनलाई थप चर्चामा ल्यायो ।

## पुष्पकमल दाहाल

माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' बेला-बेलामा अस्थिर राजनीतिका खेलाडीजस्ता पनि देखिन्छन् । नेपाली कांग्रेसको समर्थनमा ०७३ साउनमा प्रधानमन्त्री बनेका दाहालले ०७४ वैशाखमा २० वर्षयता हुन नसकेको स्थानीय तहको पहिलो चरणको निर्वाचन गराए । जेठमा उनले कांग्रेस सभापति शेरबहादुर देउवासँग भएको सहमति बमोजिम सत्ता हस्तान्तरण गरे । कांग्रेससँग गठबन्धन सरकारमै रहेका बेला १७ जेठमा प्रचण्ड एमालेसँग पार्टी एकता गर्ने निर्णयमा पुगे । जसका कारण चुनावी परिणाम पनि बाम गठबन्धनकै पक्षमा आयो । एमालेसँगको पार्टी एकता र सत्ताको किङमेकरका रूपमा दाहाल वर्षभरि नै समाचारमा छाइरहे ।

## अयोधीप्रसाद यादव

वर्ष २०७४ मा सम्पन्न तीन तहको निर्वाचनमा मुख्य कमान्डर नै हुन्– निर्वाचन आयोगका प्रमुख निर्वाचन आयुक्त अयोधीप्रसाद यादव । उनकै नेतृत्वमा निर्वाचन आयोगले विविध जटिलता चिर्दै संघ, प्रदेश तथा स्थानीय तहका निर्वाचन सफलतापूर्वक सम्पन्न गऱ्यो । कम समय, मौसमी जटिलता, राजनीतिक दलहरूको द्वन्द्वकाबीच तिनै तहका निर्वाचन सम्पन्न गर्नु आफैंमा ऐतिहासिक अभिभारा थियो । ८ माघसम्ममा तिनै तहका निर्वाचन सम्पन्न गरिसक्नुपर्ने जिम्मेवारी उनकै नेतृत्वमा रहेको आयोगले सफलतापूर्वक सम्पन्न गऱ्यो भने अहिले राष्ट्रियसभाको निर्वाचनदेखि राष्ट्रपतिदेखि सबै संवैधानिक एवं कार्यकारी पदका निर्वाचनहरू पनि सम्पन्न भैसकेका छन् । तर, निर्वाचनका क्रममा आर्थिक अनियमितताको गरेको आरोपमा पनि उनीमाथि लागेको छ ।

## रेणु दाहाल

रेणु दाहाल मुलुकका ६ वटा महानगरमध्येको एक भरतपुर महानगरपालिकाकी मेयर हुन् । पहिलो चरणमा सम्पन्न स्थानीय तहको निर्वाचनमा मेयरको उम्मेदवार भएदेखि नै रेणु निरन्तरको चर्चामा आइन् । कारण उनी माओवादी अध्यक्ष पुष्पकमल दाहालकी माइली छोरी हुन् । पहिलो चरणको स्थानीय तहको निर्वाचनताका दाहाल कांग्रेसको समर्थनमा प्रधानमन्त्री थिए । उनले कांग्रेससँग एमाले विरुद्ध केही ठाउँमा गठबन्धन पनि गरे । कांग्रेसको प्रभावशाली उपस्थिति भएको चितवनको भरतपुर महानगरमा दाहालले आफ्नी पुत्री रेणुलाई उम्मेदवार बनाए । रेणुका विरुद्ध एमाले उम्मेदवार देवी ज्ञवाली चुनावी मैदानमा थिए तर, मतगणना अन्तिम अवस्थामा नपुग्दै पराजित हुने देखेपछि माओवादी कार्यकर्ताले मध्यरातमा १९ नम्बर वडाको मतपत्र च्याते । जसका कारण केही दिन मतगणना स्थगित मात्र गरियन्, मतपत्र च्यातिएको वडामा पुनः मतदान गरियो र त्यसकै बलमा रेणु महानगरको मेयरमा विजयी भइन् ।

## रवीन्द्र मिश्र

बीबीसी नेपाली सेवाका पूर्व प्रमुख रवीन्द्र मिश्र राजनीतिक मैदान उत्रिएर चर्चामा आए । परोपकारी पत्रकारिताको वकालत गर्ने मिश्रले बीबीसीबाट राजीनामा दिएर चुनावको मुखैमा आफ्नै संयोजकत्वमा साझा पार्टी गठन गरे । भारतमा वैकल्पिक शक्तिका रूपमा उदाएका केजरीवालकै शैली पछ्याउँदै उनको नेतृत्वको साझा पार्टीले स्थानीय तहको निर्वाचनमा भाग लियो, तर अपेक्षाकृत नतिजा हासिल गर्न सकेन् । त्यसपछि उनले विवेकशील पार्टीसँग एकता गरे । संघीय र प्रदेशसभा निर्वाचनमा विवेकशील र साझा एउटै पार्टीका रूपमा चुनावी प्रतिस्पर्धामा ओर्लिए । 'यस पटक संसदमा अर्को पटक सरकारमा' नारा दिँदै रवीन्द्र स्वयंम काठमाडौं-१ बाट संघीय चुनावको उम्मेदवार भए । यद्यपि कडा प्रतिस्पर्धाका बीच उनी नेपाली कांग्रेसका नेता प्रकाशमान सिंहसँग पराजित हुन पुगे ।

## डा. विशाल ज्ञवाली

क्यान्सर रोगको उपचारमा पुऱ्याएको योगदानका कारण विश्वभर चिनिएका पछिल्लो पुस्ताका चिकित्सक हुन्– रुपन्देहीका ३० वर्षीय डा. विशाल ज्ञवाली । उनी मेडिकल अंकोलोजीमा कम उमेरमा पिचएडी गर्ने चिकित्सक पनि हुन् । यही कारणले उनलाई सारा संसारले कम उमेरमा क्यान्सर रोगको अनुसन्धान गर्ने व्यक्तिका रूपमा चिन्छन् । डा. ज्ञवालीले जापानको नागोया युनिभर्सिटीबाट मेडिकल अंकोलोजीमा पिचएडी पूरा गरेका हुन् । २०५९ सालको एसएलसीका बोर्ड फस्ट विशालले त्रिभुवन विश्वविद्यालयको चिकित्साशास्त्र अध्ययन संस्थानमा छात्रवृत्तिमा एमबीबीएस अध्ययन गरे । सन् २०१२ मा ज्ञवालीले जापानमा अंकोलोजी विषय अध्ययन गर्ने छात्रवृत्ति पाए । सन् २०१७ मा नायोगा युनिभर्सिटीबाट पिएचडी पूरा गरेका उनले नायोगामै अध्ययनका क्रममा ५० भन्दा बढी अनुसन्धानमुलक रिपोर्ट प्रकाशित गरिसकेका छन् ।





# वि.सं. २०७५ सालको वार्षिक राशिफल

हरिहर अधिकारी
(ज्योतिषी)

यो वर्ष ग्रहहरूमा राजाको भूमिका सूर्य ग्रहले तथा मन्त्रीको भूमिका शनि ग्रहले निर्वाह गरेका छन् । यी दुई ग्रहबीच शत्रुताको भावना हुने भएकाले यसलाई त्यति फलदायक मानिँदैन । राजनीतिक क्षेत्रमा दलहरूबीचको किचलो बढ्ने देखिन्छ । दलहरूभित्रकै अस्थिरता तथा खिचातानीले देशको सिर्जनात्मक विकासमा अवरोध खडा गर्नसक्छ । आर्थिक विकासको सम्भावना भने राम्रो छ । वैदेशिक सहायतामा उल्लेख्य वृद्धि हुनेछ, तर त्यसको कार्यान्वयनमा प्रभावकारिताको अभाव देखा पर्नेछ । सरकारबाट नयाँ नियम-कानुनहरू लागू गर्ने प्रयास हुनेछ, तर ती नियम-कानुनको विरोध समेत हुनेछ । विद्यमान समस्याहरू पनि सल्टिन गाह्रो छ । छिमेकीहरूसँगको सम्बन्ध सामान्य रहनेछ । सूर्य राजा भएका कारणले राजसंस्थाको स्पेशका लागि पहल हुने सम्भावना देखिन्छ, तर मन्त्री शनिका कारणले गर्दा वैदेशिक हस्तक्षेपको सम्भावना पनि उत्तिकै छ । ०७५ सालको असारदेखि देशको आर्थिक स्थिति राम्रो हुँदै जानेछ भने पुसपछि आर्थिक स्थितीमा पुन: समस्या देखिनेछ । बैंकिङ क्षेत्रमा बाधाको योग छ, कृषिक्षेत्रले सफलता दिलाउनेछ । ऊर्जा सामान्य रहनेछ । वैदेशिक रोजगारी पनि अनुकूल नै छ । पर्यटकहरूको आगमन राम्रै भए पनि त्यसबाट राज्यको आय वृद्धि हुने देखिँदैन । समाजमा हत्या, बलात्कार तथ लुटपाटका घटनाहरू नियन्त्रण नै नभए पनि रोकथाममा उल्लेख्य प्रगति हुनेछ । धार्मिक, सामाजिक एवं परोपकारको क्षेत्रमा नेपालले राम्रै उपलब्धि हासिल गर्नेछ । समाजका केही व्यक्तिले अन्तर्राष्ट्रिय क्षेत्रमा सफलता एवं सम्मान प्राप्त गर्ने सम्भावना छ । नयाँ रोगहरू देखा पर्न सक्छन् । यद्यपि स्वास्थ्य क्षेत्रमा ठूलो प्रगति हुनेछ । ०७५ भदौपछि नेपालले खेलकुदमा ठूलो सफलता प्राप्त गर्नेछ । असोजपछि मनोरञ्जन उद्योगमा समेत राम्रो विकास देखिनेछ । विज्ञान प्रविधिमा नयाँ कामहरू हुनेछन् तर त्यसलाई अन्तर्राष्ट्रिय जगत्मा चिनाउन सकिनेछैन । समाजमा विपत्ति, दुर्घटना, प्राकृतिक प्रकोप एवं अन्य अप्रिय घटनाको सम्भावना पनि प्रबल छ । विशेषगरी पुस र असार महिना जोखिमपूर्ण छन् । देशका उच्चपदस्थ महिलाहरूका लागि समय अनुकूल देखिँदैन ।

## मेष

मेष राशि हुनेहरूका लागि ०७५ साल सामान्य छ । मेष राशिमा मंगलको प्रभावका कारण स्वास्थ्यप्रति सचेत हुनुपर्नेछ । वैदेशिक अध्ययन एवं करिअर निर्माणमा राम्रो अवसर छ । व्यापारमा भने अस्थिरता देखा पर्न सक्छ । स्वास्थ्य क्षेत्रमा लागेकाहरूका लागि यो वर्ष निकै फलदायी रहनेछ । मनोरञ्जन क्षेत्रका व्यक्तिहरूका लागि वर्ष सामान्य नै रहनेछ । असार महिना बढी लायदायक हुनेछ भने माघ महिना केही खराब देखिन्छ । वैवाहिक सम्बन्ध उतारचढावपूर्ण रहनेछ । प्रेमसम्बन्धमा विछोडको योग छ । मंगलबारको दिन शुद्ध रहनु राम्रो हुन्छ ।

**शुभ रंग** : सुन्तला, **बार** : बिहीबार, **दिशा** : उत्तर,
**महिना** : असार, कात्तिक तथा वैशाख, **अंक** : १, ३ र ७ ।

## वृष

वृष राशि हुनेहरूलाई राहुले प्रभावित तुल्याउनेछ, जसका कारण यो वर्ष चोटपटक लाग्न सक्छ । राहुले यो राशिका स्वामीलाई साहू बनाउने भएकाले यसको सकारात्मक प्रभाव पनि उत्तिकै छ । विद्यार्थीहरूका लागि यो वर्ष केही गाह्रो छ । मन अस्थिर हुने भएकाले त्यसको प्रभाव कम गर्न शनिबार शुद्ध रहनुहोला । कालो रंग प्रयोग नगर्नुहोला । वैवाहिक सम्बन्ध सामान्य देखिन्छ । आफन्तहरूसँग टाढा हुनुपर्ने योग छ । राहुका कारण आँखा, नाक, कान, घाँटी आदिमा समस्या सिर्जना हुनसक्छ । ग्रह शान्तिका लागि सूर्यलाई हरेक दिन जल चढाउनुहोला ।

**शुभ रंग** : खैरो, **बार** : सोमबार, **दिशा** : पूर्व,
**महिना** : साउन तथा कात्तिक, **अंक** : ४ र ७ ।

## मिथुन

सरकारी सेवामा भएका मिथुन राशिका व्यक्तिहरूका लागि वर्ष-२०७५ मा सूर्यको प्रभाव राम्रो भएका कारणले मान-सम्मान एवं पदोन्नतिको योग छ । मनोरञ्जनको क्षेत्र पनि फाइदाजनक छ । प्रेमसम्बन्धमा रहेका बाधा, आशंका तथा अवरोधहरू हट्नेछन् । वैवाहिक सम्बन्ध पनि सामान्य नै रहनेछ । पेटसम्बन्धी रोगको सम्भावना भएकाले खानपिनमा ध्यान पुऱ्याउनु होला । अध्ययनका लागि वैदेशिक यात्रा हुनसक्छ । स्वास्थ्य क्षेत्रमा रहेकाहरूलाई सफलता प्राप्त हुनेछ । पारिवारिक सम्बन्ध राम्रो छ तर आमाले भनेको कुरा मानेर अघि बढ्नु अझ फलदायक हुन्छ ।

**शुभ रंग** : हरियो, **बार** : बुधबार, **दिशा** : उत्तर,
**महिना** : भदौ तथा जेठ, **अंक** : २ र ५ ।

## कर्कट

वकालत तथा आमसञ्चारसँग सम्बन्धित विषय अध्ययन गर्नेहरूका लागि वर्ष फलदायक छ । विदेशमा भन्दा स्वदेशमै उपलब्धि हासिल गर्न सकिनेछ । नयाँ व्यापार व्यवसाय सुरु गर्न असोजपछि राम्रो साइत छ । प्रेम सम्बन्धमा नभएकाहरूको नयाँ सम्बन्ध गाँसिनेछ भने प्रेम एवं वैवाहिक सम्बन्धमा रहनेहरूको दैनिकी सामान्य रहला । बायाँ हात र बायाँ खुट्टामा सामान्य चोटपटक लाग्ने सम्भावना छ । साहित्यिक क्षेत्रका लागि यो वर्ष उपलब्धिमूलक देखिन्छ । साझेदारीमा व्यवसाय नगर्नुमै आफ्नो भलाइ छ ।

**शुभ रंग** : रातो, **बार** : आइतबार, **दिशा** : पूर्व,
**महिना** : असोज तथा कात्तिक, **अंक** : ३ र ७ ।

## सिंह

सिंह राशिका लागि बृहस्पतिको प्रभाव सकारात्मक रहनेछ । शैक्षिक क्षेत्रमा लागेका व्यक्तिहरूका लागि वर्ष निकै लाभदायक हुनसक्छ । वैवाहिक एवं प्रेम सम्बन्ध पनि निकै राम्रो छ । यो वर्ष जन्म लिने सन्तान शुभ लक्षण लिएर जन्मनेछन् । सामान्य खालका कानुनी समस्या आइपर्न सक्छ, जसको समाधानका लागि शुक्र ग्रहको उपासना गर्नु उपयुक्त हुन्छ । शुक्रबार शुद्ध रहने, सेतो रंगका वस्त्र प्रयोग गर्ने तथा सातमुखे रुद्राक्ष धारण गर्नाले समस्याबाट जोगिन सकिनेछ । पारिवारिक सम्बन्धका दृष्टिकोणले पनि यो वर्ष सामान्य नै रहनेछ भने साथीभाइहरूसँगको सम्बन्ध त्यति फलदायक देखिँदैन ।

**शुभ रंग** : पहेंलो, **बार** : बिहीबार, **दिशा** : दक्षिण-पूर्व,
**महिना** : कात्तिक तथा वैशाख, **अंक** : १ र ७ ।

## कन्या

यो वर्ष स्वास्थ्यमा केही समस्या देखापर्न सक्छ । मंगलबार शुद्ध रहनु लाभदायक हुन्छ । व्यापार-व्यवसाय गर्नेहरूले मंसिर अघि नयाँ लगानीमा हात हाल्नु उचित हुँदैन । विद्यार्थीहरू मंसिरपछि मात्र पढाइमा जागरुक हुनेछन् । शिक्षाका लागि वैदेशिक यात्रा हुने योग छ । वैवाहिक सम्बन्ध सामान्य रूपमा अघि बढ्नेछ । प्रेम सम्बन्धमा समस्या देखिन्छ । प्रेमी-प्रेमिकाले आ–आफ्नो घरमा सुत्दा सिरानी दक्षिण दिशामा र उत्तर पूर्वको कोठामा सुत्ने व्यवस्था मिलाउन सके शुभ फल प्राप्त गर्नेछन् । परिवारमा रोगव्याधि बढ्ने सम्भावना देखिन्छ । सरकारी तथा निजी दुवै क्षेत्रको जागिर सामान्य नै रहला ।

**शुभ रंग** : नीलो, **बार** : आइतबार, **दिशा** : पूर्व,
**महिना** : मंसिर तथा फागुन, **शुभ अंक** : ८ र ११ ।

## तुला

मंगल तथा शनिको प्रभावले वैवाहिक सम्बन्धमा विवाद, मनमुटाव तथा सम्बन्ध-विच्छेद आदिजस्ता समस्या सिर्जना हुने देखिन्छ । सम्बन्ध सुमधुर तुल्याउन मंगलबार र शनिबार शुद्ध रहनु होला । अन्तरजातीय प्रेम सम्बन्धमा रहेकाहरूका लागि वर्ष-२०७५ फलदायी छ । सुन-चाँदी तथा गरगहनासम्बन्धी व्यापारले राम्रो लाभ दिनेछ । चोटपटकको योग छ, यात्रा गर्दा सावधानी अपनाउनु होला । इन्जिनियरिङ, कम्प्युटर तथा सिए अध्ययनरतहरूका लागि वर्ष राम्रो छ । पारिवारिक जिम्मेवारीमा वृद्धि हुने देखिन्छ । समाधानका लागि रातो रंगको प्रयोग गर्ने तथा सूर्यलाई जल चढाउने ।

**शुभ रंग** : सुन्तला र रातो, **बार** : शुक्रबार, **दिशा** : दक्षिण र पश्चिम, **महिना** : पुस तथा असार, **अंक** : ९ र ३ ।

## वृश्चिक

अध्ययनमा समस्या देखिएला । समाधानका लागि बिहीबार शुद्ध रहनुका साथै नौमुखे रुद्राक्ष प्रयोग गर्ने । १५ वर्षभन्दा मुनिका नारी-पुरुषले घाँटी तथा पेटको समस्या सामना गर्नुपर्ने हुनसक्छ । शनिबार शुद्ध रहनुहोला । कालो रंग प्रयोग गर्नु उपयुक्त हुँदैन । हरेक दिन विहान खाली पेटमा एक चम्चा पञ्चामृतको सेवनले स्वास्थ्य सकारात्मक राख्न मद्दत पुऱ्याउनेछ । वैवाहिक सम्बन्धमा गाँसिएकाहरू कामको सिलसिलामा एक-अर्काबाट टाढा रहनु पर्नेछ । प्रेम सम्बन्धमा तेस्रो व्यक्तिका कारण झमेला उत्पन्न हुन सक्छ, सचेत रहनुहोला । व्यापार-व्यवसाय सामान्य देखिन्छ भने जागिरमा तनावको सामना गर्नुपर्ला ।

**शुभ रंग** : हरियो र पहेंलो, **बार** : मंगलबार, **दिशा** : पश्चिम,
**महिना** : माघ, **अंक** : १० ।

## धनु

धनु राशिका लागि वर्ष सामान्य रहनेछ । वैदेशिक रोजगारीमा जानेहरूका लागि उत्तम साइत छ । धनु राशिमा राहुको दृष्टिले गर्दा सन्तानप्राप्तिमा बाधा उत्पन्न हुन सक्ने भएकाले बिहीबार शुद्ध रहनुहोला । राहुका लागि आठमुखे रुद्राक्ष प्रयोग गर्नु फाइदाजनक हुन्छ । धनु राशिका विद्यार्थीहरूका लागि प्राविधिक क्षेत्र निकै राम्रो छ भने स्वदेशमै अध्ययन गर्नु उपयुक्त देखिन्छ । सवारी साधन किनबेचका लागि पनि समय उत्तम छ । चिट्ठा, लोटरी, उपहार आदिबाट धन लाभको योग पनि उत्तिकै छ । वैवाहिक सम्बन्धमा तनाव भए पनि त्यसले हानि गर्नेछैन । प्रेम सम्बन्धमा भने मनमुटाव र विछोडको योग छ । व्यवसाय सामान्य नै रहला, अर्धसरकारी तथा समाजसेवाको क्षेत्रका जागिरेहरूका लागि समय उत्तम छ ।

**शुभ रंग** : सेतो, **बार** : सोमबार, **दिशा** : पूर्व,
**महिना** : साउन तथा पुस **अंक** : ३ र ५ ।

## मकर

चन्द्रमा र बुधको प्रभावका कारण वर्ष शुभ छ । मन चञ्चल रहनेछ भने मानसिक तनाव तथा व्यापारमा आकस्मिक प्रगतिको सम्भावना छ । फलाम तथा माटोसँग सम्बन्धित व्यवसाय उत्तम छ । विद्यार्थीका लागि म्यानेजमेन्ट तथा बिजनेस स्टडीको क्षेत्र फलदायक देखिन्छ । प्रेम रहेकाहरूबीच विवाहको योग छ भने प्रेम सम्बन्धमा नरहेकाहरूको प्रेम सम्बन्ध गाँसिने सम्भावना छ । वैवाहिक एवं पारिवारिक सम्बन्ध सन्तोषजनक रहनेछ । असोजदेखि जागरिमा पदोन्नति हुनुका साथै सम्भावनाका नयाँ ढोका खुल्नेछन् । विदेशमा भएकाहरूका लागि वर्ष लाभदायक रहनेछ । यद्यपि वैदेशिक यात्रा तय गर्नेहरूका लागि भने गाह्रो समय छ । दिदीबहिनी तथा दाजुभाइबीचको सम्बन्ध तनावपूर्ण हुनसक्छ ।

**शुभ रंग** : पहेंलो र प्याजी, **बार** : सोमबार, **दिशा** : दक्षिण र उत्तर, **महिना** : जेठ तथा असार, **अंक** : २ र ३ ।

## कुम्भ

राजनीतिक क्षेत्रमा ठूलो सफलता प्राप्त हुने देखिन्छ । सूर्य र शुक्रको संयोजनका कारण राजनीतिसहित कलाको क्षेत्रमा पनि राम्रै उपलब्धि हात पर्नेछ । सरसामान हराउने, चोरी हुने तथा झूटा आरोप खेप्नुपर्ने हुन सक्छ । सरकारी सेवामा रहेकाहरूका लागि वर्ष उत्तम छ । साइत हेरेर हवाई यात्रा गर्दा सुरक्षित रहन सहयोग पुग्नेछ । कपडा, कस्मेटिक, बालबालिका तथा महिलाहरूका लागि आवश्यक सरसामानको व्यवसायमा राम्रो सम्भावना छ । विद्यार्थीहरूले नयाँ-नयाँ अवसर प्राप्त गर्ने छन् । वैवाहिक सम्बन्ध सन्तोषजनक रहनेछ भने आफूभन्दा बढी उमेरको व्यक्तिसँग प्रेमसम्बन्ध गाँसिन सक्छ, त्यसरी गासिएको सम्बन्ध राम्रो समेत हुनेछ । मुटु, छाती तथा नसासँग सम्बन्धित समस्या सिर्जना हुन सक्छ ।

**शुभ रंग** : नीलो, **शुभ** : बुधबार, **शुभ** : पूर्व र दक्षिण,
**महिना** : वैशाख, **अंक** : १ र ९ ।

## मीन

पश्चिम दिशाको विदेश यात्राको योग छ । जागिरबाट पनि विदेश भ्रमण हुनसक्छ । यो वर्ष घुमफिरमा राम्रै धन खर्च हुनेछ । व्यापार-व्यवसाय गर्नेहरूका लागि भदौपछिको समय उत्तम छ । व्यापार-व्यवसायको नामाकरण दिदीबहिनी अथवा आमाको नामबाट गर्नु उपयुक्त हुन्छ । तुला तथा मीन राशि हुनेहरूसँग राम्रो सम्बन्ध रहनेछ । प्रेमी-प्रेमिकाबीच सबै क्षेत्रमा राम्रो साथ एवं सहयोग हुने भएकाले सम्बन्ध प्रगाढ हुनेछ । वैवाहिक सम्बन्ध सामान्य नै देखिन्छ । आमाबुवाहरूले आफ्ना सन्तानबाट राम्रो साथ एवं सहयोग पाउनेछन् । मेडिकल, नर्सिङ तथा कृषि अध्ययनरत विद्यार्थीहरूका लागि वर्ष उत्तम रहला । हड्डीसँग सम्बन्धित समस्या तथा रक्तचापको सम्भावना देखिन्छ ।

**शुभ रंग** : पहेंलो, **बार** : सोमबार र बिहीबार, **दिशा** : दक्षिण,
**महिना** : भदौ तथा चैत, **अंक** : ६ र ९ ।

केवल एक प्रश्न

# २०७४ साललाई के कारणले सम्झनुहुन्छ ?

०७४ सालमा मेरो व्यक्तिगत जीवन अत्यन्त सफल रह्यो । अफ्रिकी मुलुक नाइजेरियामा सांगीतिक शो गर्ने अवसर जुट्यो भने न्युजिल्यान्डमा प्रथम पटक शो गरें । धेरै देशको सांगीतिक यात्रा गरें । राष्ट्रले ७ जना मुख्यमन्त्री पायो, प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचन भयो । थोरबहुत नोक्सानलाई बिर्सने हो भने म यो वर्षलाई देशले कहीं न कहीं फड्को मारेको वर्षका रूपमा सम्झन्छु ।

**राजेशपायल राई, गायक**

२०७४ सालमा मैले छक्कापञ्जा-२ र शत्रुगतेमा काम गरेँ । दुवै चलचित्र सफल भए । यसपालि प्रदर्शनमा आएका मध्ये धेरैजसो नेपाली चलचित्रले राम्रो व्यापार गरे । यो वर्ष चलचित्र क्षेत्रमा कर्पोरेट लेभलको पनि ध्यान गएको वर्ष हो । त्यसैले म यो वर्षलाई नेपाली चलचित्रको स्वर्णकालका रूपमा सम्झन्छु ।

**दीपाश्री निरौला, अभिनेत्री**

यो साल मेरा धेरै गीत-संगीत सार्वजनिक भए भने मैले देश तथा विदेशका थुप्रै सांगीतिक यात्रासमेत गरेँ । यो वर्ष नेपाली क्रिकेटले एकदिवसीय मान्यता पायो अनि देशले पनि स्थायी सरकार प्राप्त गऱ्यो । त्यसैले २०७४ सालस्मरणीय वर्ष हो ।

**प्रमोद खरेल, गायक**

मैले यो वर्ष कोहलपुर एक्सप्रेस निर्माण गरेँ । मैले आजसम्म अभिनेत्रीका रूपमा मात्र काम गर्दै आएकी थिएँ, तर यही वर्ष निर्मात्रीका रूपमा काम गर्दाको अनुभव बटुल्ने मौका पाएँ, जसका कारण मेरा लागि २०७४ साल विशेष छ ।

**केकी अधिकारी, अभिनेत्री**

मैले यो वर्ष ४ वर्षदेखि रोकिएको मोडलिङ यात्रा पुनः प्रारम्भ गरेकी छु । मैले २०७४ सालमा मोडलिङ गरेका भिडियोहरूले युट्युबमा राम्रै भ्युअर्स पाइरहेका छन्, जसले गर्दा मेरो व्यस्ततासमेत बढेको छ । म यो साललाई आफ्नो जीवनको स्वर्णिम वर्षका रूपमा सम्झिरहनेछु ।

**बिनु शाक्य, मोडल**

२०७४ साल आनन्दित र प्रफुल्लित रूपमा बित्यो । यो साल मैले जुनजुन काम गरेँ त्यसमा राम्रै सफलता पाएँ । यो वर्ष 'घोडचढी' नाटकमा ललिताका रूपमा अभिनय गरेँ । मैले उक्त अभिनयबाट राम्रो प्रशंसा पाएँ, जसले गर्दा म यो सालदेखि आत्मनिर्भर भएकी छु ।

**इष्टु कार्की, रंगकर्मी**

देशका लागि स्थिर सरकार, मेरा लागि दुईवटा ब्लक बस्टर चलचित्र 'छक्का पन्जा-२' र 'शत्रुगते' ।

**दीपकराज गिरी, निर्देशक एवं निर्माता**

'साइँली...' गीत र त्यसको म्युजिक भिडियो हिट भएको वर्षका रूपमा ।

**गौरव पहाडी, अभिनेता**

तीन तहको निर्वाचन, ७ प्रदेशमा प्रदेश सरकार तथा केन्द्रमा नयाँ सरकार बनेका कारण ।

**जितु नेपाल, हाँस्यकलाकार**

२०७४ लाई उपलब्धिमूलक वर्षका रूपमा सम्झन्छु । मेहनतका कारण पढाइमा पनि सफलता प्राप्त भयो भने मैले आफूलाई धेरै कुरामा निखार्न सकें ।

**आरोही शर्मा, अभिनेत्री**

तीनवटा महानिर्वाचनपछि राष्ट्रपति, उपराष्ट्रपति सबैको चुनाव सकेर देशले स्थायी सरकार प्राप्त गरेका कारणले सम्झन लायक छ । व्यक्तिगत रूपमा रेडियो कान्तिपुरको स्टेसन म्यानेजरमा नियुक्ति, एलजी फिल्म एवार्डको आयोजना तथा प्रधानमन्त्री केपी शर्मा ओलीसँग भारतको राजकीय भ्रमणमा कलाकारका तर्फबाट प्रतिनिधित्व गर्न पाइयो ।

**दिनेश डिसी, सञ्चारकर्मी**

मैले यो वर्ष छविराज ओझाले निर्माण गरेको चलचित्र 'मंगलम' मा अभिनय गरेँ । उक्त चलचित्रमा मैले जुन भूमिकामा अभिनय गरेँ त्यसलाई दर्शकहरूले निकै रुचाइदिनुभयो । त्यसैले म यो वर्षलाई विशेष मान्छु ।

**मिथिला शर्मा, अभिनेत्री**

यो साल गीत लेखनका दृष्टिले अर्को माइलस्टोन सावित भयो । मेरो 'रुपै मोहनी' गीत सर्वाधिक हिट भयो । त्यसकारण २०७४ मेरा लागि स्मरणीय वर्ष हो ।

**लोकराज अधिकारी, गीतकार**

यसपालि देश विदेशका थुप्रै सांगीतिक कार्यक्रममा सहभागी हुने मौका पाएँ ।

**राजु ढकाल, गायक**

मैले नेपाली चलचित्रमा पहिलो पटक निर्माताका रूपमा काम गरेँ र सफल पनि भएँ । अर्को कुरा मैले काठमाडौंमा एउटा घडेरी किनेँ, त्यसैले मैले यो साललाई विशेष रूपमा लिएकी छु ।

**पूजा शर्मा, अभिनेत्री**

'भद्रगोल' मा अभिनय गरेका कारण थुप्रै म्युजिक भिडियोदेखि चलचित्रसम्मबाट काम गर्ने अफर पाएँ ।

**रक्षा श्रेष्ठ, अभिनेत्री**

मेरा लागि यो वर्ष कविता कन्सर्टको वर्षजस्तै भयो, किनभने २०७४ सालमा मैले जति काम गरेँ त्यसमध्ये सबैभन्दा धेरै आनन्द आएको भनेको कविता कन्सर्ट गर्दा नै हो । त्यसैले मैले यो वर्षलाई खास वर्षका रूपमा लिएको छु ।

**नवराज पराजुली, कवि**

तीनै तहको निर्वाचन सम्पन्न भएर संविधान कार्यन्वयनको चरणमा गयो । म यो वर्षलाई संघीयता संस्थागत भएको वर्षका रूपमा सम्झन्छु ।

**ठाकुर बेलबासे, साहित्यकार**

ठूलो दुर्घटनाबाट बाँचे, योभन्दा सम्झनालायक के हुन सक्छ ?

**विल्सनविक्रम राई, हास्यकलाकार**

बुवा बन्ने अवसर प्राप्त भएकाले ०७४ साल मेरा लागि विशेष रह्यो ।

**सुशान कँडेल, गायक**

०७४ साल मेरा लागि ठीकै रह्यो, विशेष रूपले सम्झनुपर्ने केही छैन ।

**स्मिता थापा, मोडल**

मेरो सांगीतिक जीवनकै अत्यधिक सफल वर्षका रूपमा सम्झन्छु । यसबाहेक देशले स्थायी सरकार तथा नेपाली क्रिकेटले एकदिवसीय मान्यता प्राप्त गऱ्यो ।

**शिव परियार, गायक**

०७४ ले मलाई धेरै पाठ सिकाएको छ, त्यसैले यो वर्षलाई सम्झने धेरै कारण छन् । त्यसमाथि मेरा लागि विशेष रहेको चलचित्र 'पर्व' पनि यही वर्ष प्रदर्शनमा आयो ।

**जेविका कार्की**

संस्थागत रूपमा हेर्दा नेपाली गीत-संगीतको रोयल्टी व्यवस्थापनका हिसाबले ०७४ सालले नवीन युगमा फड्को मारेको छ ।

**तुलसी पराजुली, गायक**

मेरो कामको मूल्यांकन भएर बेस्ट एवार्ड पाएको वर्षका रूपमा सम्झन्छु ।

**सृजना सुब्बा, नायिका**

चलचित्र विकास बोर्डको पहिलो महिला अध्यक्ष हुन पाउनु आफैंमा उपलब्धि रह्यो, तर महिला हुनु मात्र मेरो गुण होइन भन्ने प्रमाणित गर्न हाम्रो टिमले सुरु गरेका कामजस्तै बक्स अफिस, इ-टिकेटिङ, पुराना चलचित्रको डिजिटलाइजेसन, फिल्म फेस्टिवलजस्ता केही कामको सुरुवात हुनु र केही प्रक्रियामा जानुले मैले मात्र होइन, सम्पूर्ण चलचित्र क्षेत्रले नै ०७४ लाई सम्झनुपर्छ ।

**निक्ता पौडेल, अध्यक्ष, चलचित्र विकास बोर्ड**

बाध्यतावश परदेशमा रहे पनि मेरो मुख्य रुचि भनेकै संगीत हो । त्यही भएर विदेशमा श्रम गरेर बचेको थोरै समयमा पनि संगीत सिर्जना गर्ने प्रयास गरिरहेको छु । यही सिलसिलामा ०७४ मा मैले संगीततर्फ 'विन्ध्यवासिनी संगीत एवार्ड' प्राप्त गरें । यही नै बिर्सन नसक्ने सुखद कुरा हो ।

**डीआर अटु, गायक**

विशेष गरी चलचित्र 'भैरे'का दुईवटा गीत नै १ करोड भ्यू पाएर सफलताको बाटोमा लागें । मेरो कमब्याक दरिलो रह्यो । जीवनमै पहिलो पटक चलचित्र भैरेमा संगीत दिन पाएँ ।

**यम बराल, गायक**

खासै सम्झनलायक केही छैन । तैपनि भर्खरै सम्पन्न निर्वाचनले स्थायी सरकार दियो । अब देश विकासले गति लिएर नेपालको मुहार फेरियो भने पक्कै पनि ०७४ साल सम्झनलायक हुनेछ ।

**जनकदीप पराजुली, निर्देशक**

खासै विशिष्ट केही छैन । यो वर्षले देशको उन्नतिका लागि केही सकारात्मक संकेत भने देखाएको छ ।

**विकास आचार्य, निर्माता/निर्देशक**

राजनैतिक तरलता समाप्तिको प्रयास वर्षका रूपमा सम्झनुपर्छ यो वर्षलाई ।

**केदार घिमिरे, हास्य कलाकार**

यो धेरै महत्वपूर्ण काममा उपलब्धि हासिल भएको वर्ष हो ।

**युवराज चौलागाईं, गायक**

भर्ना खुल्यो !
विगत १४ वर्षदेखि प्राविधिक शिक्षामा समर्पित यस कलेजमा CTEVT सम्बन्धि सम्पूर्ण प्राविधिक विषयहरुको लागि Entrance Preparation/ Bridge Course को लागि भर्ना खुल्यो ।
SEE मा समावेश भएका सम्पूर्ण विद्यार्थीहरुलाई सफलताको शुभकामना !
विहान, दिउँसो र बेलुकाको ३ सिफ्टमा कक्षा संचालन भइरहेको छ ।
थप जानकारीको लागि
NIMST College
Gwarko, Lalitpur. Tel: 01 5204277

JCB अपरेटर प्रशिक्षण कार्यक्रम
दक्ष बनौं लक्ष्य बुनौं
उत्कृष्ट प्रशिक्षण प्राप्त गरी आफ्नो योग्यता र आम्दानीमा बृद्धि गर्नुहोस् । साथै आफुले काम गर्ने ठाँउ आफैले रोज्ने अवसर पाउनुहोस् ।
CTEVT बाट मान्यता प्राप्त आधिकारीक तालिम केन्द्र
UCEP नेपाल र MAW को संयुक्त तत्वावधानमा संचालित
JCB Operator Training संचालन भैरहेको छ ।

साथै अन्य हेभि इक्युपमेन्ट अपरेटर तथा मेकानिक तालिमहरु पनि संचालनमा रहेका छन् ।
आवश्यक योग्यता - साधारण लेखपढ । छिटो भर्ना भई आफ्नो सिट सुरक्षित गर्नुहोस् । महिलाहरूको लागि विशेष छुट ।
सम्पर्क :
एम.ए.डब्लु. ईन्टरप्राइसेज प्रा. लि.
फोन: ०१ ५९८०७८ , ५९८४२८८
मोबाईल : ९८४१ ८५०९९५
थप जानकारीको लागि:
युसेप नेपाल भवन
सानो ठिमी टेक्निकल स्कुल
सानो ठिमी, भक्तपुर, फोन नं. ०१ ६६३०३८८
केदार सुबेदी : ९८४३ ७१३७०७
JCB
NEPAL'S No.1 BRAND

नयाँ वर्ष नयाँ संकल्प

## सामाजिक सञ्जालबाट टाढा रहन्छु



● प्रदीप भट्टराई, निर्देशक

- अझ बढी मनोरञ्जन प्रदान गर्ने खालका चलचित्र बनाउँछु ।
- मैले 'जात्रा' बनाएको डेढ वर्षपछि 'शत्रुगते' बनाएँ, जसले गर्दा मलाई धेरैजसोले थोरै काम गर्छ भन्छन् । त्यसैले अबचाहिँ समयको मागअनुसार अलि बढी काम गर्ने मनसाय बनाएको छु ।
- व्यस्तताका कारण परिवारलाई समय दिन भ्याएको छैन । त्यसैले यो वर्षदेखि परिवारलाई सकेसम्म समय दिन्छु ।
- सामाजिक सञ्जालबाट टाढै रहने प्रयास गर्छु ।
- दार्जीलिङ घुम्ने मेरो रहर बाल्यकालदेखिकै हो । त्यसैले यो वर्ष उक्त रहर पूरा गर्ने योजना बनाएको छु ।

## प्याच्च बोल्ने बानी त्याग्ने छु


- खानपिनमा विशेष ध्यान दिनेछु, खासगरी मोटोपन बढ्ने खाना त छुँदै छुन्न ।
- जिममा कम्तीमा एक घण्टा बिताउनेछु ।
- आफूसँग असम्बन्धित कुरामा आफ्नो धारणा व्यक्त गर्ने बानी वैशाख १ गतेदेखि नै त्याग्नेछु ।
- शारीरिक तथा मानसिक रूपमा परिवक्व बन्ने प्रयास गर्नेछु ।
- प्याच्च बोल्ने बानीमा पनि सकेसम्म नियन्त्रण गर्नेछु ।



● आँचल शर्मा, अभिनेत्री

## काठमाडौंमा घर किन्ने छु

- ०७५ सालमा 'मेलिना' गीति एल्बम सार्वजनिक गर्छु ।
- म अहिले काठमाडौंमा रेन्टमा बस्छु । त्यसैले ०७५ सालमा चाहिँ काठमाडौंमा एउटा घर किन्ने योजना बनाएकी छु ।
- ०७४ मा भएका गल्ती कमजोरीहरूलाई सुधार्ने प्रयास गर्छु ।
- मेरी बहिनी जुनु पनि गीत गाउन थालेकी छिन् । ०७५ सालमा उनलाई पनि चर्चामा ल्याउन पहल गर्नेछु ।
- आफ्नो एउटा डान्सिङ गीतमा आफैँले मोडलिङ गर्ने योजना छ ।



● मेलिना राई, गायिका

## गितार बजाउन सिक्नेछु

- नयाँ भाषा सिक्नेछु ।
- नयाँ कुकुर पाल्नेछु ।
- थुप्रै नयाँ-नयाँ ठाउँ घुम्ने योजना बनाएकी छु ।
- साहसिक खेलहरूको आनन्द लिनेछु, सम्भवतः म यो वर्ष स्काई ड्राइभिङ गर्नेछु ।
- गितार बजाउन सिक्नेछु ।



● सविता कार्की, मोडल



● सोमपाल कामी, क्रिकेटर

## अलराउण्डर बन्ने प्रयास गर्नेछु

- नेपालले हालै एकदिवसीय मान्यता पाएको छ, यसलाई कसरी निरन्तरता दिने भन्ने मुख्य चुनौती हाम्रा सामु छ । त्यसमा छिटोभन्दा छिटो ५० देखि १ सय विकेट लिने मेरो लक्ष्य छ । नेपालले पाएको एकदिवसीय अन्तर्राष्ट्रिय मान्यता चार वर्षका लागि छ । यो अवधिमा जति पनि म्याच खेल्न पाउँछु त्यसमा उत्कृष्ट प्रदर्शन गर्ने प्रयास गर्नेछु ।
- यो वर्ष उत्कृष्ट प्रदर्शन दिन फिटनेसदेखि लिएर खानामा सम्ममा ध्यान पुऱ्याउनेछु । अझ फिट भएर मैदानमा ओर्लनेछु ।
- आउने वर्ष म आफूलाई अझ उत्कृष्ट अलराउन्डर बनाउने प्रयासमा लाग्नेछु ।
- सामान्य जीवनमा अनकौं समस्या आइरहेका थिए, यसलाई कसरी राम्रो बनाउन सकिन्छ भनेर लागिपर्नेछु । साथीभाइ तथा परिवारलाई खुसी राख्ने प्रयास गर्नेछु ।
- नेपाललाई ट्वान्टी-२० विश्वकपमा सहभागी बनाउन दिलो ज्यानले लाग्नेछु । हामी ट्वान्टी-२० विश्वकप छनौटको पहिलो चरण यही वर्ष खेल्दैछौं ।



● राजेश धाक्वा, फेसन डिजाइनर

## विदेशमा फेसन शो गर्नेछु

- आरडी चाहत बुटिकको नयाँ शोरुम खोल्ने ।
- लन्डन तथा अमेरिकामा फेसन शो गर्ने ।
- नेपाली फेब्रिकको प्रमोशनका लागि आफ्नै पहलमा प्रदर्शनी गर्ने ।
- शाकाहारी जीवन बाँच्ने ।
- धुम्रपान छुँदै नछुने ।

नयाँ वर्ष नयाँ संकल्प

## यो वर्ष ऋणमुक्त हुँदैछु



● रवीन्द्र पुरी, सम्पदा संरक्षणकर्मी

- सबैभन्दा ठूलो कुरा २०७५ मा म ऋणमुक्त हुनेछु ।
- स्वास्थ्यमा ध्यान दिनेछु अनि तौल घटाउँछु ।
- मासु पनि कम खाँदै २०७६ सम्ममा पूर्णतः साकाहारी हुनेछु ।
- हामीले व्यवसायिक तालिम केन्द्रवाट बर्सेनि ५०-६० जना कालीगढ उत्पादन गरिरहेका छौं । अबको वर्ष २ सय ५० जना कालिगड उत्पादन गर्नेछौं ।
- २०७५ सालमा पुस्तक लेखन प्रारम्भ गर्नेछु ।



● नीति शाह, मोडल

## खुशी रहने प्रयास गर्नेछु

- स्वस्थ तथा हाइजेनिक परिकार मात्र खाने प्रयास गर्नेछु ।
- व्यायामलाई नियमित गर्दै त्यसको अवधिसमेत बढाउनेछु । किक बक्सिङको प्रशिक्षणलाई नियमितता दिनेछु ।
- अझ बढी खुसी रहने प्रयास गर्नेछु ।
- सकारात्मक सोचलाई प्राथमिकतामा राख्नेछु ।
- केही राम्रा पुस्तक अध्ययन गर्नेछु ।



● ठाकुर गैरे, युवा नेता

## देशका लागि काम गर्नेछु

- मानपदवी नखोज्ने, देशका लागि काम गर्ने ।
- नेकपा एमालेलाई अझ बढी राजनैतिक, वैचारिक एवं सुव्यवस्थित बनाउँदै जनताको प्यारो पार्टी बनाउन सक्रिय रहने ।
- गरिबीको रेखामुनि रहेका, शोषित, उत्पीडित तथा बेरोजगारहरूका समस्या समाधानका लागि क्रियाशील हुने ।
- सबैले राम्रो र प्रशस्त आम्दानी गरुन र उक्त आम्दानीबापत राज्यलाई कर तिर्ने वातावरण तयार होस भन्ने उद्देश्यले काम गर्ने ।
- भ्रष्टाचारविहीन समाज निर्माणका लागि भ्रष्टाचार, नीतिगत भ्रष्टाचार, घुसखोरी तथा कमिसनतन्त्रका विरुद्ध काम गर्ने ।



● शिवानी न्यौपाने, लेखक

## नियमित स्विमिङ गर्नेछु

- स्वस्थकर खानेकुरामा जोड दिनेछु ।
- नयाँ-नयाँ ठाउँ घुम्नेछु, सकभर नेपालकै नपुगेको ठाउँ पुग्नेछु ।
- नियमित रूपमा खेल खेल्नेछु जस्तै स्वीमिङ ।
- लेखनमा बढी केन्द्रित हुनुका साथै आफ्नो व्यापारसमेत विस्तार गर्नेछु ।
- नयाँ प्रतिबद्धता नराख्न पर्ने जीवन बनाउने छु ।



● प्रदीप खड्का, अभिनेता

## अफ्रिकी मुलुकको भ्रमण गर्नेछु

- यो वर्षदेखि नृत्यको कठोर अभ्यास गर्नेछु ।
- जिम नियमित जानेछु ।
- नेपालीहरू कम पुगेका केही अफ्रिकी मुलुकको भ्रमण गर्नेछु ।
- यो वर्ष कम्तीमा दुईवटा चलचित्र लिएर आउनेछु ।
- अनाथ बालबालिकाहरूको सहयोगका लागि आयोजना गरिने कार्यक्रममा प्रत्यक्ष सहभागिता जनाउनेछु ।



● खुमन अधिकारी, गायक

## गीतको गुणात्मकतामा ध्यान दिनेछु

- नयाँ वर्ष २०७५ देखि हरेक वर्ष नयाँ वर्ष विशेष गीत सार्वजनिक गर्नेछु । यो वर्ष तीनवटा गीतको भिडियो सार्वजनिक गर्दैछु ।
- सामाजिक कार्यकर्ताका रूपमा सक्रिय हुने धेरै पहिलेदेखिको योजनालाई यो वर्ष मूर्त रूप दिनेछु । अनाथ बालबालिका तथा वृद्धाहरूको सहयोगका लागि काम गर्ने योजना छ ।
- सांगीतिक क्षेत्रमा हालसम्म जे-जति गरेको छु, त्यो भन्दा फरक शैलीमा अघि बढ्ने छु ।
- गायनमा संख्यात्मक भन्दा गुणात्मक पक्षमा बढी ध्यान दिनेछु । खासगरी शब्द तथा लय संकलनमा नयाँपन खोज्ने छु ।
- लोकदोहोरी प्रतिष्ठानको केन्द्रिय सचिवका रुपमा लोकगायक/गायिकाको वर्ग छुट्याउन विभिन्न सांगीतिक संस्थाहरूलाई आग्रह गर्नेछु ।

## फिल्मी खबर

### क्याप्टेन सरोज खनाल

अभिनेता सरोज खनालले चलचित्र क्याप्टेनमा काम गर्ने पक्का भएको छ। चलचित्र क्याप्टेनमा अभिनेता अनमोल केसीले प्रमुख भूमिका निर्वाह गर्दैछन्। यो चलचित्रमा सरोज खनाल अनमोलको क्याप्टेनको भूमिकामा प्रस्तुत हुने बताइएको छ। पूर्वको एउटा सानो गाउँबाट राष्ट्रिय फुटबल प्रतियोगिताको विजेतासम्म भएका एक युवकको संघर्षको कथा चलचित्र क्याप्टेनमा हेर्न पाइनेछ। यो चलचित्रलाई दिवाकर भट्टराईले निर्देशन गर्दैछन् भने भुवन केसी त्यसको निर्माता हुन्।

### ३ वर्षभित्र संन्यास

व्यस्त निर्देशक मिलन चाम्सले ३ वर्षभित्र चलचित्रबाट संन्यास लिने घोषणा गरेका छन्। चलचित्र हँसियाबाट निर्देशन यात्रा थालेका चाम्सले नयाँ चलचित्र लिलीबिली सार्वजनिक प्रदर्शन हुनुभन्दा केही दिनअघि उक्त घोषणा गरेका हुन्। लिलीबिलीको प्रमोसनका क्रममा चाम्सले संन्यास लिने आफ्नो सोच सार्वजनिक गरेका थिए।

### जेठ १४ मा ह्याप्पी डेज

मंसिर १५, माघ ११ तथा चैत १६ पछि चलचित्र ह्याप्पी डेजको सार्वजनिक प्रदर्शन मिति चैत २ गतेलाई तय गरिएको थियो। अहिले एकपटक फेरि चलचित्रको पाँचौं सार्वजनिक प्रदर्शन मिति घोषणा गरिएको छ। उक्त चलचित्र अब वैशाख १४ गते देशव्यापी प्रदर्शनमा आउने बताइएको छ।

### वर्षाको सहयोग

अभिनेत्री वर्षा शिवाकोटीले आफ्नो २४ औं जन्मदिनको अवसरमा धुर्मुस-सुन्तली फाउन्डेसनलाई ५१ हजार रुपैयाँ हस्तान्तरण गरेकी छिन्। बुबा कृष्णप्रसाद शिवाकोटीको नाममा रकम हस्तान्तरण गर्दै वर्षाले जन्मदिनमा यस्तो पवित्र काममा सहभागी हुन पाउँदा खुसी लागेको बताइन्।

### लिम्बू भाषाका कलाकर्मी सम्मानित

फाल्गुनन्द लिङ्देन फिल्म्सले लिम्बू भाषाका चलचित्रकर्मीहरूलाई 'एफएलएफ एवार्ड- २०७४' प्रदान गरेको छ। झापाको बिर्तामोडमा आयोजित समारोहमा लिम्बु भाषिक तथा संस्कृतिमा बनेका चलचित्र एवं म्युजिक भिडियोको एवार्ड वितरण गरिएको हो। लिम्बू चलचित्रबाट एवार्ड पाउनेहरूमा निर्देशक किशोर सुब्बा, नायक आशिष लिङ्देन, नायिका नेतिफुङ आङबुङ, गायक गोविन्द आङबुङ, गायिका मनु नेम्वाङ तथा संगीतकार यासेली योङहाङ छन्। त्यस्तै संस्कृतिमा चलचित्र 'ए सोमिमे' तथा भाषामा चलचित्र 'लुधुङकाई'ले एवार्ड प्राप्त गरे। म्युजिक भिडियोतर्फ निर्देशक लोकेन सावाँ, गायक मान तबेबुङ 'नाजम', गायिका सुनिता थेगिम, नायक सविन तुम्बाहम्फे एवं नायिका निशा पोमुलाई एवार्ड प्रदान गरियो। कार्यक्रममा लाइफ टाइम एचिभमेन्ट एवार्डबाट संगीतकार प्रेम पन्धाकलाई सम्मान गरिएको थियो।

### भोर पोखरामा

वैशाख २१ गतेदेखि सार्वजनिक प्रदर्शन हुने चलचित्र 'भोर' को पोखरामा विशेष प्रदर्शनी गरिएको छ। यो चलचित्रको निर्देशन यादवकुमार भट्टराईले गरेका हुन्। कृष्ण धरावासीको कथामा बनेको चलचित्र 'भोर' मा रामनारायण ठाकुर, अनितारानी मण्डल, राजेश सक्सेना, परमेश झा, बीएन पटेल, डली सरकार, पूजा कर्ण आदि कलाकारले अभिनय गरेका छन्।

### प्रसाद बनाउँदै दिनेश

क्लासिक, नोभेम्बर रेन तथा पर्व निर्माण गरिसकेका दिनेश राउतको निर्देशनमा तयार पारिने नयाँ चलचित्र प्रसादमा नम्रता श्रेष्ठ प्रमुख भूमिकामा रहनेछिन् भने उनको अपोजिटमा अभिनेता विपिन कार्कीले अभिनय गर्नेछन्। प्रसादले सन्तान नभएका कारण पति-पत्नीबीच उत्पन्न हुने असमझदारी, अविश्वास तथा मानसिक द्वन्द्वसँगै सामाजिक मूल्य-मान्यताका विरुद्धको कथासमेट्ने निर्देशक राउतले बताएका छन्। यो चलचित्रको कथा सञ्चारकर्मी सुशील पौडेलले लेखेका हुन्।



### तिमी हुन्छौ जहाँ-जहाँ

विकास बस्यालको निर्देशनमा चलचित्र तिमी हुन्छौं जहाँ-जहाँ निर्माण हुने भएको छ। यो चलचित्रमा मलिना जोशी, वर्षा शिवाकोटी, मनिष श्रेष्ठ, स्वरुप पुरुष आदिको अभिनय रहने बताइएको छ। चलचित्रका निर्माता मदन दवाडी हुन्।

### डमरुको डन्डिबियो ट्रेलर

२०७५ वैशाख २१ गते प्रदर्शन मिति तय गरिएको चलचित्र डमरुको डन्डिबियोको आधिकारिक ट्रेलर सार्वजनिक भएको छ। ट्रेलरमा डन्डिबियो खेल्ने निर्णय लिएपश्चात् खगेन्द्र लामिछानेको जीवनमा आउने उतारचढावहरू देखाइएको छ। खेलसँग सम्बन्धित उक्त ट्रेलरमा प्रेम, अवरोध, रोदन, द्वन्द्व आदि सबै पक्ष समेटिएको छ।

### हैरानको पोस्टर

विश्वकै कान्छा निर्देशक सौगात विष्टको निर्देशनको दोस्रो चलचित्र हैरानको पोस्टर सार्वजनिक भएको छ। सार्वजनिक गरिएको पोस्टरमा चलचित्रका सबैजसो प्रमुख कलाकार अटेका छन्।

## म्युजिक डायरी



### तिमी साथ भएपछि

गजलकार सुरेश वाग्लेद्वारा रचना गरिएका गजलहरूको संग्रह 'तिमी साथ भएपछि' काठमाडौंमा सार्वजनिक भएको छ। विमोचित एल्बममा हरि लम्साल, शिव परियार, मनोजराज तथा किरण श्रेष्ठको संगीत निर्देशनका गजलहरू समावेश छन्, जसमा उदय-मनिला सोताङ, शिव परियार, अञ्जु पन्त, मनोजराज, हरि लम्साल, टीका प्रसाईं, मदन गोपाल तथा बुद्ध लामाको स्वर सुन्न सकिन्छ। समारोहमा शान थापाद्वारा निर्देशित शिव परियारको स्वरको 'फूलमा...' गीतको म्युजिक भिडियो प्रिमियर गरिएको थियो।

### सारा र निराजनको माया

गीतकार अम्बिका गुरुङको शब्दको 'माया लगाइ...' गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ, जसमा अभिनेत्री सारा शिर्पाली तथा अभिनेता निराजन प्रधानले अभिनय गरेका छन्। शंकर थापा स्माइलको संगीत एवं स्वरको उक्त गीतको म्युजिक भिडियोलाई अर्जुन अधिकारीले निर्देशन गरेका हुन्।

### जन्मदिनमा एल्बम

गायिका सहिमा श्रेष्ठले आफ्नो जन्मदिनको अवसर पारेर 'कुनै दिन...' शीर्षकको गीतको म्युजिक भिडियो सार्वजनिक गरेकी छिन्। किरण केसी क्रोधीको शब्द तथा दीपक शर्माको संगीतको उक्त भिडियोलाई ज्ञानेन्द्र शर्माले निर्देशन गरेका हुन्, जसमा पुष्प खड्का तथा शिल्पा पोखरेलले अभिनय गरेका छन्।

### विष्टको सहयोगमा कन्सर्ट

दुवै मृगौलाले काम गर्न छाडेपछि अमेरिकामा उपचार गराइरहेका गायक ओमविक्रम विष्टको सहयोगका लागि काठमाडौंमा सांगीतिक कार्यक्रम सम्पन्न गरिएको छ। गायक राजेश हमालको संयोजनमा आयोजित कार्यक्रममा दीप श्रेष्ठ, ज्योति घिमिरे, कुमार बस्नेत, कोमल वली, सन्जय श्रेष्ठ, शिव श्रेष्ठ, देव रत्न, कर्ण दास, सचिन रौनियार, भीम तुलाधर, जेम्स प्रधान, उदेश श्रेष्ठ, करिश्मा मानन्धर, रेजिना उप्रेती, धिरज राई, मिङ्मा शेर्पा, महादेव त्रिपाठी आदि दर्जनौं कलाकारले प्रस्तुति दिएका थिए। गायक विष्टको उपचारको क्रम जारी रहेको तथा सरकारले खासै चासो नदिएकाले कलाकारहरू आफैं सक्रिय भएको आयोजक संस्थाले जनाएको छ।

### मेलिनाको नयाँ

गायिका मेलिना राई 'बितेका कुरा...' गीतको म्युजिक भिडियो लिएर दर्शकमाझ आएकी छिन्। उत्तमजंग लिम्बूको संगीतको उक्त भिडियोलाई शान थापाले निर्देशन गरेका हुन्, जसमा गायिका राई आफैंले अभिनय गरेकी छिन्।

### चञ्चले नानी...

गायक अमर राईको स्वरको चञ्चले नानी...गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ। निकेश खड्काद्वारा निर्देशित उक्त भिडियोमा अभिनेता विल्सन विक्रम राई तथा अभिनेत्री शिल्पा पोखरेलले अभिनय गरेका छन्।

### सुरजको मनको खुसी

गायक तथा सञ्चारकर्मी सुरज पौडेलले 'मनको खुसी...' गीतको म्युजिक भिडियो सार्वजनिक गरेका छन्। शंकर देव कँडेलको शब्द तथा चिरञ्जीवी भण्डारीको संगीतको उक्त भिडियोलाई सरोज श्रेष्ठले निर्देशन गरेका हुन्।

### सहयोगका लागि कन्सर्ट

रक्त क्यान्सरबाट निधन भएकी लिखु गाउँपालिकाकी कृष्टिना सुनुवारको स्मृति कोषका लागि काठमाडौंमा एउटा सांस्कृतिक कार्यक्रम सम्पन्न भएको छ। हरियाली मञ्च नेपालले आयोजना गरेको उक्त कार्यक्रममा गायक शम्भु राई, तारा प्रकाश लिम्बु, मेलिना राई, श्रीयसी चेम्जोङ, दीपा लामा, रश्मि राई, सुरज पौडेल, भीम लिम्बु आदि गायक-गायिकाले सांगीतिक प्रस्तुती दिएका थिए।


### २५ वर्षपछि 'तिर्खाकी पानी'

झन्डै ३ दर्जन गीतमा स्वर दिइसकेका गायक दिवाकर शर्माले २५ वर्षपछि 'तिर्खाकी पानी' शीर्षकको आधुनिक एल्बम बजारमा ल्याएका छन्। एल्बममा तिर्खाकी पानी, रुँदै काखमा, मैले बसाइँ सरेपछि, उसको नजरमा, अब मायाको गरी ५ वटा गीत समावेश छन्। शक्ति वल्लभ, वुलु मुकारुङ, राजु सिंह आदिको संगीतमा सजिएका ती गीतको रचना राष्ट्रकवि माधवप्रसाद घिमिरे, सुवासचन्द्र ढुंगेल, डा. नवराज लम्साल तथा गोबिन्द कुइँकेलले गरेका हुन्।

### सहिमासँग झुमे पोखरेली

गायिका सहिमा श्रेष्ठले पोखरा सभागृहमा आयोजित कार्यक्रममा आफ्ना चर्चित गीत सुनाउँदै दर्शकहरूलाई झुमाइन्। दर्शकको साथले उत्साहित भएकी सहिमाको प्रस्तुतिले वातावरण ततायो। एस के डान्स स्कुलले नयाँ वर्षका अवसरमा आयोजना शुभकामना सांगीतिक साँझमा लोकदोहोरी गायक कुमार पुन, गायिका सबिना गुरुङ, गायक सन्तोष बस्याल, बेली डान्सर सम्झना थापासहित अन्य कलाकारहरू पनि प्रस्तुत भएका थिए।

## अञ्जलीलाई जिक्यू एवार्ड



तेस्रोलिंगी नेपाली मोडल अञ्जली लामा चर्चित भारतीय सेलिब्रेटीहरूसँगै जी क्यू स्टाइल एवार्डबाट सम्मानित भएकी छिन्। जिक्यूले पहिलो पटक आयोजना गरेको उक्त स्टाइल एवार्डबाट पुरस्कृत हुनेहरूमा भारतका चर्चित अभिनेता अक्षकुमार, क्रिकेटर रोहित शर्मा, नायिका अलिया भट्ट तथा नयाक सहिद कपुर पनि छन्। अञ्जलीलाई तेस्रोलिङ्गी भएर पनि विश्व मोडलका रूपमा स्थापीत भएको भन्दै उक्त एवार्ड प्रदान गरिएको हो। लामालाई सामाजिक परिवर्तनको प्रतिनिधि (एजेन्ट अफ सोसल चेन्ज) एवार्ड प्रदान गरिएको छ।

## गोल्डेन आइडलको उपाधि पुजन र पुष्पालाई



पोखरामा सम्पन्न पाँचौं संस्करणको नेपाल गोल्डेन आइडलको गायनतर्फको उपाधि कोहलपुर चपगौढीका १८ वर्षीय पुजन गुरुङले जितेका छन्। गोल्डेन स्टार मल्टिमिडियाको आयोजनामा पोखरा सभागृहमा सञ्चालित ग्रान्ड फिनालेमा नवलपरासीका विजयकुमार गुप्ता फस्ट रनर्सअप तथा चितवनका सुरज कालखेती सेकेन्ड रनर्सअप घोषित भए। यसैगरी नृत्य विधातर्फको उपाधि चितवनकी पुष्पा अधिकारीको पोल्टामा पऱ्यो भने बर्दियाका बादल स्याङ्बो फस्ट रनर्सअप तथा नेपालगन्जकी करिश्मा साइ सेकेन्ड रनर्सअप भए।

## राजा राजेन्द्रको कमेडी



व्यंग्यकार राजा राजेन्द्र पोखरेलले काठमाडौंमा आयोजित आफ्नो पहिलो एकल कमेडी साँझमार्फत दर्शकहरूलाई मनोरञ्जन प्रदान गरे। कार्यक्रममा व्यंग्यकार पोखरेलले व्यंग्यसहित विभिन्न गीतसमेत प्रस्तुत गरे। उक्त अवसरमा राजनराज शिवाकोटी, मिना निरौला, बद्री पंगेनी, वैकुण्ठ महत आदि गायक-गायिका समेत सहभागी थिए। जितु नेपालको उद्घोषणले कार्यक्रमलाई थप मनोरञ्जक बनाएको थियो।

## मिस मगर तनहुँ



दोस्रो संस्करणको मिस मगर तनहुँको उपाधि वर्षा आलेमगरले जितेकी छिन्। ग्रान्ड फिनालेमा उत्रिएका ११ जना प्रतिस्पर्धीलाई पछि पार्दै कक्षा ११ मा अध्ययनरत वर्षाले उक्त उपाधि हात पारेकी हुन्। प्रतियोगितामा पुष्पाले थापामगर फस्ट रनर्सअप,सुमिका थापामगर सेकेन्ड रर्नसअप तथा मुना थापामगर थर्ड रनर्सअप घोषित भए।

## फेसन सिक्रेट्स-२

आज शुक्रबार फेसनका पछिल्ला रहस्यहरू सार्वजनिक हुने भएको छ। सुन्दर एवं आकर्षक डिजाइनमा तयार पारिएका स्टाइलिस नमुनाहरू सार्वजनिक गर्न तयार भएको छ युवा फेसन डिजाइनहरूको एउटा समूह अर्थात् उत्कृष्ट वीरविक्रम खड्का, नुदिना राई, सुमना शर्मा, अनिता लोहनी, विजय के.कहर तथा वेलो कलेक्सन्स। यी डिजाइनरले तयार पारेका विभिन्न शैलीका क्याजुयल, पार्टी, रेड कार्पेट, स्ट्रिट वेयरहरू लाजिम्पाटस्थित नेपाली चुलो रेस्टुराँको ब्याङ्क्वेट हलमा सार्वजनिक हुन लागेका हुन्।



## नयाँ वर्षमा फेसन शो

नेपाली नयाँ वर्षको इभलाई रमणीय बनाउन आज पोखरामा 'गोल्डेन फेसन नाइट' को आयोजना हुँदैछ। पोखरा जिरो किलोमिटरस्थित गोल्डेन हाउस पार्टी प्यालेसद्वारा आयोजित उक्त फेसन नाइटमा पोखराका १२ जना मोडल र्‍याम्पमा उत्रनेछन्। सुस्मिता पुनको कोरियोग्राफीमा सञ्चालन हुने फेसन शोको थप आकर्षणमा गायक तथा संगीतकार योगेशकाजी एवं सारेगम कला केन्द्रको विशेष सांस्कृतिक प्रस्तुति रहनेछ। फेसन नाइटमा मुस्कान सुनार इभेन्ट डिजाइनरका रूपमा प्रस्तुत हुने छिन्। साँझ ५ बजेदेखि राति १० बजेसम्म चल्ने कार्यक्रममा विभिन्न परिकारका स्वाद समेत चाख्न पाइनेछ।

**राजाराम पौडेल**

## प्रतिबन्धका बाबजुद



इटहरीको तालतलैयामा सञ्चालन भैरहेको तालतलैया पर्यटन मिनी महोत्सवमा गायिका ज्योति मगर प्रस्तुत भएपछि त्यसको चर्चा चुलिएको छ। यसअघि इटहरी उपमहानगरपालिकाकी उपमेयर लक्ष्मी गौतमले एक कार्यक्रममा ज्योति मगरलाई इटहरीमा प्रवेश निषेध गर्ने बताएकी थिइन्। उपमेयर गौतमको उक्त उद्घोष व्यक्तिगत स्वतन्त्रता विपरीत भएको बताउँदै आयोजकहरूले गायिका मगरलाई तालतलैया निम्त्याएका थिए। यो विषयमा आयोजक समितिका अध्यक्ष बिशुधन राई भन्छन्- कुरीति वा उच्छृङ्खलता विरुद्ध जानु ठीक हो तर त्यसका नाममा कसैमाथि प्रतिबन्ध नै लगाउँछु भन्नु गलत हो।

गायिका मगरलाई बन्देज लगाउने उपमेयर गौतमको घोषणा मिडियामा आएपछि स्थानीय युवाहरूले तालतलैया महोत्सवमा ज्योतिलाई नै निम्त्याउन आग्रह गरेको कार्यक्रमका संयोजक राजु बस्नेतले बताए।

विवाद र आलोचनाबीच मन्चमा प्रस्तुत भएकी ज्योति मगरले भावुक हुँदै दर्शकलाई आफ्ना चर्चित गीतहरू गाएर मनोरञ्जन प्रदान गरेकी थिइन्। उक्त अवसरमा ज्योतिले भनिन्- केटी मानिस राति हिँड्दा केटा मान्छेले गलत दृष्टिकोणले हेर्नु हुँदैन, हाम्रो समाजमा अझै पनि केटा मान्छेले रुनु हुँदैन भन्ने संस्कार छ, तर हामीले केटी मान्छेलाई केटा मान्छेले रुवाउनु हुँदैन भन्ने संस्कार पनि सिक्नु आवश्यक छ। धेरैजसो कार्यक्रममा उच्छृङ्खल रुपमा प्रस्तुत हुने आरोप खेप्दै आएकी ज्योति तालतलैयामा भद्र रुपमा प्रस्तुत भएकी थिइन्। कार्यक्रममा उनले आफ्ना आधा दर्जनभन्दा बढी गीत सुनाइन्।

**पवन अधिकारी**



**मिस नेवाः को लाखबत्ती :** नेप्लिज फेसन होमले आयोजना गरिरहेको मिस नेवाः ११३८ का प्रतिस्पर्धीहरूले काठमाडौंको महाकाल मन्दिरमा सामूहिक लाखबत्ती बालेका छन्। त्यस क्रममा उनीहरूले प्रसादस्वरूप समयबजी ग्रहण गरेका थिए।



## इको इन्टरनेसनलमा नेपाल

सन् २०१५ मा इजिप्टबाट प्रारम्भ भएको मिस इको इन्टरनेसनलको वर्ष २०१८ को संस्करणमा नेपाली मोडल मौनता लामाले प्रतिनिधित्व गर्दैछिन्। नेपालका लागि अघिल्लो वर्ष मात्र राष्ट्रिय निर्देशकको जिम्मेवारी पाएको ग्रिन आर्ट्स मिडियाले यो वर्षका लागि नेपाली प्रतिनिधित्वको छनौट गरेको हो। मौनतालाई मिस इको इन्टरनेशनल नेपाल-२०१८ छनौट गरिएको जानकारी दिन आयोजित कार्यक्रममा मिस इको इन्टरनेसनलमा प्रतिस्पर्धा गर्ने क्रममा उनले लगाउने पहिरन तथा गरगहनासमेत प्रदर्शन गरिएको थियो। त्यस क्रममा मौनताले सिम्रिक डिजाइन स्टुडियोकी प्रज्ञा चित्रकारद्वारा तयार पारिएको इको ड्रेस प्रस्तुत गरेकी थिइन्, जसमा नेपालको जैविक विविधतादेखि राष्ट्रिय झन्डासम्मलाई चित्रण गरिएको छ। उक्त प्रतिस्पर्धामा मौनताले आफूलाई वसुन्धरा देवीका रूपमा प्रस्तुत गर्नेछिन्। उक्त कार्यक्रममा लामाले विभिन्न डिजाइनरले तयार पारेका इभिनिङ गाउन तथा ककटेल पहिरनहरूसमेत प्रदर्शन गरिन्। ती पहिरन सिम्रिक डिजाइन स्टुडियो, ड्रिम्स वेयर बुटिक, इनोभेट, क्रस रोड एपारल, काया डिजाइनर स्टुडियो तथा वोःसा वेयर्सले तयार पारेका हुन्।


**रोजगारीमूलक प्राविधिक तालिमहरुमा प्रवेश परीक्षा तयारी कक्षा (Bridge Course) मा**

**नि:शुल्क अध्ययनको अवसर**

विगत वर्षहरुमा उत्कृष्ट नतिजा दिलाउन सफल यस संस्थाले यस वर्ष पनि SEE परीक्षा दिई बसेका तथा SLC वा सो भन्दा माथिको शैक्षिक योग्यता भएका ईच्छुक व्यक्तिहरुलाई निम्न विषयहरुमा नि:शुल्क प्रवेश परीक्षा तयारी कक्षाहरु सञ्चालन गर्न लागेको हुँदा तु.सम्पर्क राखी मौकाको फाइदा उठाउनुहोस्।

**तयारी कक्षा सञ्चालन हुने विषयहरु:**

| | |
|---|---|
| १. स्टाफ नर्स | ८. कृषि जे.टि.ए |
| २. डिप्लोमा इन फार्मेसी | ९. मेडिकल ल्याब असिस्टेन्ट |
| ३. नेत्र सहायक | १०. भेटेरीनरी जे.टि.ए. |
| ४. हेल्थ असिस्टेन्ट | ११. सि.एम.ए/ अ .हे .व |
| ५. रेडियोग्राफी | १२. सिभिल सब ओभरसियर |
| ६. ओभरसियर | १३. अ.न.मी. |
| ७. आई.एस.सी.एजी.कृषि/पशु विज्ञान | १४.अमिन |

सम्पर्क: **कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि., काठमाडौं**

फोन नं.: ०१-४३६०६०५, ०१-४३८०८६४

कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म।

(शनिवार र सार्वजनिक विदाको दिन पनि कलेज खुल्ला हुनेछ)।

विकेन्ड फेसन शो




# न्यु इयर फेसन पार्टी

आज शुक्रबार कायरा बुटिकले फेसन शो आयोजना गर्दैछ । कायराको यो छैटौं संस्करण हो ।
**स्थान** : र्‍याडिसन होटल
**समय** : साँझ ६ बजे
**टिकट** : १ हजार ५ सय रुपैयाँ

### इभ ब्लास्ट विद् फेसन शो

आज दिउँसो ३ बजे फेसन शो तथा साँझ ६ बजे डिजे नाइटको आयोजना हुँदैछ ।
**स्थान** : क्लिफ रेस्ट्रो एन्ड बार, ललितपुर मल
**टिकट** : ५ सय रुपैयाँ

विकेन्ड नाइट

# थिस्अल ट्रंयाङ्गलमा नयाँ वर्ष

माइतीघर मण्डलास्थित मण्डला भवनमा थिस्अल ट्रंयाङ्गल रेस्टुराँले आज र भोलि विशेष कार्यक्रमको आयोजना गर्दैछ । सांगीतिक वातावरणमा फरक तरिकाले नयाँ वर्ष मनाउने सोचमा हुनुहुन्छ भने थिस्अलको कार्यक्रममा सहभागी हुन सक्नुहुन्छ ।
**स्थान** : थिस्अल ट्रंयाङ्गल, माइतीघर मण्डला
**समय** : दिउँसो ११ बजेदेखि राति ९ बजेसम्म ।

विकेन्ड कन्सर्ट



# रोटरी नाइट २०७५

रोटरी क्लब अफ भैरहवाले आज बृहत कन्सर्टको आयोजना गर्दैछ ।
**स्थान** : होटेल निर्भाना, भैरहवा
**समय** : ७ बजे
**कलाकारहरु** : आस्था राउत, सपना राना, अन्जली अधिकारी

### लाइभ @ न्यू इयर इभ

भक्तपुरको पलांसेसिस्थत काठमाडौं फन भ्यालीमा भोलि शनिबार 'वेस्ट फेस्ट–२०१८' कन्सर्ट हुँदैछ ।
**कलाकारहरू** : अविनास घिसिङ, प्रयत्न श्रेष्ठ, डिजे शिशिर, डिजे अर्बिन तथा डिजे अंशु ।
**स्थान** : काठमाडौं फन भ्याली
**टिकट** : ६ सय ५० रुपैयाँ
**आयोजक** : मेड्ले इभेन्ट एन्ड मिडिया, नेक्स्ट मोडेल्स नेपाल

### सिद्धार्थमा लाइभ

धोबिघाटस्थित सिद्धार्थ कटेजमा लाइभ कार्यक्रम हुँदैछ ।
**कलाकार** : जीवन राई, रामचन्द्र अन्जान ।
**समय** : ५ बजे
**प्रवेश** : निःशुल्क

विकेन्ड लाइभ



# सौराहामा सिंगापुरकी डिजे

आज सिंगापुरकी डिजे मेरिलिन आदि कलाकारको प्रस्तुति ।
**कलाकार** : मेरिलिन, विक्रम घिमिरे, डिजे रिजन, डिजे डे मास तथा डिजे प्रोसेस ।
**आयोजक** : बिटुएच इभेन्ट्स
**स्थान** : लायन्स डेन क्लब, नारायणघाट
**टिकट** : १ हजार रुपैयाँ (ड्रिक्ससहित)
(महिलाहरूलाई ११ बजेसम्म प्रवेश निःशुल्क)

आज शुक्रबार द आर्बिटरी ग्रुपले लाइभ कार्यक्रम प्रस्तुत गर्दैछ ।
**समय** : ६ बजे
**स्थान** : लाजिम्पाट, दरबारमार्ग तथा पोखरास्थित त्रिसारा रेस्टुराँ ।

जावलाखेलस्थित भिन्तुना थकाली एन्ड नेवारी रेस्टुराँले साँझ ६ बजेदेखि लाइभ म्युजिक प्रस्तुत गर्दैछ ।

रातोपुलस्थित रकहाउस क्याफेले आज साँझ ५ बजे बृहत् सांगीतिक कार्यक्रमको आयोजना गर्दै छ जहाँ मीना राई, दीपा सुहाङ, विनोद खम्बु, समिर सिंगक, मेरिना चेम्जोङ, निशा पोमु आदि कलाकारको उपस्थिति रहनेछ ।

### सम्पदा गार्डेन होटलमा नयाँ वर्ष

नयाँ वर्षका अवसरमा नेपाली तथा बलिउड कलाकारहरूका साथमा लाइभ म्युजिक प्रस्तुत हुँदैछ ।
**स्थान** : सम्पदा गार्डेन होटल, लाजिम्पाट
**समय** : साँझ ६ : ३० बजे
**टिकट दर** : २ हजार ५ सय रुपैयाँ (ककटेल डिनर सहित)

विकेन्ड ड्रिंक्स

# नेपाली बजारमा रोयल च्यालेन्ज

रोयल च्यालेन्ज ह्विस्कीमा स्कच तथा गुणस्तरीय अनाजको मिश्रण छ । यो ह्विस्कीले विशेष रंग, सुवास तथा फरक स्वाद प्रदान गर्छ । नेपाल लिक्वर्सका अन्य ब्रान्ड एन्टिक्विटी ब्ल्यू ह्विस्की, सिग्नेचर प्रिमियर ह्विस्की, सिग्नेचर रेयर ह्विस्की, म्याक्डोवल्स नम्बर वन ह्विस्की, म्याक्डोवल्स नम्बर वन सेलेब्रेसन रम तथा ब्ल्यू रिवान्ड जिन हुन् ।




विकेन्ड महोत्सव

# पोखरामा फुड कार्निभल

आज पोखराको नयाँबजार प्रदर्शनी केन्द्रमा फुड कार्निभलको आयोजना हुँदैछ । त्यहाँ विभिन्न स्टलमा विभिन्न परिकार एवं पेय पदार्थ उपलब्ध हुनका साथै पार्टी एवं डिजे म्युजिकको प्रस्तुतिमा रमाउने वातावरण हुनेछ । पन्धौं फेवा नववर्ष महोत्सव चैत २८ गतेदेखि वैशाख २ गतेसम्म कोमागाने पार्क लेकसाइडमा सञ्चालन गरिनेछ । महोत्सवको आकर्षणमा सांस्कृतिक प्रस्तुति, लोकदोहोरी, पप कन्सर्ट, हास्य प्रहसन तथा बालउद्यान रहनेछन् भने नयाँ वर्षकै अवसरमा वैशाख ४ गतेदेखि ८ गतेसम्म गन्तव्य धम्पुस लालीगुराँस महोत्सव पनि सञ्चालन हुँदैछ ।

### टेकु स्ट्रिट फुड फेस्टिबल

भोलि शनिबार टेकु महोत्सवको आयोजना हुँदैछ जहाँ लाइभ कन्सर्ट, जादु, फुड स्टल, फेस पेन्टिङ, आइटम डान्स आदि विभिन्न आकर्षण रहनेछन् ।
**कलाकार** : डिजे रोयल, डिजे नेबि, सुरज महर्जन, सोनिका केसी आदि ।
**प्रवेश** : निःशुल्क **समय** : ११ बजे **स्थान** : टेकु, भन्सार मार्ग **आयोजक** : नेपाल खेलकुद महासंघ ।

ब्यान्ड

यादृश्य ब्यान्डले आज सानेपा, खरीबोटस्थित चारकोल लाउन्जमा साँझ ६ बजेदेखि लाइभ म्युजिक प्रस्तुत गर्दैछ ।

### रैला नाइट २ रोयल डाइनेस्टि

आज रोयल डाइनेस्टि भिलेज रिसोर्टमा लाइभ ब्यान्ड, बेली डान्स तथा बी–बोइङ प्रस्तुत हुँदैछ ।
**आयोजक** : रैला इभेन्ट्स
**कलाकार** : आशुषेन लामा, मानस राज, एन्जिला रेग्मी, दिक्षा ठकुरी, बिनु शाक्य, काजोल थापा आदि ।
**टिकट** : २ हजार रुपैयाँ (स्न्याक्स, डिनर), ५ सय रुपैयाँ (ड्रिंक्स)



चलचित्र

## नेप्टे




**निर्देशक** : देवकुमार श्रेष्ठ
**कलाकार** : दयाहाङ राई, रोहित रुम्बा, बुद्धि तामाङ, अर्जुन गुरुङ, छुल्ठीम गुरुङ तथा पूर्णिमा लामा ।
**संगीत** : भानुभक्त ढकाल तथा ओम सुनार

रोसाफी फिल्म्सको ब्यानरमा निर्मित 'नेप्टे' आजदेखि देशभर प्रदर्शन हुँदैछ । चलचित्रमा पहिलो पटक नायक दयाहाङ राई नकारात्मक भूमिकामा प्रस्तुत हुँदैछन् । यो चलचित्रका ट्रेलर तथा गीत यसअघि नै सार्वजनिक भैसकेका छन् । नेप्टे सामाजिक हास्यव्यंग्यात्मक चलचित्र भएको निर्देशक श्रेष्ठले बताएका छन् । काठमाडौं तथा केही बाहिरका जिल्लामा खिचिएको यो चलचित्रले दर्शकलाई भरपुर मनोरन्जन प्रदान गर्ने निर्माण टिमको दाबी छ ।

## लिलीबिली




**निर्देशक** : मिलन चाम्स
**कलाकार** : प्रदीप खड्का, जसिता गुरुङ, प्रियंका कार्की, अनुपविक्रम शाही तथा सविन श्रेष्ठ ।
**संगीत** : अलिस कार्की तथा एसडी योगी

सुदीप खड्का प्रोडक्सन तथा चाम्स इन्टरटेनमेन्टको संयुक्त ब्यानरमा निर्माण भएको चलचित्र 'लिलीबिली' आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । देशभरका ७० बढी हलमा एकसाथ प्रदर्शन हुने यो चलचित्र प्रेमकथामा आधारित छ । चलचित्रका धेरैजसो भागको छायाँकन स्कटल्यान्डका साथै युरोपका केही देश अनि नेपालका रमणीय स्थलमा गरिएको छ । चलचित्र निर्माण टिमले यसअघि नेपालका मुख्य सहरहरूमा प्रमोसन स्वरूप कन्सर्टसमेत सम्पन्न गरेको छ । उक्त कन्सर्टमा लिलीबिलीका अभिनेता-अभिनेत्रीका साथै गायक प्रताप दाससमेत सहभागी थिए ।

रंगमञ्च

## जिउँदो आकाश

भोलि वैशाख १ गते शनिबारदेखि वैशाख १५ गतेसम्म पोखरामा नाटक 'जिउँदो आकाश' मञ्चन हुने भएको छ । आरके मेहता रोशनको परिकल्पना तथा निर्देशनको यो नाटकमा एकल कलाकारका रूपमा अनिल सुब्बाले अभिनय गर्नेछन् । यो नाटक झन्डै एक घण्टा लामो छ जसमा अनिलले एक तेस्रोलिंगी व्यक्तिको बाल्यकालदेखि युवावस्थासम्मलाई चित्रण गर्नेछन् । पोखराको गैह्रापाटनस्थित पोखरा थिएटरद्वारा सञ्चालित गन्धर्व नाटकघरमा हरेक दिन साँझ ५ बजे मञ्चन हुने यो नाटकको अतिरिक्त शो शनिबार दिउँसो १ बजे पनि हुने बताइएको छ ।

राजाराम पौडेल

ग्यालरी

## ८० वर्ष पुरानो पोखरा




पोखराको ८० वर्ष पुरानो स्वरूपलाई यो हप्ता काठमाडौं बबरमहलस्थित आर्ट काउन्सिलमा प्रदर्शन गरियो । पोखराका जगन्नाथले २०१० सालदेखि हालसम्म संकलन गरेका तस्बिरलाई उनका छोरा सुनिल उलकले प्रदर्शन गरेका हुन् । यी तस्बिर पोखरेली दिदीबहिनी समूहको सहयोगार्थ बिक्रीका लागि राखिएको थियो । प्रदर्शनीमा रहेका तस्बिरबाट हाम्रा पुर्खाले सिर्जिएका पुराना कला-संस्कृति एवं धरोहरहरू अवलोकन गर्न सकिन्थ्यो । करिब ५० हजार पुराना तस्बिर आफूसँग संकलनमा रहेको सुनिलले बताए । प्रदर्शनीमा भने ९७ वटा तस्बिर राखिएका थिए, बाँकी केही तस्बिर प्रोजेक्टरमार्फत प्रदर्शन गरिएको थियो ।

# अन्तर्राष्ट्रिय टाटु महोत्सव





तीन दिन सञ्चालित आठौं अन्तर्राष्ट्रिय नेपाल टाटु महोत्सव कुपन्डोलमा सम्पन्न भएको छ । नेपाल टाटु प्राइभेट लिमिटेडद्वारा आयोजित उक्त महोत्सवमा उपस्थित टाटु कलाकारहरूले टाटुप्रेमीहरूको शरीरमा आकर्षक डिजाइनका टाटु खोपे । कलाकारहरूको प्रदर्शनसँगै नेपाललाई विश्वभर परिचित गराउने उद्देश्यले महोत्सवका क्रममा विभिन्न कार्यक्रमको आयोजनासमेत गरिएको थियो । उक्त अवसरमा स्वदेश तथा विदेशका झन्डै २ सय टाटु आर्टिस्टले आ-आफ्नो कला प्रदर्शन गरेका थिए ।

तस्बिरहरू महेश प्रधान










सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
ह्याप्पी न्यू इयर


प्रिया श्रेष्ठ तथा
प्रतीक्षा सेञ्चुरी
Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : महेश प्रधान
लोकेसन : फनपार्क, भृकुटीमण्डप, काठमाडौं
पहिरन : पिजेज कलेक्सन, सिभिल मल
मेकअप : अम्बु रुचाल

# वर्षका उत्कृष्ट अभिनेता



## दीपकराज गिरी

**चलचित्र : छक्का पन्जा-२ शत्रु गते**

हास्यश्रृंखला तीतो सत्य निर्देशन गरेर यो विधामा अब्बल सावित भैसकेका दीपकराज गिरीले कथा, पटकथा, संवाद जस्ता विधामा कमल चलाए पनि गिरीले चलचित्रमा भने आफूलाई अभिनेताका रुपमै सीमित राखेका छन् । दीपकराजले मुख्य भूमिका निर्वाह गरेका दुई चलचित्र यो वर्ष व्यवसायिक रुपमा समेत अत्यन्त सफल रहे ।

## अनमोल केसी

**चलचित्र : कृ**

चकलेटी अभिनेता अनमोलले यो वर्ष जम्मा एउटा मात्र चलचित्रमा अभिनय गरे । आफ्नै बुवा भुवन केसी तथा निर्माता सुवास गिरीद्वारा निर्देशित उक्त चलचित्र छायांकनको दिनदेखि नै चर्चामा रह्यो । चलचित्रले औसतभन्दा राम्रो व्यवसाय गरे पनि अनमोल केसीको अभिनय तथा भूमिकाको चौतर्फी प्रसंसा भयो । वर्षमा एक भन्दा बढी चलचित्रमा अभिनय नगर्ने कारणले पनि अनमोलका चलचित्रहरू दर्शकको प्रतीक्षाको सूचीमा रहन्छन् ।

## प्रदीप खड्का

**चलचित्र : प्रेमगीत-२ तथा लिलिबिली**

अनमोल केसी जत्तिकै लोकप्रिय छन् युवा अभिनेता प्रदीप खड्का । यो वर्ष उनले अभिनय गरेका दुई चलचित्र प्रदर्शनमा आए-प्रेमगीत-२ तथा लिलिबिली । प्रेमगीत-२ को व्यवसाय उत्कृष्ट रह्यो । प्रदीपको अभिनयलाई दर्शकले मन पराए । खासगरी युवतीहरू प्रदीपका डाइहार्ट फ्यान नै भए । प्रदीप वर्षको अन्तिम दिन अर्थात आज शुक्रवार प्रदर्शनमा आउने चलचित्र 'लिलिबिली' मा समेतसशक्त भूमिकामा प्रस्तुत भएका छन् ।

## पल शाह

**चलचित्र : म यस्तो गीत गाउँछु, जोनी जेन्टलम्यान तथा शत्रु गते**

म्युजिक भिडियोमा अत्यन्त रुचाइएका मोडल हुन्– पल शाह । भिडियोमा उनको क्रेज देखेरै निर्माता-निर्देशकले उनलाई चलचित्रको अभिनेता बनाएका हुन् । यो वर्ष पलले अभिनय गरेका तीन वटा चलचित्र प्रदर्शनमा आए । तीमध्ये जोनी जेन्टलम्यान व्यवसायिक रुपमा असफल भयो भने म यस्तो गीत गाउँछु औसत रह्यो । धेरै कलाकारहरूको भूमिका रहेको शत्रुगते व्यवसायिक रूपमा सफल भयो, जसमा पलले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् ।

## आसिफ शाह

**चलचित्र : दुई रुपैयाँ**

अघिल्लो वर्ष नै प्रदर्शित चलचित्र 'लभ सासा' मा आकर्षक भूमिका निर्वाह गरेर गायक तथा विज्ञापन निर्देशक आसिफ शाहले आफूमा अभिनय क्षमता छ भन्ने कुरा प्रमाणित गरिसकेका थिए । यो वर्ष प्रदर्शित 'दुई रुपैयाँ' मार्फत उनले आफूमा ह्युमरस अभिनय गर्न सक्ने क्षमता भएको कुरालाई प्रमाणित गरे । खासगरी कुटुमा कुटु गीतको नृत्यका कारण दर्शकले आसिफलाई सधैं सम्झने छन् ।

## निश्चल बस्नेत

**चलचित्र : दुई रुपैयाँ तथा पर्व**

निश्चल बस्नेत चलचित्र 'दुई रुपैयाँ' प्रदर्शन हुनुअघि नै दर्शकको मनमा बसिसकेका थिए । यो वर्ष प्रदर्शनमा आएको चलचित्र पर्वको 'काले दाइ..' गीतमा निश्चलले काले दाइकै भूमिका निर्वाह गर्दै आकर्षक नृत्य गरेका छन् । उक्त गीतको लोकप्रियतासँगै काले दाइ अर्थात निश्चललाई मन पराउनेहरूको संख्या ह्वात्तै बढेको छ ।

## रमेश उप्रेती

**चलचित्र : ऐश्वर्य**

चलचित्र 'ऐश्वर्य' मार्फत कमब्याक गरेका रमेश उप्रेतीले उक्त चलचित्रको सफलतासँगै आफूलाई अभिनेताका रूपमा समेत पुनर्स्थापित गरेका छन् । आफूभन्दा निकै कम उमेरकी अभिनेत्री दिपिका प्रसाईंसँग अनस्क्रिन रोमान्स गर्दा पनि रमेश असुहाउँदो देखिएका छैनन् । चलचित्रको रोमान्टिकदेखि द्वन्द्वका दृश्यसम्ममा अब्बल उप्रेतीलाई 'तिमी रोएको पल...' गीतको सफलताले थप फाइदा पुऱ्यायो ।

## पुष्प खड्का

**चलचित्र : मंगलम**

अघिल्लो वर्ष प्रदर्शनमा आएको चलचित्र 'दर्पणछायाँ-२'को असफलताले अभिनेता पुष्प खड्कालाई खासै हानी पुऱ्याएन । तुलसी घिमिरेको उक्त चलचित्र असफल भए पनि पुष्पको अभिनय रुचाइयो । यो वर्ष प्रदर्शित चलचित्र 'मंगलम' मा उनले निर्वाह गरेको कारुणीक भूमिकाले दर्शकहरूलाई रुवायो ।

## सौगात मल्ल

**चलचित्र : लालपुर्जा, झ्यानाकुटी, पञ्चेबाजा, संरक्षण, फाटेको जुत्ता**

यो वर्ष अभिनेता सौगात मल्लले अभिनय गरेका पाँच वटा चलचित्रहरू प्रदर्शन भए । नरमाइलो कुरा के भयो भने सौगातले अभिनय गरेका चलचित्रहरूमध्ये थोरैले मात्र व्यवसायिक सफलता हासिल गरे भने धेरै चलचित्र औसत रहे । चलचित्र छनोट गर्दा स्क्रिप्टमा ध्यान नदिएको आरोप पनि उनलाई लागिरह्यो ।

## दयाहाङ राई

**चलचित्र : घामपानी, कान्छि, नेप्टे, लाल्टिन, मिस्टर झोले**

यो वर्ष अभिनेता दयाहाङ राईले अभिनय गरेका ५ चलचित्र प्रदर्शनमा आए । तीमध्ये चलचित्र कान्छीले उत्कृष्ट व्यवसाय गऱ्यो । घामपानी र मिस्टर झोले औसत रहे । लाल्टिन औसतभन्दा तल रह्यो । नेप्टे यो वर्षको अन्तिम दिन अर्थात आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । दयाहाङले 'नेप्टे' मा पहिलो पटक खलनायकको भूमिका निर्वाह गरेका छन् ।

# वर्षका उत्कृष्ट अभिनेत्री



## प्रियंका कार्की

**चलचित्र : छक्का पञ्जा–२, फाटेको जुत्ता, बटरफ्लाई, शत्रु गते, लिलिबिली**

अभिनेत्री प्रियंका कार्की वर्ष २०७४ भरी नै व्यस्त रहिन्। उनले अभिनय गरेका चारवटा चलचित्र यो वर्ष प्रदर्शनमा आए। तीमध्ये शत्रु गते तथा छक्का पञ्जा–२ व्यवसायिक रूपमा अत्यन्त सफल रहे। फाटेको जुत्ता औसत रह्यो भने बटरफ्लाईले सामान्य व्यवसाय गर्‍यो। लिलिबिलीको प्रदर्शन आज शुक्रबारदेखि प्रारम्भ हुने भएकाले यसको व्यवसायिक पक्ष अहिले नै अनुमान गर्न गाह्रो छ। विदेशका सांस्कृतिक कार्यक्रमदेखि स्वदेशमै ब्राण्ड इन्डोर्समेन्टसम्ममा व्यस्त प्रियंका वर्षको अन्त्यमा नृत्यमा आधारित रियालिटी शो बुगीउगीको निर्णायकका रूपमा देखापरिन्।

## साम्राज्ञी राज्य लक्ष्मी शाह

**चलचित्र : ए मेरो हजुर–२, मंगलम, तिमीसँग**

अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाह पनि यो वर्षभरि चर्चामा रहिन्। यो वर्ष उनले अभिनय गरेका तीन वटा चलचित्र प्रदर्शित भए। तीमध्ये ए मेरो हजुर–२ व्यवसायिक रूपमा सफल भयो। वर्षको अन्तिम साता प्रदर्शन भएको 'तिमीसँग' औसत रह्यो। छवि ओझाको मंगलममा भने उनी अतिथि भूमिकामा प्रस्तुत भएकी थिइन्। वर्ष २०७५ मा उनले अभिनय गरेका कम्तीमा तीन वटा चलचित्र प्रदर्शन हुने निश्चित भैसकेको छ।

## केकी अधिकारी

**चलचित्र : घामपानी, ऐश्वर्य, राज्जा रानी, हुर्रे**

हुन त अभिनेत्री केकी अधिकारीलाई चलचित्र क्षेत्रमा कम भाग्यशाली मानिन्छ। कारण उनले अभिनय गरेका चलचित्रले त्यति राम्रो व्यवसाय गर्दैनन्। वर्ष २०७४ मा केकीले अभिनय गरेका चार चलचित्र प्रदर्शनमा आए, तीमध्ये एउटाले मात्र व्यवसायिक सफलता हासिल गर्‍यो। चलचित्र ऐश्वर्यको उनको भूमिका सरप्राइज नै साबित भयो। घामपानी औसत रह्यो। यद्यपि हुर्रे तथा राज्जा रानीको असफलताले केकीलाई केही निराश तुल्यायो। अघिल्लो वर्षमा प्रदर्शन भएको चलचित्र 'लभ सासा' का कारण यो वर्ष उनले केही चलचित्र एवार्डमा सर्वोत्कृष्ट अभिनेत्रीको एवार्डसमेत जितिन्।

## बेनिशा हमाल

**चलचित्र : झ्यानाकुटी तथा ब्ल्यान्ड रक्स**

अभिनेत्री बेनिशा हमाल यो वर्ष दुई भिन्न शैलीका चलचित्रमार्फत दर्शकमाझ आइन्। उनले अभिनय गरेका दुवै चलचित्र व्यवसायिक रूपमा औसत रहे पनि उनको अभिनयलाई भने दर्शकले मन पराए। अभिनेत्री निशा अधिकारीद्वारा निर्मित चलचित्र झ्यानाकुटीमा उनी गाउँले महिला तथा गृहिणीका रूपमा प्रस्तुत भइन् भने बायोपिक चलचित्र ब्लाइन्ड रक्समा उनले सृष्टि केसीको जीवनलाई पर्दामा उतारिन्। चलचित्रमा बेनिशाले गरेको अभिनयले चौतर्फी प्रशंसा पायो।

## स्वस्तिमा खड्का

**चलचित्र : छक्का पञ्जा–२ तथा दुई रुपैयाँ**

अभिनेत्री स्वस्तिमा खड्काका लागि वर्ष २०७४ सफल रह्यो। खासगरी चलचित्र दुई रुपैयाँका कारण उनी चर्चामा आइन्। उक्त चलचित्रको कुटुमा कुटु...गीत युट्युबमा ५ करोडभन्दा बढी पटक हेरियो। दसैंअघि नै प्रदर्शित चलचित्र छक्कापञ्जा–२ मा पनि स्वस्तिमा सशक्त भूमिकामा प्रस्तुत भइन्। यो चलचित्रलाई पनि दर्शकले राम्रो साथ दिए। वर्षको अन्त्यमा आएर स्वस्तिमालाई निर्माता-निर्देशक अशोक शर्माले चलचित्र जय भोलेमा लिए।

## दीपिका प्रसाई

**चलचित्र : ऐश्वर्य**

पहिलो चलचित्रबाटै स्थापित हुने अभिनेत्रीको सूचीमा दीपिका प्रसाईंको नाम पनि आउँछ। यो वर्ष उनले अभिनय गरेको चलचित्र 'ऐश्वर्य' प्रदर्शन भयो। दिवाकर भट्टराईद्वारा निर्देशित रमेश उप्रेतीको उक्त चलचित्रले व्यवसायिक सफलता त हासिल गर्‍यो नै, दीपिकाको अभिनयले दर्शकको मनसमेत जित्यो। ऐश्वर्यको सफलतासँगै दीपिकालाई दर्जनौं चलचित्रबाट अभिनयको प्रस्ताव आए, यद्यपि अध्ययनमा व्यस्त भएकाले उनले दोस्रो चलचित्र हातमा लिइसकेकी छैनन्।

## अदिति बुढाथोकी

**चलचित्र : कृ**

मोडलका रूपमा स्थापित अदिति बुढाथोकीले यही वर्ष अभिनयमा पदार्पण गरिन्। उनले अभिनय गरेको पहिलो चलचित्र 'कृ' व्यवसायिक रूपमा सफल भयो। दर्शकले अदितिलाई अभिनेता अनमोल केसीको जोडीका रूपमा मन पराए। बलिउडका चलचित्र उद्योगमा समेत संघर्ष गरिरहेकी अदितिले यसबीच एउटा दक्षिण भारतीय चलचित्रमा अनुबन्धित भएको जानकारी दिएकी छिन्। केही हिन्दी गीतका म्युजिक भिडियोमा समेत अभिनय गरिसकेकी अदितिले नेपाली चलचित्रको अभिनयलाई पनि निरन्तरता दिने बताइसकेकी छिन्।

## शिल्पा पोखरेल

**चलचित्र : मंगलम**

अभिनेत्री शिल्पा पोखरेललाई चलचित्र 'मंगलम' ले ठूलै राहत प्रदान गर्‍यो। गत दसैंमै प्रदर्शन हुने भनिएको यो चलचित्र फागुनमा मात्र प्रदर्शनमा आयो। मंगलमले औसतभन्दा राम्रो व्यवसाय गर्‍यो। चलचित्रमा अभिनेता पुष्प खड्कासँगै अभिनेत्री शिल्पा पोखरेलको भूमिकालाई दर्शकले मन पराए।

## श्वेता खड्का

**चलचित्र : कान्छी**

अभिनेत्री श्वेता खड्का यो वर्ष एउटा मात्र चलचित्रमा देखा परिन्। झन्डै दुई वर्षको अन्तरालमा दर्शकमाझ आउँदा उनले प्रशस्त माया पाइन्। चलचित्र कान्छीमार्फत यसपटक उनी अभिनेत्रीका साथै निर्मात्रीका रूपमा समेत प्रस्तुत भएकी थिइन्। आकाश अधिकारीद्वारा निर्देशित यो चलचित्रले व्यवसायिक सफलता मात्र हासिल गरेन, श्वेतालाई अभिनेत्रीका रूपमा फेरि एकपटक मन पराइयो। अभिनेता दयाहाङ राईसँगको उनको जोडी पनि दर्शकले रुचाए। गीत-संगीतका कारण यो चलचित्र वर्षभरी नै चर्चामा रह्यो।

## नीता ढुंगाना

**चलचित्र : पञ्चायत**

अभिनेत्री नीता ढुंगानाले यो वर्ष अन्तर्राष्ट्रिय स्तरको सफलता पाइन्। हुन त यो वर्ष उनले अभिनय गरेको एउटा मात्र चलचित्र 'पञ्चायत' प्रदर्शनमा आयो। यद्यपि यही चलचित्रबाट उनले अमेरिकामा आयोजित एउटा चलचित्र महोत्सवमा विदेशी भाषाको चलचित्रका लागि सर्वोत्कृष्ट अभिनेत्रीको एवार्ड जितिन्। १४ वर्षीया किशोरीको भूमिका निर्वाह गरेकी नीताको उक्त प्रयासलाई दर्शकले समेत मन पराए। यद्यपि यो चलचित्रले व्यवसायिक सफलता भने हासिल गर्न सकेन।

# व्यवसायका आधारमा उत्कृष्ट १० चलचित्र

● महेश तिमल्सिना

## छक्कापञ्जा-२




यो चलचित्र छक्कापञ्जाको सिक्वेल हो। ०७४ असोज ११ गते प्रदर्शनमा आएको चलचित्र छक्कापन्जा-२ ले आफूलाई यो वर्षकै सबैभन्दा बढी कमाइ गर्ने चलचित्रमा दर्ता गरायो। यो चलचित्र हलमा ५१ दिनभन्दा बढी चलेको थियो। दीपाश्री निरौलाको निर्देशनमा तयार भएको चलचित्र छक्कापन्जा-२ ले १५ करोड रुपैयाँ कमाइ गरेको थियो। दीपकराज गिरी, दीपाश्री निरौला, विकास आचार्य आदिको लगानीमा निर्माण भएको उक्त चलचित्रमा दीपकराज, केदार घिमिरे, जितु नेपाल, बुद्धि तामाङ, प्रियंका कार्की, स्वस्तिमा खड्का, वर्षा राउत, गौरव पहारी, स्वरुपुरुष ढकाल, सन्ध्या केसी, प्रकार घिमिरे, सरोज खनाल आदि कलाकारको अभिनय छ।

## कृ



माघ २६ गते प्रदर्शनमा आएको अनमोल केसी अभिनीत चलचित्र 'कृ'ले ८ करोड रुपैयाँ ग्रस कलेक्सन गऱ्यो। सुरेन्द्र पौडेलले निर्देशन गरेको उक्त चलचित्र हलमा तीन सातासम्म चलेको थियो। भुवन केसी तथा सुवास गिरीको संयुक्त लगानीमा निर्माण भएको चलचित्र कृमा अनमोलका अतिरिक्त अदिती बुढाथोकी, अनुपविक्रम शाही, कामेश्वर चौरासिया, सरोज खनाल, रुपा राना, लक्ष्मी गिरी आदि कलारकारले अभिनय गरेका छन्।


## २ रुपैयाँ

भदौ २४ गते प्रदर्शनमा आएको चलचित्र '२ रुपैयाँ' ले पनि राम्रै व्यापार गऱ्यो। यो चलचित्रले ७ करोडको हाराहारीमा व्यापार गरेको बताइन्छ। अशिम शाहको लेखन तथा निर्देशनमा सामाजिक तथा प्रेमकथामा आधारित उक्त चलचित्रमा निश्चल बस्नेत, आशिफ शाह, बुद्धि तामाङ, मेनुका प्रधान,




स्वस्तिमा खड्का, टीका पहारी, रवीन्द्र झा आदिको अभिनय छ।

## ए मेरो हजुर-२



सुनिलकुमार थापाले निर्माण गरेको चलचित्र ए मेरो हजुर-२ पनि यो वर्षको सफल चलचित्र हो। १ करोड २५ लाख लगानीको चलचित्र ए मेरो हजुर-२ ले ५ करोड ७२ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको थियो। झरना थापाको पहिलो निर्देशनको यो चलचित्रमा सलोन बस्नेत, साम्राज्ञी राज्यलक्ष्मी शाह, सलिनमान बानियाँ, अम्बर सुवेदी, अनुभव रेग्मीर, बुद्धि तामाङ, अनुराग कुँवर आदि कलाकारले अभिनय गरेका छन्।

## कान्छी




अभिनेत्री श्वेता खड्काद्वारा निर्मित चलचित्र 'कान्छी' पनि राम्रो व्यापार गर्ने चलचित्रको सूचीमा छ। कान्छीले ९ करोडभन्दा माथिको व्यापार गरेको छ। आकाश अधिकारीको निर्देशनको यो चलचित्रमा श्वेता खड्का, दयाहाङ राई, अनु शाह, प्रज्वल सुजल गिरी, भूमिका श्रेष्ठ आदिले अभिनय गरेका छन्।

## ऐश्वर्या




रमेश उप्रेती अभिनित चलचित्र ऐश्वर्याले ३ करोड ५० लाख ग्रस कलेक्सन गऱ्यो। दिवाकर भट्टराईको लेखन तथा निर्देशनको यो चलचित्रमा रमेशका अतिरिक्त दिपिका प्रसाईं, केकी अधिकारी, प्रशान्त ताम्राकार, विकाश खतिवडा, अर्जुन श्रेष्ठ आदि कलाकारको पनि अभिनय छ।

## म यस्तो गीत गाउँछु



पल शाह र पूजा शर्माद्वारा अभिनीत चलचित्र 'म यस्तो गीत गाउँछु' ले पनि व्यवसायिक सफलता हात पाऱ्यो। सुदर्शन थापाको निर्माण एवं निर्देशनको यो चलचित्रले ६ करोड आम्दानी गरेको बताइन्छ। प्रेमकथामा आधारित चलचित्र 'म यस्तो गीत गाउँछु' मा पल र पूजाका अतिरिक्त सरोज खनाल, रुपा राना, राजाराम पौडेल आदि कलाकारले अभिनय गरेका छन्। यो चलचित्रले राम्रो व्यापार गरेपछि चलचित्रकी निर्मात्री एवं अभिनेत्री पूजा शर्माले यसको सिक्वेलमा पनि पललाई नै अभिनय गराउने घोषणा गरिसकेकी छिन्।

## प्रेमगीत-२

यो चलचित्र ०७२ सालको सफल चलचित्र 'प्रेमगीत'को सिक्वेल हो। ०७४ साउन १३ गते प्रदर्शनमा आएको चलचित्र 'प्रेमगीत-२' पनि सफल चलचित्रमध्ये एक हो। करिब २ करोडको लगानीमा बनेको यो चलचित्रले ८ करोड आम्दानी गरेको थियो। सन्तोष सेनको निर्माण तथा रामशरण पाठकको निर्देशनमा बनेको चलचित्र 'प्रेमगीत' मा प्रदिप खड्का, अश्लेषा ठकुरी, कैलाश कटुवाल,



कविता रेग्मी, शिशिर भण्डारी, कुमार कार्की, श्रद्धा प्रसाईं आदि कलाकारको अभिनय छ।

## शत्रुगते




यो वर्ष व्यवसयिक रूपमा सफलता हात पारेको अर्को चलचित्र हो– शत्रुगते। चैत ९ गते प्रदर्शनमा आएको चलचित्र शत्रुगतेले दोस्रो हप्तासम्ममा ८ करोड भन्दा माथिको कारोबार गरेको थियो। सामाजिक, प्रेम र कमेडी कथामा आधारित यो चलचित्रलाई प्रदीप भट्टराईले निर्देशन गरेका छन्। मह सञ्चारले निर्माण गरेको यो चलचित्रमा हरिवंश आचार्य, मदनकृष्ण श्रेष्ठ, दीपकराज गिरी, दीपाश्री निरौला, पल शाह, प्रियंका कार्की, शिवहरी पौडेल, किरण केसी, रमेशरञ्जन झा आदि कलाकारको अभिनय हेर्न पाइन्छ।

## मिस्टर झोले

रामबाबु गुरुङको निर्देशनको चलचित्र 'मिस्टर झोले' पनि व्यवसायका आधारमा उत्कृष्ट चलचित्र मानिन्छ। १ करोड ६० लाख लगानी भएको यो चलचित्रले ४ करोड भन्दामाथि आम्दानी गरेको थियो। चलचित्र 'मिस्टर झोले' मा दयाहाङ राई, वर्षा राउत, दिया पुन, विजय बराल, बुद्धि तामाङ आदि कलाकारको महत्वपूर्ण भूमिका छ।



# झन्डै ५० करोड स्वाहा



सेन्सर बोर्डको तथ्यांकअनुसार २०७४ मा १ सय २२ वटा चलचित्रले प्रदर्शनको अनुमति पाए । तीमध्ये ८० वटा चलचित्र प्रदर्शनमा आए । यो वर्ष सातामा चारवटासम्म चलचित्र प्रदर्शन भए । तीमध्ये झन्डै एक दर्जन चलचित्रले मात्र लगानी सुरक्षित गरे । प्रविधि, कलाकारको अभिनय, विषयवस्तु आदि कारणले केही चलचित्र उत्कृष्ट रहे भने केही औसत अनि केही फ्लप ।

### जसलाई भाग्यले साथ दियो

दसैंको छेको पारेर प्रदर्शन भएको छक्कापन्जा–२ यो वर्षकै सबैभन्दा राम्रो व्यवसाय गर्ने चलचित्र बन्यो । दीपाश्री निरौला यही चलचित्रबाट स्थापित निर्देशकमा दरिइन् । चलचित्र शत्रुगतेको सफलतापछि निर्देशक प्रदीप भट्टराईले एकपटक फेरि आफूलाई प्रमाणित गरे । यसअघि विज्ञापन निर्माणमा सक्रिय दाजुभाइ आसिफ शाह तथा असिम शाहलाई चलचित्र दुई रुपैयाँको सफलताले स्थापित 'फिल्ममेकर' बनायो । अभिनेत्री श्वेता खड्काले यसै वर्ष चलचित्र 'कान्छी' मार्फत पुनरागमन गरिन् । झन्डै एक दशकपछि रजतपटमा फर्किएका अभिनेता रमेश उप्रेतीले निर्माण गरेको चलचित्र 'ऐश्वर्य' व्यवसायिक रूपमा सफल भएपछि त्यसको फाइदा निर्देशक दिवाकर भट्टराईसहित अभिनेत्री दीपिका प्रसाईं तथा प्रशान्त ताम्राकारलाई समेत भयो । प्रदीप खड्कालाई प्रेमगीत–२ ले भाग्यशाली बनायो । चलचित्र 'कृ' बाट अभिनेत्री अदिति बुढाथोकीले चलचित्र क्षेत्रमा सफल पदार्पण गरिन् । गोपीकृष्ण मुभिजकी अध्यक्ष निकिता पौडेल यही वर्ष चलचित्र विकास बोर्डको अध्यक्ष नियुक्त भइन् ।

### जसको सुध्रियो सम्बन्ध

लामो समयदेखि पानी बाराबारको स्थितिमा रहेका अभिनेता आर्यन सिग्देल र अभिनेत्री रेखा थापाबीच यही वर्ष बोलचाल भयो । त्यस्तै केही वर्षदेखि बोलचालसम्म बन्द भएका अभिनेता प्रदीप खड्का र अभिनेत्री पूजा शर्माबीचको सम्बन्ध पनि सुध्रियो ।

### जीवन साथीको साथ

अभिनेत्री अशिस्मा नकर्मीले अमेरिका बस्दै आएका नवीन प्रधानसँग विवाह गरिन् । अभिनेत्री निशा अधिकारी र क्रिकेटर शरद भेषवाकरले पनि यही वर्ष विवाह गरे । लामो समयदेखि अमेरिकामा बसोबास गर्दै आएका अभिनेता राजबल्लभ कोइरालाले प्रेमिका प्रतिमा विमलीसँग विवाह गरे । चलचित्र रिदमबाट उदाएकी अभिनेत्री निश्मा घिमिरे तथा नृत्य निर्देशक एवं अभिनेता गम्भीर विष्ट पनि यही वर्ष वैवाहिक जीवनमा बाँधिए । कलाकार हरिवंश आचार्यका छोरा मोहित वंश आचार्य पनि यही वर्ष वैवाहिक जीवनमा प्रवेश गरे ।

### जसले डेब्यु गरे

**अदिति बुढाथोकी**
**कृ**

**आशिरमान देशराज जोशी**
**ग्याङस्टार ब्लुज**

**अश्लेषा ठकुरी**
**प्रेमगीत–२**

**सलिनमान बानियाँ**
**ए मेरो हजुर–२**

**ओसिमा बानु**
**रोमियो**

**रोजिशा शाही**
**ग्याङस्टार ब्लुज**

**स्यारोन श्रेष्ठ**
**सायद–२**

**सन्नी सिंह**
**डायरी**

### इन एण्ड आउट

अभिनेत्री वर्षा सिवाकोटीले धमाधम चलचित्रमा काम गर्ने भन्दै साइन गरिन र धमाधम चलचित्र छोडिन । यो वर्ष मात्र उनले आधा दर्जन जति चलचित्र छोडेको बताइन्छ । यस्तै अभिनेता प्रशान्त ताम्राकार पनि वर्षा सिवाकोटी जस्तै चलचित्र छोड्ने र इन हुने मामिलामा अग्रणी रहे ।

### चलचित्रकर्मी जेल गएको वर्ष

चर्चित द्वन्द्व निर्देशक तथा कलाकार राजेन्द्र खड्गी मानव बेचबिखनको आरोपमा जेलमा कोचिए । जिल्ला अदालत काठमाडौंका न्यायाधीश टेकनारायण पौडेलको इजलासले खड्गीलाई पुर्पक्षका लागि जेल चलान गर्न आदेश दिएको थियो ।

### सलमान आउने हल्ला

भारतीय चलचित्रका अभिनेता सलमान खान काठमाडौं आउने खबरले उत्साहित नेपाली प्रशंसकहरू पछि जिल्ल परे । उनी २०७४ मै आउने भनिए पनि अब २०७५ सालको जेठमा मात्र आउने भएका छन् । सलमान खानको नेपाल भ्रमण माओवादीको विप्लव समूहको धम्कीका कारण सारिएको अपुष्ट समाचार पनि बाहिर आए ।

### झन्डै ५० करोड स्वाहा

यो वर्ष ६७ वटा चलचित्र सार्वजनिक प्रदर्शनमा आए । तीमध्ये १० वटा चलचित्रले मात्र लगानी उठाए । ती १० चलचित्रबाहेक बाँकी लगभग सबै चलचित्र असफल भए । नेपाली चलचित्रमा ५० लाख रुपैयाँदेखि २ करोड रुपैयाँसम्म लगानी भएको मान्ने हो भने एउटा चलचित्रमा औसत ८० लाख रुपैयाँ लगानी भएको अनुमान गर्न सकिन्छ । यस आधारमा यो वर्ष नेपाली चलचित्रमा लगानी भएको झन्डै ४५ करोड ६० लाख रुपैयाँ जोखिममा पर्‍यो ।

### डिभोर्सका कुरा

चर्चित हास्य कलाकार मनोज गजुरेलको दाम्पत्य जीवन यसैवर्ष टुट्यो । २०५३ सालमा झापाकी मीना ढकालसँग वैवाहिक सम्बन्धमा बाँधिएका मनोज गजुरेलको जोडी २२ वर्षपछि टुटेको हो । २०७४ साल पुस ११ गते गजुरेल दम्पतीले आपसी सहमतिकै पारपाचुके गरे । गायिका मिलन अमात्य र मेन्सनको वैवाहिक जीवन पनि यही वर्ष टुंगियो । उनीहरूले आपसि समझदारीमै पारपाचुके गरेको बताए पनि मिलनले आफ्नो गायन करियरमा परिवारबाट असहयोग भएकाले पारपाचुके दिएको बताइन् । यसैवर्ष अभिनेत्री रिमा विश्वकर्माको पनि पारपाचुके भयो । विश्वकर्मा करिब २ वर्ष अघि मात्र बेलायतमा रहँदै आएका रोबर्ट बिकसँग वैवाहिक जीवनमा बाँधिएकी थिइन ।

### जसले संसार त्यागे

यो वर्ष निर्देशक नीलु डोल्मा शेर्पाको हृदयाघातका कारण निधन भयो भने अभिनेत्री बिना थापा सडक दुर्घटनामा परेर मृत्युलाई अँगाल्न पुगिन् । कलाकार विष्णुभक्त फुयाँल पनि यही वर्ष बिदा भए । होचा कलाकार दिपेन शाहको पनि यसै वर्ष निधन भयो । कलाकार प्रदीप सिंहले पनि यही वर्ष संसार त्यागे । कलाकार लक्ष्मी रानाको निधन पनि यही वर्ष भएको हो ।

### यी पनि रहे हिट

- साम्राज्ञीको वक्षस्थलमा ट्याटु
- निशा अधिकारीको गर्भावस्थाको तस्विर ।
- पत्रकार सम्मेलनमा अंगरक्षकसँग प्रदीप ।
- प्रियंका कार्की र आयुष्मान देशराजको चुम्बन ।
- दुईटी विकिनी गर्लसँग विनय श्रेष्ठको इन्ट्री ।
- अभिनेत्री ऋचा शर्मामाथि छक्कापन्जाको गेट वेल सुन काण्ड ।
- जब पशुपति आर्यघाटमा मदनकृष्ण पत्नीको शवमाथि सोभिएका युट्युवरहरूको क्यामेरा ।

### पूर्वमिस नेपाल अस्पतालमा

सौगात मल्लसँग प्रेमसम्बन्धमा रहेकी पूर्वमिस नेपाल एवं अभिनेत्री सृष्टि श्रेष्ठ काटिएको नाडी लिएर नर्भिक अस्पताल पुगेपछि सामाजिक सञ्जालमा चर्चाको केन्द्रमा रहिन् । के कारणले नाडी काटिएको हो भन्ने कुरा स्पष्ट नभए पनि सौगातसँगको सम्बन्धमा केही खटपट भएर सृष्टिले नाडी काटेको आशंका सामाजिक सञ्जालमा गरिएको थियो ।

### जसको प्रेमसम्बन्ध चर्चामा रह्यो

- अभिनेत्री साम्राज्ञी र मयंक प्रेममा रहेको चर्चा यो वर्ष खुबै भयो । यद्यपि साम्राज्ञीले मयंक आफ्नो मिल्ने साथी मात्र भनेर टार्दै आएकी छिन् । उनीहरुले बिताएका पल तथा सामाजिक सञ्जालमा सेयर गरेका तस्विरले उनीहरुको प्रेमलाई लुक्न दिएको छैन ।
- चलचित्र 'ऐश्वर्य' हिट भएसँगै अभिनेत्री दीपिका प्रसाईं तथा निर्देशक दिवाकर भट्टराईको प्रेमको चर्चा पनि चल्यो तर, पछि निर्देशक भट्टराईले उक्त खवरमा सत्यता नरहेको बताए । यद्यपि हल्ला गर्नेहरूलाई कसले रोक्नसक्छ- दीपिकाको प्रेममा परेकै कारण निर्देशक भट्टराईले आफूले निर्देशन गर्न लागेको नयाँ चलचित्र 'क्याप्टेन' मा दीपिकाको नाम सिफारिस गरेको खबर पनि आयो ।
- चलचित्र 'ए मेरो हजुर २' बाट यही वर्ष सिने नगरीमा भित्रिएका अभिनेता सलिनमान बानियाको प्रेमले पनि यो वर्ष चर्चा पायो । सलिन अस्प्रिना श्रेष्ठको प्रेममा छन् । सलिनको जन्मदिनमा अस्प्रिनाले र अस्प्रिनाको जन्मदिनमा सलिनले एकअर्कालाई सरप्राइज मात्र दिएनन्, सामाजिक सञ्जालमा एक अर्काले माया भन्दै धन्यवादसमेत दिए । सलिनकी प्रेमिका अस्प्रिना प्रोफेसनल मेकअप आर्टिस्ट हुन् ।

## निराशामा परिणत भएको आशा

सत्यराज आचार्य कुशल गायक हुन् । आचार्यले यो वर्ष चलचित्र अभिनेताका रूपमा प्रयोग गरे चलचित्र साढे सातमा फोटो पत्रकारको भूमिकामा प्रस्तुत हुँदै । यो चलचित्र सिनेमा हलमा टिक्न सकेन, दुई दिन नबित्दै उत्रियो । साम्तेन भुटियाजस्ता खारिएका निर्देशकले के सोचेर यो चलचित्र निर्देशन गरेका होलान् भन्ने जिज्ञासा चलचित्र समीक्षकहरूले गरिरहे । सुनिल रावलको सायद–२ पनि फ्लप चलचित्रको सूचीमा दरियो । सायदको सफलताबाट हौसिएका रावलले सायद–२ का लागि खासै मेहनत गरेको पाइएन, चलचित्रलाई दर्शकले रुचाएनन् । चलचित्र पञ्चायत पनि व्यवसायिक रूपमा असफल भयो । यो चलचित्रले राजनीतिक दलका नेताहरूको चित्त बुझाए पनि आमदर्शकलाई सिनेमा हलसम्म तान्न सकेन । रेखा थापाले पहिलो पटक खलपात्रको भूमिका निर्वाह गरेको छुल्ठिम गुरुङको चलचित्र डायरीबाट धेरै अपेक्षा गरिएको थियो तर त्यो अपेक्षा पूरा भएन । अराज केशवको चलचित्र जालो एकै सटमा छायांकन गरिएको चलचित्र हो । यो चलचित्रको प्रचार-प्रसार त्यहीअनुसार गरिए पनि त्यसले व्यवसायिक सफलता भने प्राप्त गर्न सकेन । निर्देशक सुरज सुब्बा नाल्बोको चलचित्र रातो घरले पनि आशा गरिए जस्तो व्यवसाय गर्न सकेन । वर्षा शिवाकोटी र सुशील श्रेष्ठको जोडीले अभियन गरेको चलचित्र कारखाना तथा पल शाह र आँचल शर्माको चलचित्र जोनी जेन्टलम्यान असफल होला भन्ने कमैले सोचेका थिए । रोज राणाको चलचित्र मेरो पैसा खैको अवस्था पनि त्यस्तै भयो । हसन खानले चलचित्र रोमियोबाट ठूलै चोट बेहोर्नुपर्‍यो । निशा अधिकारीको झ्यानाकुटीले पनि दर्शकलाई निराश बनायो । राम्रै प्रचार-प्रसार गरिएको केकी अधिकारी र नाजिर हुसैनको तराईको समस्यामा आधारित राज्जा रानीले पहाडमा त के, तराईमै समेत सफलता पाएन । सौगात मल्ल र विपिन कार्कीको चलचित्र लालपुर्जा, निखिल उप्रेतीको रुद्र तथा पिंजडा ब्याक अगेनले पनि पर्याप्त दर्शक तान्न सकेनन् । विपिन कार्कीकै चलचित्र नाका समेत असफल चलचित्रको सूचीमा दरियो । हुर्रे, ब्लाइन्ड रक्स, गाँजा बाजा आदि चलचित्रलाई समेत लगानी सुरक्षित गर्न धौ-धौ पर्‍यो ।

# अनलाइनमा भाइरल भएका ७४ सालका प्रमुख घटना

● आभास अधिकारी/नितेश उपाध्याय

इन्टरनेट तथा सोसल मिडियाको प्रयोग बढेसँगै नेपालीहरूको जीवनमा यसको प्रभाव बढ्दै गएको छ। वर्ष २०७४ मा नेपाली अनलाइन प्रयोगकर्तामाझ विभिन्न घटना चर्चामा रहे, जसमा राजनीति मात्र नभै संगीत, सामाजिक एवं अपराध आदिका घटना प्रमुख छन्। आखिर कुन-कुन घटनाले यो वर्षलाई तताए त ?

### दलाई लामाको बुद्ध जन्मस्थानबारेको टिप्पणी

भारतको एक कार्यक्रममा बुद्ध नेपाल, भारत, तिब्बत वा चीन कुनै पनि देशको नभएको दलाई लामाले बताएका थिए। उक्त अभिव्यक्तिका कारण लामा नेपालीहरूबाट आलोचनाको सिकार भए भने पछि लामाले टिबेट डट नेट वेबसाइटमा बुद्ध नेपालमै जन्मिएका हुन् भन्ने स्पष्टीकरण दिए।

### दरबारमार्गका ब्रान्डेड पसलमा सिलबन्दी

दरबारमार्गका ब्रान्डेड स्टोरमा ११ गुणासम्म बढी मूल्य लिइएको पाइएपछि आपूर्तिमन्त्री शिवकुमार मण्डलसहित आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभागले गरेको अनुगमनले पनि सामाजिक सञ्जालमा निकै चर्चा पायो। दरबारमार्गस्थित पुमा, नाइके, बिन्टले तथा स्टोर वानजस्ता केही स्टोरमा अनुगमनका क्रममा ११ सय प्रतिशतसम्म मूल्य लिइएको पाइएको थियो। उक्त घटनापश्चात् ब्रान्डेड भनिएका ती स्टोरको निकै आलोचना भएको थियो र केही समयसम्म व्यापारीहरू स्टोर नै बन्द गरेर विरोधमा उत्रिएका थिए।

### लुकाइएको ८८ किलो सुन

प्रहरीको अपराध महाशाखाले अहिलेसम्मकै सबैभन्दा धेरै ८८ किलो सुन बरामद गरी काठमाडौंबाट एक जनालाई पक्राउ गरेपछि सामाजिक सञ्जाल तातेको थियो। गाडीमा चालक बस्ने सिटपछाडिको भागमा उक्त सुन लुकाइएको थियो।



### वरुण चौधरीको विवाह

उद्योगपति विनोद चौधरीका छोरा वरुण चौधरीको विवाहले नेपाली सामाजिक सञ्जाल तथा छापा मिडिया मात्र नभएर भारतीय मिडियामा पनि चर्चा पायो। वरुण र अनुश्रीको विवाहमा श्रीलंकाका प्रधानमन्त्री रानिल विक्रमसिंघे, बलिउड अभिनेता सलमान खान, शत्रुघ्न सिन्हा, गायक मिका सिंह, मोडल डिनो मोरियो, गायिका कनिका कपुरलगायत नेपाल तथा भारतका थुप्रै प्रतिष्ठित व्यक्तिहरू सहभागी थिए।

### विवाहको अघिल्लो दिन दुलाहा बेपत्ता

विवाहको अघिल्लो राति एक युवक गायब भएपछि उनी सामाजिक सञ्जालमा भाइरल भए। गैंडाकोटका दुलाहा बालकृष्ण खरेलको अपहरण भएको आशंका गरियो। अपहरण भएको आशंका गर्दै परिवार तथा आफन्तजनले प्रशासन घेराउ गर्दै उनलाई खोज्न दबाब दिएका थिए। पछि उनी भारतमा घुमी रहेको प्रमाण प्रहरीले प्राप्त गरेको थियो।

### महिलाको चुल्ठो काट्ने कीरा


राति महिलाको चुल्ठो काटिने खबरले सामाजिक सञ्जालमा तरंग पैदा गर्‍यो भने चुल्ठो काटिएका अधिकांश महिला शारीरिक रूपमा कमजोर, अशक्त, सुत्केरी तथा दीर्घरोगी थिए। महिलाहरू घरबाहिर जाँदा, काम गर्दा यस्तो घटना भएको थियो भने केहीले चाहिँ खाना पकाउँदा, टेलिभिजन हेरिरहेका बखत, सुतेको अवस्थामा चुल्ठो काटिएको बताएका थिए। पछि मैकी नामक कीराले त्यसरी कपाल काटेको आशंका गरियो।

### अनलाइन मिडियामार्फत भएको क्रिप्टोकरेन्सी माइनिङ

नेपालको एक चर्चित अनलाइन मिडियाका प्रयोगकर्ताले यसै वर्षको अन्तिममा एउटा नौलो घटनाको उजागर गरे, जसअनुसार नेपालकै नम्बर १ भनेर चिनिएको एक अनलाइनमार्फत यस्तो क्रियाकलाप भैरहेको पाइयो, जसलाई सामान्य शब्दमा भन्नुपर्दा प्रयोगकर्ताको विश्वासमाथिको अक्षम्य घात मात्र होइन, गैरकानुनी नै भन्नु उचित हुन्छ। नेपालमा कानुनी रूपमा वर्जित क्रिप्टोकरेन्सीको माइनिङ गरिरहेको उक्त अनलाइनले यसप्रति आफू अन्जान रहेको तथा यसमा आफ्नो संलग्नता नभएको विज्ञप्ति नै जारी गर्‍यो। यो घटनाको निक्यौंल के रह्यो भन्ने जानकारी अहिलेसम्म गराइएको छैन।

# युट्युबमा भाइरल भिडियो








### सीमा सुवेदी

गत असार महिनामा सीमा सुवेदी नामकी एक युवती एकाएक भाइरल भइन्। उनले नेपालीहरूले भारतको विरोध गर्नुभन्दा पहिले हजारौं पटक सोच्नुपर्ने अनि भारतीयहरूले भूकम्पका बेला चन्दा नदिएको भए नेपालीको के हालत हुन्थ्यो भन्दै एउटा भिडियो सार्वजनिक गरेकी थिइन्। उक्त भिडियो सार्वजनिक भएसँगै नेपालीहरू सीमा विरुद्ध खनिए। सीमाको उक्त भिडियो लामो समयसम्म युट्युब ट्रेन्डिङमा रह्यो जसको कमेन्टमा निकै आक्रामक टिप्पणी गरिए।

### साकार अधिकारी

साकार अधिकारी नामक एक युवक अरूलाई सरापेरै भाइरल भए। अधिकारी लाहुरे उपनामले चिनिने आशिष राना, पुष्पकमल दाहाल प्रचण्ड, रानी एलिजावेथ तथा आफ्नै दिदीविरुद्ध अपशब्द







बोलेको आफ्नो फेसबुक तथा युट्युबमा राख्थे। त्यसक्रममा विभिन्न युट्युब च्यानलले साकारले अपलोड गरेका भिडियोलाई भ्युअर्स बढाउने उद्देश्यले आफ्नो च्यानलका लागि प्रयोग गरे। साकारले सार्वजनिक गरेका भिडियोमा प्रयोग भएको कट्टा हान्छु भन्ने शब्द यतिबेला युवापुस्ताको थेगो नै भएको छ।

### तिर्सना बुढाथोकी

मोडल तिर्सना बुढाथोकी आफ्ना हट तस्बीर तथा भिडियोका कारण बेलाबखत चर्चामा आइरहन्छिन्। उनले केही महिनाअघि फेसबुक लाइभमा आएर आफ्ना वक्षस्थल देखाउँदै आफू निकै हट र सेक्सी भएको कुरा बताएकी थिइन्। उनको उक्त भिडियो तत्कालै युट्युबमा भाइरल भएको थियो। बुढाथोकी केही समय अघि बाथरुममा नुहाइरहेको आफ्नो अर्धनग्न तस्बिर सामाजिक सञ्जालमा सेयर गरेर समेत विवादमा तानिएकी थिइन्।

### युनिस्मा राई

युनिस्मा राई फेसबुक लाइभमा अश्लील शब्द बोलेर भाइरल भइन्। उनले फेसबुकमार्फत सार्वजनिक गरेका प्रायः सबै भिडियो युट्युबमा समेत भाइरल भए। आफ्नै भाइले अश्लील शब्द प्रयोग गर्दै भिडियो लाइभ गर्ने क्रम नरोके झुण्डिएर मर्छु भनेपछि युनिस्माले भिडियोमार्फत नै रुँदै अब आफूले त्यस्तो नगर्ने बताएकी थिइन्। उनको उक्त भिडियोमा प्रतिक्रिया जनाएका गोविन्द सुवेदी पनि सँगसँगै युट्युबमा भाइरल भएका थिए।

### टीकाथली भूतकाण्ड

न्युज २४ टेलिभिजनमा प्रसारण हुने सीधा कुरा जनतासँगमा पत्रकार रवि लामिछानेले ललितपुरस्थित टीकाथलीको भूतकाण्डसम्बन्धी एक सामग्री प्रसारण गरे जसले निकै चर्चा पायो। उक्त भूतकाण्ड युट्युब ट्रेन्डिङको १ नम्बरमा पुग्यो। यो भिडियो युट्युबमा हालसम्म १२ लाखपटक हेरिएको छ।

### यूएस बाङ्गला बिमान दुर्घटना

युट्युबमा भाइरल हुने घटना मध्येको एक हो, त्रिभुवन विमानस्थलमा फागुन २८ गते दुर्घटना ग्रस्त यूएस बाङ्गलाको विमान। उक्त बिमान दुर्घटना भएपछि खिचिएका विभिन्न भिडियो युट्युबमा भाइरल भएका थिए।

### रोबोट सोफिया

सोफिया रोबोटलाई साउदी अरेबियाले नागरिकतासम्म प्रदान गरेको छ। संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रमको पहलमा उनी गत चैत ७ गते नेपाल आएकी थिइन्। सोफियाले यूएनडीपीले होटल याक एण्ड यतीमा आयोजना गरेको टेक्नोलोजी फर पब्लिक सर्भिसेज/डेभलपमेन्ट सम्मेलनमा प्रवचन समेत दिइन्। उनले उक्त सम्मेलनमा दिएको प्रवचन अहिलेपनि युट्युबमा भाइरल भैरहेको छ।

### जोन तामाङ

ललितपुर थसिखेलस्थित अजय शिक्षा सदनको कक्षा ६ मा अध्ययनरत जोन तामाङ फूलचोकी हाइकिङका क्रममा बेपत्ता भए। बेपत्ता भएको ७ दिन पछि उनी फेला परे। जोन फेला परेपछि विभिन्न युट्युब च्यानलले उनीसँग कुराकानी गरे। जोनसँग कुराकानी गरिएका ती भिडियो पनि युट्युबमा भाइरल भए।

### साझा सवालमा शेरबहादुर देउवा

साझा सवालको ५०० औं अंकमा जवाफ दिन तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवा उपस्थित थिए। त्यस क्रममा प्रश्नकर्ता सागर ढकालले देउवासँग एउटा प्रश्न गरे। यता देउवाले उनको प्रश्नमाथि नै आक्रोश व्यक्त गर्दै झर्किएको शैलीमा जवाफ दिएसँगै देउवाको आलोचना हुन थाल्यो। त्यस क्रममा देउवाले दिएको अभिव्यक्ति युट्युबमा भाइरल भएको थियो।

# नेपाली संगीतको ट्रेन्डिङ वर्ष

वर्ष २०७४ को नेपाली सांगीतिक क्षेत्रलाई युट्युबले नियन्त्रण गऱ्यो भन्दा फरक पर्दैन । नेपाली टेलिभिजन च्यानलको संख्या दुई दर्जनभन्दा बढी पुगे पनि दर्शकहरूले यो वर्ष सार्वजनिक भएका नेपाली गीत-संगीतका म्युजिक भिडियो हेर्न कुनै पनि च्यानलको रिमोट परिवर्तन गरेनन्, मोबाइलको स्क्रिनमा औंला दौडाउँदै युट्युब च्यानल खोले अर्थात् आफूलाई अनुकूल पर्ने समयमा युट्युबमा अपलोड गरिएका भिडियोहरु हेरेर मनोरञ्जन प्राप्त गरे । अधिकांश दर्शकले युट्युबबाट आफ्ना गीत-संगीत सुन्न तथा हेर्न थालेपछि स्रष्टाहरूलाई पनि सहज भयो । वर्ष २०७४ को अन्त्यसम्म आइपुग्दा युट्युबमा आफ्नै च्यानल नहुने गायक-गायिकाको संख्या अत्यन्त कम रह्यो । हुन पनि गुगलले जिमेल एकाउन्ट हुने हरेकलाई युट्युब च्यानल खोल्न सक्ने सुविधा दिएपछि आजको मितिमा च्यानल खोल्न सेलिब्रेटी नै हुनु पर्ने अथवा कम्पनी नै आवश्यक पर्ने बाध्यता समेत हट्यो ।

## ट्रेन्डिङको चक्कर

नेपाली गीत-संगीतले नेपाली टेलिभिजन च्यानल तथा एफएम रेडियोमा मात्र भर पर्नुपर्ने अवस्था यो वर्षदेखि अन्त्य भयो भन्दा फरक पर्दैन । अझ नेपाली टेलिभिजन तथा रेडियोमा मात्र भर पर्दा आफ्ना सिर्जनाहरू सञ्चारमाध्यमले निर्धारित गरेको समयमा मात्र प्रसारण हुने बाध्यता एकातिर छ भने अर्कातिर रेडियो सुन्न तथा टेलिभिजन हेर्न निश्चित समय छुट्याउनुपर्ने बाध्यता पनि छ । यी दुवै बाध्यतालाई युट्युबले चिरिदियो । नेपाली सांगीतिक क्षेत्रमा युट्युबले लोकप्रियताको मानककै भूमिका खेल्न थाल्यो । युट्युबको ट्रेन्डिङमा पर्न सफल गीत लोकप्रिय भएको मान्ने ट्रेन्ड नै चल्यो । ट्रेन्डिङको नम्बर एकमै पर्न सफल भयो भने त्यसले राष्ट्रिय स्तरको चर्चा पाउन थाल्यो ।

युट्युब ट्रेन्डिङले अर्को एउटा राम्रो काम पनि गरेको छ । स्तरीय तथा आकर्षक म्युजिक भिडियोले मात्र धेरै भन्दा धेरै दर्शक पाउने तथा ट्रेन्डिङमा पर्ने सम्भावना देखिएपछि म्युजिक भिडियोमा लगानी गर्नेहरू सचेत हुन बाध्य भए । म्युजिक भिडियोका लागि अनुभवी निर्देशक, लोकप्रिय कलाकार, राम्रो गीत-संगीत, आकर्षक लोकेशन, डिजाइनर पहिरन आदि कुरामा ध्यान दिन थालियो । फलस्वरुप वर्ष २०७४ मा निर्माण भएको अधिकांश म्युजिक भिडियो गुणस्तरका दृष्टिले उत्कृष्ट रहे ।



## रोयल्टीमा विवाद

चैतको तेस्रो साता सरकारले एउटा यस्तो निर्णय गऱ्यो, जसले सम्पूर्ण संगीतकर्मीको मुहारमा मुस्कान ल्यायो, यद्यपि त्यही निर्णयले अर्को एउटा पक्षलाई भने नमीठो स्वाद चखायो । प्रसंग हो रोयल्टीको । यातायात व्यवस्था विभागले यातायात व्यवस्थापन कार्यविधि निर्देशिका-२०६० संशोधन गरी सार्वजनिक यातायातले नेपाली गीत बजाएबापत रोयल्टी बुझाउने पर्ने नियम लागू गऱ्यो । रुट इजाजत लिँदा नै संगीतसम्बन्धी रोयल्टी चुक्ता गरेको हुनुपर्ने व्यवस्था गरियो । रोयल्टी चुक्ता नभए इजाजत नै नदिइने विभागले जनायो । यातायात व्यवसायीले गीत बजाएबापत रोयल्टी नतिर्ने निर्णय गरे । नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघको बैठकले सार्वजनिक सवारीमा गीत-संगीत बजाउँदा रोयल्टी तिर्नुपर्ने सरकारको निर्णय नमान्ने जनायो ।

## डिजिटल बजार विस्तार

'दुई दिनपछि एल्बम सार्वजनिक हुँदैछ, तपाईंले मेरा यी दसवटा गीतलाई आजै आइट्युनमा अपलोड गरिदिनुप्यो, अमेरिकाबाट गजल एल्बम 'तिमी साथ भएपछि' सार्वजनिक गर्न काठमाडौं आएका गजलकार सुरेश वाग्ले भिडियो निर्देशक शान थापासँग आग्रह गरिरहेका थिए । वाग्लेको बुझाइमा नेपाली गीत-संगीतको डिजिटल बजार खोज्ने बेला आइसकेको छ । युट्युबमा म्युजिक भिडियो राखेर आम्दानी गर्नु सामान्य कुरा हो, अब आइट्युनसहितका संगीत बिक्री हुने डिजिटल बजारमा नेपाली गीत-संगीतलाई अनिवार्य रूपमा सहभागि गराउन गजलकार वाग्लेले सम्पूर्ण संगीतकर्मीहरूलाई सुझाव समेत दिएका छन् ।

## गीत चोरीको प्रसंग

चलचित्र सम्झनाको उकालीमा अघिअघि गीत बिनाअनुमति चलचित्र 'कृ' मा राखिएको भन्दै निर्देशक शम्भु प्रधानले प्रहरीमा जाहेरी दिए । उनको जाहेरीका आधारमा 'कृ' का निर्माता सुवास गिरीलाई प्रहरीले अनुसन्धानका लागि १७ घण्टा हिरासतमा राख्यो । अन्तमा शम्भु प्रधानलाई ११ लाख रुपैयाँ क्षतिपूर्ति र युट्युबबाट गीत हटाइने सहमतिपश्चात् निर्माता गिरी प्रहरी हिरासतबाट मुक्त भए । चलचित्रका संगीतकार अल्मोडा रानालाई यसअघि छक्कापञ्जा-२ को ए दाजु नसमाऊ नाडीमा गीतको संगीत पनि चोरी गरेको आरोप लागेको थियो । छक्कापञ्जा-२ मा रानाले कान्छा मगर नेपालीको गीतको केही शब्द प्रयोग गरेका थिए ।

## राजनराजको कीर्तिमान

गायक, गीतकार तथा संगीतकारका रूपमा राजनराज शिवाकोटी यो वर्षभरि छाइरहे । युट्युबमा सबैभन्दा धेरै पटक हेरिएका उत्कृष्ट पाँच गीतका सजर्क बन्ने दुर्लभ कीर्तिमान उनैले कायम गरे । कुटुमा कुटुसहित उनका पाँचवटा सिर्जना अहिले पनि युट्युबमा सबैभन्दा बढी हेरिएका नेपाली गीतको सूचीमा छन् ।

## आस्था र ज्योतिबीच भनाभन

चर्चित गायिका आस्था राउत एवं ज्योति मगरबीच सामाजिक सञ्जालमा भनाभन नै भयो । गायिका आस्थाले आफ्नो फेसबुकमार्फत महोत्सवमा अश्लिलता फैलाउनेहरूविरुद्ध आवाज उठाएकी थिइन् । त्यसले प्रत्यक्ष रूपमा ज्योति मगरलाई छोएछ । उनले आस्थालाई कडा जवाफ फर्काइन् । ज्योति मगर यो वर्ष सबैभन्दा विवादित गायिका सावित भइन् । यही वर्ष देश तथा विदेशका कार्यक्रममा सरस्वती लामाले तहल्का मच्चाइन्, ज्योतिले जस्तै । उनी कोहलपुर महोत्सवबाट त लखेटिइन् नै ।

## शंकर विसीको धम्की

वर्षको अन्त्यमा म्युजिक भिडियो निर्देशक शंकर विसीले एक युट्युबकर्मीलाई पिट्ने धम्की दिए । भृकुटीमण्डपमा भैरहेको राष्ट्रिय दोहोरी गीत प्रतियोगिता उद्घाटनका क्रममा शंकरले ती युट्युबकर्मीलाई 'घुरेर हेर्ने तेरो हैसियत हो ?' भन्दै थर्काए र भने 'राम्रो पिटाइ भेट्लास नी ।' उनले यसरी थर्काएको भिडियो तुरुन्तै यूट्युबकर्मीले यूट्युबमा पोष्ट गरिदिए, जुन तत्कालै भाइरल भयो ।

## सुरज तामाङ "भिटेन"

भिटेन नामक एक ऱ्यापरले सिमसिमे पानीमा गीत युट्युबमा अपलोड त गरे तर, उक्त गीतमा अश्लील शब्द प्रयोग भएका कारण युट्युबले त्यसलाई आफ्नो च्यानलबाट हटायो । युट्युबले हटाएपछि भिटेनले उक्त गीतलाई परिमार्जित गरी पुनः युट्युबमा अपलोड गरे । उक्त परिमार्जित गीत यतिबेला युट्युबमा भाइरल भैरहेको छ ।

## प्रीति र प्रकाशको दोहारी ब्याटल

प्रीती आले र प्रकाश सपुतको दोहोरी ब्याटल पनि युट्युबमा भाइरल भैरहेको छ । पहिलोपटक अपलोड भएर ट्रेन्डिङको ५ नम्बरमा परिसकेको उक्त दोहोरी ब्याटलको चौतर्फी विरोध भएपछि त्यसलाई युट्युबबाट हटाइएको थियो । त्यसपछि उक्त भिडियोलाई परिमार्जित गर्दै पुनः युट्युबमा अपलोड गरियो । दोहोऱ्याएर युट्युबमा अपलोड भएपछि पनि उक्त भिडियो भाइरल भएको छ ।

## डिसलाइक पाउने गायिका

हास्यकलाकार मनोज गजुरेलसँग सम्बन्ध विच्छेदपश्चात् गायन क्षेत्रमा हामफालेकी मीना ढकालले युट्युबमा डिसलाइक पाउने गायिकाको उपाधि नै हासिल गरिन् । युट्युबमा उनको गीत अपलोड भएपछि त्यसको नकारात्मक चर्चा मात्र भएन, उनी केही समयसम्म सामाजिक सञ्जालमा भाइरल नै भइन् ।

## नेपाल आइडल

गायनमा आधारित रियालिटी शो नेपाल आइडल पनि लामो समयसम्म सामाजिक सञ्जालको चर्चामा रह्यो । चर्चासँगै विवादमा पनि अगाडि देखिएको नेपाल आइडलले झन्डै कानुनी व्यवधान पनि बेहोरेको थियो भने सामाजिक सञ्जालमै नेपाल आइडलका निर्णायकहरूले थुप्रै नकारात्मक प्रतिक्रिया पाए । थुप्रै अड्चनका बीच सम्पन्न नेपाल आइडलको विजेता ग्रान्ड फिनाले प्राविधिक कारणवश टेलिभिजनमा प्रत्यक्ष प्रसारण हुन सकेन, जसका कारण यसका सञ्चालकहरूले सामाजिक सञ्जालमा विरोध खेप्नुपऱ्यो भने विजेतालाई पुरस्कारबापतको सामग्री हस्तान्तरण नगरेको भनेर यो कार्यक्रम फेरि एकपटक विवादमा आयो ।

## डिजे मार्समेलो

काठमाडौंको दरबारमार्गस्थित एक नाइट क्लब डेजा भूका कारण विश्वप्रसिद्ध डिजे 'मार्समेलो' नेपालमा एक्कासि चर्चामा आए । हजारौं रुपैयाँ तिरेर किनिएको टिकट लिएर आएका दर्शक तब रिसाए जब उनिहरूले 'मार्समेलो' नआउने खबर प्राप्त गरे । त्यसपछि आक्रोशित भिडले क्लब डेजा भूलाई ध्वस्त हुने गरी तोडफोड गऱ्यो । त्यसपश्चात् धेरै नेपालीको नजरमा परेका डिजे मार्समेलो यो वर्ष चर्चामा आइरहे ।

### युट्युबमा सर्वाधिक हेरिएका गीत



**कुटुमा कुटु**
**गायक** : राजनराज शिवाकोटी
**भ्युज** : ५ करोड ४८ लाख १५ हजार

**ए दाजु नसमाउ नाडीमा**
**गायक/गायिका** : अल्मोडा राना उप्रेती तथा सुजाता बर्मा
**भ्युज** : २ करोड १८ लाख

**रूपै मोहनी**
**गायक/गायिका** : टंक बुढाथोकी तथा मीना निरौला
**भ्युज** : १ करोड ५२ लाख ६४ हजार

**तिमी रोएको पल**
**गायक** : अर्जुन पोखरेल
**भ्युज** : १ करोड ४६ लाख ८ हजार

**भन्छु आज मनका कुरा**
**गायक/गायिका** : सुगम पोखरेल तथा अञ्जु पन्त
**भ्युज** : १ करोड ४५ लाख ५४ हजार

**पर्स-पर्स मायालु**
**गायक/गायिका** : कृष्ण काफ्ले तथा विन्दु परियार
**भ्युज** : १ करोड ४१ लाख २२ हजार

**चरी चट्ट परी**
**गायक/गायिका** : राजनराज शिवाकोटी तथा अञ्जु पन्त
**भ्युज** : १ करोड ३८ लाख ५५ हजार

**कसम हो कसम**
**गायक** : सुगम पोखरेल
**भ्युज** : १ करोड २६ लाख २३ हजार

**माछीले खाने खोलीको लेउ**
**गायक/गायिका** : मेलिना राई तथा सरोज वली
**भ्युज** : १ करोड २१ लाख ९ हजार

**किन आजकाल**
**गायक** : अर्जुन पोखरेल
**भ्युज** : १ करोड १२ लाख ६ हजार

**भाइरल भैदियो**
**गायक** : मानस राज
**भ्युज** : १ करोड ५० लाख ९३ हजार

**दिलको भित्तैमा**
**गायक** : अल्मोडा राना उप्रेती, एन्जिला रेग्मी तथा नवीन रावल ।
**भ्युज** : १ करोड २५ लाख ९८ हजार

## वर्षका तस्बिर




**नयाँ जीवनको पहिलो जन्मदिन :** हराएको ४७ दिनपछि लाङटाङको त्याङ्ग्रेभीरमा फेला परेका ताइवानी युवा लियाङ शेङ युह ग्रान्डी अस्पतालमा आफ्नो २२ औं जन्मदिन मनाउँदै । युह तथा उनकी साथी हिउँमा चिप्लिएर बेपत्ता भएका थिए ।

**तस्बिर : अंगद ढकाल**



**जल समाधि :** अत्यधिक वर्षा तथा बाढीका कारण सप्तरीमा जमिन नदेखिने भएपछि ज्वरोका कारण मृत्यु भएका ८ वर्षीय कमल सदालाई उनका काका देवकुमार सदाले कोशी नदीमा जल समाधि गराउँदै ।

**तस्बिर : नरेन्द्र श्रेष्ठ**



**सडकमा ज्येष्ठ नागरिक :** सरकारले ज्येष्ठ नागरिकलाई दिँदै आएको भत्तामा वृद्धि, यातायातमा ५० प्रतिशत छुट तथा उपचार सुविधाको माग गर्दै मीनभवनमा गरिएको प्रदर्शन ।

**तस्बिर : प्रकाशचन्द्र तिमिल्सिना**



**कानुनी दाहसंस्कार :** चितवनको कसरामा वन्यजन्तुहरूको आखेटोपहार जलाउने तयारी । यो कार्यक्रममा ४८ विभिन्न वन्यजन्तुका ४ हजार १२ अंगको कानुनी दाहसंस्कार गरिएको थियो ।

**तस्बिर : हेमन्त श्रेष्ठ**



**काठमाडौंका सडक पनि पखालिन्छ :** अत्यधिक धूलो भएपछि महानगरका कर्मचारीहरु राति जेट स्प्रे प्रयोग गरी सडक पखाल्दै ।

**तस्बिर : अंगद ढकाल**



**अनुशासित यात्रु :** सार्वजनिक यातायात चढ्न सधैं तँछाडमछाड गर्ने यात्रुहरु ट्राफिक व्यवस्थापनपछि लामबद्ध भएर रत्नपार्कमा माइक्रो चढ्दै ।

**तस्बिर : संजोग मानन्धर**



**स्वास्थलाभको बिदाइ :** पूर्वराजा ज्ञानेन्द्र शाह नर्भिक अस्पतालमा उपचार गरेर निवास फर्कने क्रममा अस्पतालका कर्मचारीहरुसँग बिदाइ अभिवादन गर्दै ।

**तस्बिर : अंगद ढकाल**



**झुपडीमा डोजर :** त्रिपुरेश्वरको बाग्मती नदी किनारमा अव्यवस्थित रुपमा छाप्रो बनाएर बसेका व्यक्तिहरुको घर डोजर लगाएर भत्काइँदै ।

**तस्बिर : केशव थापा**



**नयाँ देवी प्रकट :** ललितपुरमा जीवित देवीका रुपमा पाँच वर्षीया निहिरा बज्राचार्यको चयन भयो । नयाँ कुमारीसँग आशीर्वाद तथा प्रसाद ग्रहण गर्दै श्रद्धालु ।

**तस्बिर : अनिश रेग्मी**

# वर्षका चर्चित स्मार्टफोन

वर्ष २०७४ मा नेपाली बजारमा धेरै ब्रान्डका स्मार्टफोन भित्रिए। कतिपय नयाँ कम्पनीले समेत आफ्ना उत्पादन बजारमा उतारे। वर्ष २०७४ मा नेपाली बजारमा धेरै ब्रान्डका स्मार्टफोन भित्रिए। कतिपय नयाँ कम्पनीले समेत आफ्ना उत्पादन बजारमा उतारे।



### आईफोन एक्स

आईफोन एक्स ६४ जीबी तथा २ सय ५६ जीबी स्टोरेजमा उपलब्ध छ। ५ दशमलव ८ इन्चको यो सेटको डिस्प्ले अहिले बजारमा रहेका मोबाइलहरूमध्ये सर्वाधिक स्पष्ट भएकै कारण यसको नाम सुपर रेटिना डिस्प्ले राखिएको छ। स्टेनलेस स्टिलको यो सेटमा १२ मेगा पिक्सेलको ड्युअल रिअर क्यामेरा जडान गरिएको छ। कम प्रकाशमा पनि तस्बिर खिच्न मिलोस् भनेर एउटा क्यामेराको एपर्चर १ दशमलव ८ र अर्कोको २ दशमलव ४ राखिएको छ। यसको फ्रन्ट क्यामेरा भने ७ मेगापिक्सेलको छ। आईफोन एक्सको अर्को विशेषता होम बटन नहुनु हो। यसमा स्क्रिनलाई स्वाइप गरेकै आधारमा विभिन्न बटन खुल्छन्। यो सेटको ब्याट्रीलाई वायरलेस चार्जरमार्फत चार्ज गर्न मिल्छ भने यसको ब्याट्री क्षमता पनि बढी छ।

### सामसुङ एस ९ तथा ९ प्लस

सामसुङको ग्यालेक्सी एस ९ तथा एस ९ प्लस वर्षको अन्त्यतिर नेपाली बजारमा उपलब्ध भयो। सामसुङ ग्यालेक्सी एस ९ तथा एस ९ प्लसमा 'ड्युअल एपर्चर लेन्स' युक्त क्यामेरा छ। यसको सुपर स्लो-मोसन र एआर इमोजी जस्ता विशेषताहरूबाट उपभोक्ताहरूले नयाँ सन्तुष्टि प्राप्त गर्न सक्छन्।

### हुवावे नोभा टु आई

चारवटा क्यामेरा भएको पहिलो स्मार्टफोन नोभा टु आईमा प्रयोग भएको क्यामेरा, प्रविधि तथा यसको बनावटले प्रयोगकर्ताहरूलाई आकर्षित गर्छ। सिस्टम अपग्रेड भएसँगै त्यसमा नयाँ फिचरका रूपमा 'फेस अनलक' र 'एआर लेन्स' थपिएको छ। नयाँ फिचरका रूपमा आएको 'फेस अनलक' ले यो फोनलाई सहज रूपमा खोल्न सहयोग गर्छ। एआर लेन्सले सेल्फी तस्बिरमा नयाँ आयाम थपेको छ। यसको सहयोगले आफूले चाहेअनुसार विभिन्न किसिमले क्रिएटिभ सेल्फी लिन सकिन्छ।

### साओमी एमआई ए वान

साओमीको एमआई ए वान स्मार्टफोनमा ५ दशमलव ५ इन्चको डिस्प्ले छ। फुल मेटल बडीको यो स्मार्टफोनमा १२ मेगापिक्सेलको ड्युअल रियर क्यामेरा छ। यसमा ४ जीबीको ऱ्याम तथा ६४ जीबीको इन्टरनल स्टोरेज छ भने ब्याट्री ३ हजार ८० एमएएचको छ।

### मोटोरोला ई फोर प्लस

मेटल बडी र ५ दशमलव ५ इन्चको फुल एचडी डिस्प्लेयुक्त मोटोरोला ई फोर प्लस स्मार्टफोनमा १३ मेगापिक्सेलका साथै ५ मेगापिक्सेलको सेल्फी फ्ल्यास क्यामेरा छ। यसमा १६ देखि ३२ जीबी स्टोरेज क्षमता छ। यो फोनमा फिंगर प्रिन्ट सेन्सर तथा ५ हजार एमएएचको ब्याट्री छ।

### जियोनी एम ७ पावर

जियोनीको एम ७ पावर पहिलो बेजल लेस स्मार्टफोन हो। यो स्मार्टफोनमा ६ इन्चको फुल भ्यु स्क्रिन छ भने ५ हजार एमएएचको ब्याट्री प्रयोग गरिएको छ। यो फोनमा ४ जीबी ऱ्याम तथा ६४ जीबीको इन्टरनल स्टोरेज छ। यसमा १३ मेगापिक्सेलको रियर क्यामेरा तथा ८ मेगापिक्सेलको सेल्फी क्यामेरा छ। यसमा फिंगरप्रिन्ट सेक्युरिटी तथा एप लक जस्ता सेक्युरिटी फिचर समेत उपलब्ध छन्।

### भिभो भी ९

फुल भ्यू डिस्प्ले तथा ९० प्रतिशत स्क्रिन टु बडी अनुपात रहेको भिभोको भी ९ स्मार्टफोनमा इन डिस्प्ले, फिंगर प्रिन्ट तथा स्क्यानिङ प्रविधि उपलब्ध छ। त्यस्तै एआई फेस ब्युटी, एआइ स्मार्ट इन्जिन तथा एआई सेल्फी लाइटिङजस्ता सुविधासमेत यसमा छन्। भिभो भी ९ डिस्प्ले भित्र राखिएको फिंगरप्रिन्टका कारण निकै चर्चामा छ। १६ मेगापिक्सेल तथा ५ मेगापिक्सेलको ड्युअल रियर क्यामेरामा एआई प्रविधिको सहयोगबाट तस्बिरलाई थप आकर्षक बनाउन सकिन्छ। यसमा सेल्फीका लागि २४ मेगापिक्सेलको क्यामेरा उपलब्ध छ।

### ओप्पो एफ ५

ओप्पो एफ फाइभमा ६ इन्चको फुल एचडी डिस्प्ले छ भने यसको सेल्फी क्यामेरा २० मेगापिक्सेलको छ। सेल्फी एक्सपर्टका रूपमा परिचित ओप्पो कम्पनीले यसमा सेल्फी ब्युटिफिकेसन तथा सेल्फी आर्टिफिसियल इन्टेलिजेन्सको समेत सुविधा उपलब्ध गराएको छ। यसमा १६ मेगापिक्सेलको फ्रन्ट क्यामेरा छ। यो स्मार्टफोन ६ जीबी ऱ्याम र ६४ जीबी स्टोरेजको एउटा भेरिएन्ट तथा ४ जीबी ऱ्याम र ३२ जीबी स्टोरेजको अर्को भेरिएन्ट गरी दुई भेरिएन्टमा उपलब्ध छ।

### नोकिया सिक्स

एन्ड्रोइड ७.१.१ नोगट भर्सनसहितको नोकिया सिक्समा क्वाल्कम स्न्यापड्रागन ४३० चिपसेट तथा १.४ गिगाहर्जको अक्टाकोर प्रोसेसर छ। यसमा ५ दशमलव ५ इन्चको गोरिल्ला ग्लास सहितको मेटालिक बडीको फुल एचडी डिस्प्ले छ। ३ जिबी ऱ्याम तथा ३२ जिबी इन्टरनल मेमोरीयुक्त यो स्मार्टफोनमा फास्ट चार्जिङ अप्सनका साथ ३ हजार एमएएचको ब्याट्री जडान गरिएको छ। यसमा १६ मेगापिक्सेलको रियर तथा ८ मेगापिक्सेलको सेल्फी क्यामेरा छ।

### वान प्लस फाइभ

वान प्लस फाइभमा १६ तथा २० मेगा पिक्सेलका दुई रियर क्यामेरा छन् भने सेल्फीका लागि छुट्टै १६ मेगापिक्सेलको क्यामेरा छ। यो स्मार्टफोन ६ जीबी ऱ्यामसहित ६४ जीबी इन्टरनल मेमोरी क्षमतामा उपलब्ध छ। यसमा ५ इन्चको डिस्प्ले स्क्रिन छ र यसको डिस्प्ले फुल हाई डेफिनेसन (एचडी) क्वालिटीको छ।

### वान प्लस फाइभमा

एन्ड्रोइडको पछिल्लो नुगट अपरेटिङ सिस्टम प्रयोग भएको छ। यसको ब्याट्री क्षमता ३ हजार ३ सय एमएएच छ। वान प्लस फाइभको अर्को राम्रो फिचर भनेको फिंगरप्रिन्ट सेन्सर हो, जुन यसको अगाडिको होम बटनमा हुन्छ।

# चर्चामा आएका एप्स

वर्ष २०७४ मा केही नेपाली एप्स सम्भावना लिएर आउनुका साथै हाम्रो दैनिक जीवनलाई सहजसमेत बनाएका छन्।

### खल्ती

नगद नबोकी कारोबार गर्न सकियोस् भन्ने उद्देश्यले २०७४ प्रारम्भ हुनुभन्दा केही अघि प्रयोगमा आएको 'खल्ती डिजिटल वालेट' यो वर्ष निकै चर्चामा आयो। उक्त एप्समा इन्टरनेट तथा बिजुलीको बिल भुक्तानी, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय उडानको टिकट, रोजेको चलचित्रको टिकट, फोन, मोबाइल, डिसटीभी आदिको रिचार्ज सुविधा उपलब्ध छ।

### टुटल

मोटरसाइकलको माध्यमबाट यात्रुलाई गन्तव्यमा पुऱ्याउन सकिने सुविधा उपलब्ध गराउन तयार पारिएको टुटल एपले २०७४ मा निकै चर्चा पायो। उक्त एपमार्फत सेवा प्रदान गरेबापत चालकले आम्दानी र यात्रुले सहयोग पाउने भएकाले पनि टुटल सबैको प्रिय बन्दै गएको हो। अहिलेसम्म टुटल मा ५ हजार मोटरसाइकल चालक आबद्ध भएको बताइएको छ। यो सुविधा लिएबापत यात्रुले कम्तीमा तीन किलोमिटरसम्मको ५० रुपैयाँ र त्यसपछि प्रति किलोमिटरमा १२ रुपैयाँका दरले शुल्क तिर्नुपर्छ।

### खाली सिसी

खाली सिसी फोहोर व्यवस्थापन गर्ने 'डिजिटल प्लेटफर्म' हो। खाली सिसीको फेसबुक पेज वा डब्लुडब्लुडब्लु खालीसिसी डटकममार्फत फोहोरको वर्गीकरण गर्ने, फोहोर संकलनका लागि बोलाउने, फोहोर बेच्ने वा दान दिने जस्ता प्रक्रियाका सम्बन्धमा बुझ्न सकिन्छ। अहिले करिब १३ हजार व्यक्ति यो एपको सम्पर्कमा छन्।

### फुड मारियो

काठमाडौंमा खाना डेलिभरी गर्ने विभिन्न व्यवसायिक संस्था छन्। यद्यपि फुड मारियो अरू व्यवसायभन्दा फरक छ। यसमा होटलबाट नभै कुनै घरमा गृहिणी वा पाककलामा सिपालु पुरुषले पकाएको परिकार डेलिभरी गरिन्छ। यही सिर्जनशील सोचका कारण संयुक्त राष्ट्रसंघीय विकास नियोगले थाइल्यान्डमा आयोजना गरेको युथ को-ल्याबमा एसिया प्यासिफिक क्षेत्रका १ हजारभन्दा बढी प्रतिस्पर्धीलाई उछिन्दै यसका संस्थापक रोहित तिवारी टपटेनको सूचीमा परे।

### सगुन

पुसको अन्त्यतिर सगुन मोबाइल एप सार्वजनिक भयो। पहिले देखि नै चर्चामा रहेको सगुन एप नयाँ दिल्लीबाट सार्वजनिक गरिएको थियो। सगुन अन्य सामाजिक सञ्जाल (फेसबुक, ट्विटर, ह्वाट्स एप, स्न्याप च्याट, इस्टाग्राम) जस्तै सूचना, ज्ञान बाँड्नका साथै पैसासमेत कमाउने सञ्जाल हो। सगुनमा फेसबुक, ट्विटर, ह्वाट्स एप, स्न्याप च्याट, इस्टाग्रामसहितका म्यासेजिङ उपलब्ध छन्।

### वाउटाइम

नेपाल टेलिकम तथा विन नेपालको सहकार्यमा सञ्चालनमा ल्याइएको 'वाउटाइम' मोबाइल एप्समार्फत लाइभ टिभी, मुभी एवं विभिन्न विधाका भिडियो हेर्न अनि सुन्न सकिन्छ। त्यसैगरी यसमा विभिन्न विधाका मुभी, म्युजिक भिडियो एवं टिभी शोहरू पनि हेर्न सकिन्छ। नेपालमा उपलब्ध एफएम रेडियो समेत यही एप्समार्फत सुन्न सकिन्छ।

### सारथि

ट्याक्सी सेवाका लागि नौलो प्रयोगका रूपमा प्रारम्भ भएको सारथि एपले पनि यो वर्ष चर्चा पायो। यसको प्रयोगबाट तोकिएको भाडामै ट्याक्सी चढ्न सकिन्छ र ठगिने डर हुँदैन। सारथिको सेवा लिन चाहनेहरूले ९८०१००६०० नम्बरमा फोन गर्छन् र ट्याक्सी बुक गर्छन्।



# नयाँ वर्षको नयाँ पहिरन शैली



● यो वर्ष पार्टी वेयरमा सोर्ट्सको साटो लङ ड्रेस बढी मन पराइएको छ । अतः गाउन, मेक्सी ड्रेस आदि प्रयोग गर्न सकिन्छ ।

- पार्टी कलेक्सनमा राम्रो फिटिङयुक्त क्लासी गाउन राख्नुपर्छ । इभिनिङ पार्टीका लागि यो एउटा बेस्ट अप्सन हो । वेस्टर्न गाउनका साथमा ट्रेडिसनल ज्वेलरी लगाएर फ्युजन लुक क्रिएट गर्न सकिन्छ ।
- एलबिडी अर्थात् लिटिल ब्ल्याक ड्रेस पार्टीका लागि अल टाइम फेभरेट विकल्प हो । ब्ल्याक ड्रेसको विशेषता नै यो हो कि यसलाई लगाउँदा धेरै विचार गरिरहनुपर्दैन । कारण यो इभिनिङ पार्टीका लागि बेस्ट अप्सन हो ।
- आफ्नो पार्टी वेयर कलेक्सनमा केप समावेश गर्नुपर्छ । यसले सुपर स्टाइलिस लुक प्रदान गर्छ । त्यसका लागि एम्बेलिस्ड सियर केपको गाउन, अनारकली, साडी, जिन्स साथमा लगाउन सकिन्छ ।
- केप्स जस्तै पोन्चोला पनि यो वर्ष रुचाइएको पाइन्छ । यसलाई स्पेशल पार्टीमा प्रयोग गर्न सकिन्छ ।
- फ्लोरलेन्थ अनारकली पनि पार्टीका लागि राम्रो विकल्प हो । यसका लागि आफ्नो कलेक्सनमा एउटा मोर्डन अनारकली राख्नुपर्छ । अनारकलीले गाउनका रूपमा पनि काम गर्छ र गत वर्षझैं यो वर्ष पनि फ्लोरलेन्थ अनारकली फेसनमा छ ।
- पार्टीका लागि पहिरन खरिद गर्दा ग्लिटरी फेब्रिक कपर, बर्न्ट ओरेन्ज, रेज गोल्ड, ब्ल्याक, नेवी ब्लु, ग्रे, मरुन आदि रंग छनौट गर्नुपर्छ, जुन अहिले प्रचलनमा छन् ।
- सोल्डर कट, वन सोल्डर, अफ सोल्डर भएका मोर्डन ड्रेसेज आफ्नो पार्टी कलेक्सनमा समावेश गर्नु उपयुक्त हुन्छ ।
- यो वर्ष स्लिप्सका साथ खुबै एक्सपेरिमेन्ट गरिनेछ । स्लिब्सको लेन्थ ठूलो हुनेछ र तिनमा स्लिट पनि देखिनेछ । ट्रेन्डी लुकका लागि यस्ता खालका स्लिट प्रयोग गर्नुपर्छ ।
- राम्रो फिटिङ भएको क्लासिक ब्लेजर पनि पार्टीका लागि राम्रो विकल्प हो । ब्लेजरको विशेषता भनेकै हरेक बडी टाइपमा राम्रो देखिनु हो । यसलाई जिन्स, ड्रेस, साडी वा स्कर्ट कुनैसित लगाउन सकिन्छ ।
- ब्राइकर ज्याकेट आउट अफ फेसन नहुने भएकाले यसलाई आफ्नो विन्टर कलेक्सनमा राख्नुपर्छ ।
- ज्याकेटजस्तै ट्रेन्डी सल, स्कार्फ, ट्रेन्च कोट, लङ ज्याकेट आदिलाई पनि आफ्नो विन्टर कलेक्सनमा समावेश गर्न सकिन्छ । यसले विन्टरमा बेस्ट लुक प्रदान गर्छ ।
- ह्वाइट सर्ट वा ह्वाइट टप पनि आफ्नो वार्डरोबमा हुनुपर्छ । ह्वाइट कलरको सर्ट वा टपलाई आफ्नो फर्मल तथा क्याजुअल अनुकूलता हेरी प्रयोग गर्न सकिन्छ ।
- टाइमलेस ट्रेडिसनल साडी जस्तै कान्जीवरम, बनारसी आदिको क्रेज सदैव रहन्छ । त्यसैले यस्ता साडी आफ्नो कलेक्सनमा राख्नुपर्छ । साडी कुनै पनि परम्परागत समारोहमा प्रयोग गर्न सकिन्छ ।
- राम्रो फिटिङ भएको डल गोल्ड, सिल्भर तथा रेड ब्लाउज आफ्नो वार्डरोबमा राख्नुपर्छ । यो ब्लाउज क्लासी देखिन्छ र अधिकांश साडीसित म्याच हुन्छ ।

## डे टु डे फेसन

- दैनिक प्रयोगका हिसाबले रेगुलर जिन्स, ट्राउजर, फर्मल सर्ट, प्रिन्टेड ज्याकेट, ए लाइन ड्रेसेज, लङ तथा मिडी ड्रेस, प्लिटेड स्कर्ट, पेन्सिल स्कर्ट, एसिमिट्रिकल टप आदिलाई प्राथमिकतामा राख्नुपर्छ । यिनले स्टाइलिस लुक प्रदान गर्छन् ।
- ट्रेडिसनल वेयरमा लङ कुर्ताका साथमा पलाजो यो वर्ष फेसनमा रहनेछ ।
- ट्रेडिसनल वेयरमा धेरै फिटिङयुक्त पहिरन रुचिमा पर्नेछैन । कुल एड कम्फर्टेबल पहिरन सबैको च्वाइस बन्नेछ ।
- फ्रेस एवं यंग लुकका लागि फ्लोरल प्रिन्ट, चेक्स, स्ट्राइप्स, डिजिटल प्रिन्टस जस्तै मोर्डन प्रिन्ट्स आफ्नो रेगुलर कलेक्सनमा समावेश गर्नुपर्छ । एक साथ धेरै प्रिन्ट्सलाई मिक्स म्याच गर्नुहुँदैन ।
- ट्रेन्डी लुकका लागि विन्टर वेयरमा लेयरिङ ट्राइ गर्नुपर्छ । लङ कुर्ताका साथमा स्कर्ट र स्कार्फ लगाउनुपर्छ । मेक्सी ड्रेसका साथमा लङ कुर्ता लगाउन सकिन्छ । यसैगरी रेगुलर जिन्स टि सर्टका साथमा पनि लङ ज्याकेट र स्कार्फ पनि सुहाउँदो हुन्छ ।
- यो वर्ष स्पोर्टी लुक धेरैले मन पराउनेछन् । त्यसैले दैनिक प्रयोगमा स्पोर्टी लुक पनि अपनाउन सकिन्छ । सर्ट ड्रेसका साथमा स्किनर्स लगाउनु ठीक हुन्छ । यो कम्बिनेसनले यंग एन्ड ट्रेन्डी लुक प्रदान गर्छ ।

● लङ कुर्ता अनारकली तथा सर्ट कुर्ती पनि प्रयोग गर्न सकिन्छ ।



● ट्रेडिसनल लेहेंगा खरिद गर्नुहुन्छ भने लेबेन्डर अलिभ ग्रिन पिचजस्ता पेस्टल कलर्स छनौट गर्नुपर्छ । यी कलर यो वर्ष फेसनमा रहन सक्छन् ।

## ट्रेडिसनल ब्युटी

- विशेष गरी वैवाहिक समारोहमा सहभागी हुन ब्राइट कलरको साडीका साथमा क्रप टप लगाउनुपर्छ । यसले व्यक्तित्वलाई आकर्षक देखाउँछ ।
- घरको वैवाहिक कार्यक्रममा लेहेंगाका साथमा ज्याकेट, फ्लोरलेन्थ अनारकली अनि लङ ज्याकेट लगाउन सकिन्छ ।
- साथीको इन्गेजमेन्ट वा वेडिङ समारोहमा प्लाजोका साथमा सर्ट टप र श्रग, सर्ट टपका साथमा जोधपुरी पाइन्ट आदि प्रयोग गर्नुपर्छ ।
- साथीको ककटेल पार्टी वा ब्याचलर पार्टीमा, धोती पाइन्ट वा सर्ट टपका साथमा केप लगाउनु राम्रो हुन्छ । यसैगरी ज्याकेटका साथमा लङ स्कर्ट पनि प्रयोग गर्न सकिन्छ ।
- रिसेप्सन पार्टीमा वेस्टर्न गाउनले कुल क्लासी लुक प्रदान गर्छ ।
- ट्रेडिसनल वेयरमा यो वर्ष साडी गाउन, सरारा, ड्रेप्ड साडी, फ्लोरलेन्थ अनारकली आदि फेसनमा रहने अनुमान छ ।
- ट्रेडिसनल वेयरमा ह्यान्ड लुम, ह्यान्डी क्राफ्ट, मेड इन कन्ट्री कन्सेप्ट पपुलर रहनेछ ।

# फेसनमा जे हिट भए



ट्रेडिसनल वेयरतर्फ वर्ष २०७४ मा साडी, कुर्ता सलवार तथा लेहेंगाको क्रेज कायमै रह्यो । समयसँगै यी पहिरनको शैलीमा भने केही परिमार्जन देखापरे । कुर्तातर्फ स्ट्रेट फिट सर्ट कुर्ता तथा धोती पाइन्ट वा पटियाला सलवारको जोडा, लङ कुर्ताका साथमा पलाजोको जोडी लोकप्रिय रह्यो । यसैगरी कुर्तातर्फ लङ सर्ट, ट्युनिक, कुर्ताका साथमा लिनेन पाइन्ट, पलाजो, सिगरेट पाइन्ट आदिको क्रेज देखियो ।

ट्रेडिसनल वेयरअन्तर्गत नै स्लीट कुर्ता पनि निकै रुचाइयो । स्लीट कुर्ताको प्रयोग एथिनक, मोर्डन एवं फ्युजन सबै रुपमा देखियो । जियोमट्रिक प्याटर्नको प्रयोगमा स्लीट कुर्ती र त्यसका साथमा ट्राउजर, जिन्स पलाजो, चुडिदार तथा लेगिङ्को जोडा पनि निकै प्रचलित रह्यो । इजी टू वेयरअन्तर्गत एथिनक शैलीमा केप पनि निकै लोकप्रिय रह्यो । कुर्तीमै एसेमिट्रिक शैलीसँग पटियाला, लेगिङ र पलाजोको जोडा हिट कम्बीनेसन साबित भयो । कुर्तीमै हाइनेक र कोलर कर्पोरेट वेयर फर्मल स्टाइलका रूपमा प्रचलनमा आयो ।

साडीको सन्दर्भमा रोयल र क्लासी लुकसहित भेल्भेटका ब्लाउजले साडीको फेसन कायमै राख्यो । साडीमा विशेष गरी गोल्ड, रेशम तथा जरी इम्ब्रोइडरीप्रतिको आकर्षण बढी देखियो । मोर फ्लेस मोर स्मार्ट भन्ने शैलीमा ब्लाउजमा कट् आउट तथा नेटिङ प्याटर्न निकै लोकप्रिय रहे ।

जिन्सतर्फ रिप्ड, क्रप्ड, स्लीम फिट, सिगरेट जिन्स आदि चल्तीमा रहे । बटम वेयरमा योगा पाइन्ट, विभिन्न स्टाइलका लेगिङ, जेगिङ, धोती सलवार, क्याप्रि, वाइड लेग पाइन्ट, जम्प सुट आदिको लोकप्रियता कायमै रह्यो । ड्रेस वेयरतर्फ ट्युनिक ड्रेस, पेन्सिल ड्रेस, एसिमेट्रिकल ड्रेस, ब्यान्डेज, हाई लो, बडीकन, अफ शोल्डर, बेबी डल, र्‍याप ड्रेस आदि शैली हिट रहे ।

वर्ष २०७४ ह्यान्डलूम, ह्यान्डी क्राफ्ट तथा मेड इन नेपाल कन्सेप्टको माग बढेको देखियो, जसमा थरिथरि प्रिन्टका ढाका, जुट, अल्लो, सिसौ, बेम्बु, जुट, हाकु पटासी, हेम, गाँजाजस्ता नेपाली फ्याब्रिकबाट तयार पारिएका पहिरनप्रति आकर्षित हुनेहरूको संख्या ह्वात्तै बढ्यो ।

पुरुषहरूको फेसन शैलीमा केही परिमार्जन देखियो । पुरुषको फर्मल लुकमा अनेकन् प्रयोग गरियो । दौरा सुरुवाल युवा पुस्ता माझ फरक फेसन स्टेट्मेन्टका रूपमा देखा पऱ्यो । औपचारिक समारोह देखि पार्टीसम्ममा दौरा सुरुवालको परिमार्जित शैलीलाई युवा पुस्ताले उच्च प्राथमिकतामा राखे । फर्मल वेयरमै डबल ब्रिस्टेड ब्लेजर, फ्लावर इम्ब्रोइडर, कन्ट्रास्ट कलरका स्ट्राइप भएका ब्लेजरदेखि स्लीम फिट र फिटेड सुटको प्रयोग पनि निकै भयो । डिनर ज्याकेट, मोदी कोटदेखि, हाफ बन्दी, ककटेल सुट, स्लिभलेस कोट, हाफ स्लिफ कोट आदि पुरुष फेसनमा हावी देखिए । स्टाइलिस डिजाइनका वेस्ट कोट पनि निकै लोकप्रिय भए ।


रोजिन शाक्य

# वर्षका चर्चित खेल व्यक्तित्व







## पारस खड्का

नेपाली खेलकुद वर्ष २०७४ मा क्रिकेटमय रह्यो भने यसको धेरै श्रेय जान्छ, कप्तान पारस खड्कालाई । यो महत्त्वपूर्ण अवसरमा नेपाली क्रिकेटको नेतृत्व सम्हाल्ने काम गरे पारसले । नेपालले पाएको वान डे टिमको मान्यताका सम्बन्धमा चर्चा हुँदा उनलाई अब्बल दर्जाका कप्तानका रूपमा सम्झिनेछ । उनको उपलब्धि यतिमा मात्र सीमित छैन । पारस मध्यक्रमका सफल ब्याट्सम्यान पनि हुन् । जहाँ अरू नेपाली ब्याट्सम्यान असफल भए, विशेषत: डिभिजन-टुमा, उनको ब्याटबाट प्रशस्त रन निस्कियो । यस्तै स्थिति विश्वकप छनौटमा पनि रह्यो, उनले धेरै पटक जिम्मेवारीपूर्ण इनिङ्स खेले ।

## सन्दीप लामिछाने

सपना ठूलै बुन्नुपर्ने रहेछ, यो तथ्यलाई सिद्ध गरेका छन्, नेपाली लेग स्पिनर सन्दीप लामिछानेले । केही वर्षअघि मात्र चितवनमा क्रिकेट खेल्दा नै उनले सपना बुनेका थिए, इन्डियन प्रिमियर लिग (आईपीएल) खेल्ने । त्यति बेला यो धेरैका लागि हाँसोको विषय हुन सक्थ्यो । यद्यपि सन्दीपले आफ्नो सपना छाडेनन र लगातार मेहनत गरिरहे । अन्तत: उनी दिल्ली डेयरडेभल्ससँग आबद्ध भए । डिभिजन-टुमा उनको प्रदर्शन अविश्वसनीय रह्यो । सन्दीपको धारिलो लेग स्पिन आक्रमणका अगाडि एसोसिएट देशका ब्याट्सम्यानहरू टिक्न सकेनन् । उनी उक्त स्तरभन्दा धेरै माथिका खेलाडी सावित भए ।

## करण केसी

खेलकुदमा एउटा खास क्षणले पनि ऐतिहासिक महत्त्व राख्न सक्छ अनि त्यही क्षणले टिमलाई ठूलो सफलतातर्फ पनि अग्रसर गराउँछ । यस्तै क्षणका नायक हुन्, करण केसी । आईसीसी वर्ल्ड क्रिकेट लिग डिभिजन टुको क्यानाडाविरुद्धको खेलमा नेपाल एक समय यस्तो स्थितिमा थियो, जहाँ हार निश्चित थियो । यसको अर्थ नेपालले विश्वकप छनौट पनि खेल्न पाउने थिएन । टिम आठ विकेट गुमाएर १ सय ४४ रनको स्थितिमा थियो र त्यही बेला करणले ४८ बलमा सनसनीपूर्ण ५१ रन बनाउँदै सन्दीप लामिछानेसँग ५१ रनको निर्णायक साझेदारी गरे । त्यसैले नेपालले क्रिकेटमा वर्ष २०७४ मा प्राप्त गरेको ठूलो सफलतापछाडिका नायक हुन्– करण केसी ।

## जगत टमाटा

जति बेला श्रीलंकाली मूलका क्यानाडेली प्रशिक्षक पुपुदु दयानायकेले नेपाल छाडे, प्रश्न उठेको थियो, अब नेपाली टिमका प्रशिक्षक को हुनेछन् ? एक प्रकारले संकटको स्थिति पनि थियो । त्यही स्थितिमा जगत् टमाटाले आफूलाई सिद्ध गरे, नेपाली टिमको जिम्मेवारी सम्हालेर । दसानायके आफैं भन्थे, नेपाली क्रिकेट प्रशिक्षकमध्ये अब्बल छन्– जगत टमाटा । नेपालले खेलेका दुई ठूला प्रतियोगिता विश्वकप छनौट तथा डिभिजन-टु दुवै अवसरमा प्रशिक्षक टमाटा नै थिए । यस्तोमा नेपालले वान डे मान्यता पाउनुको ठूलो उपलब्धिका पछाडि प्रशिक्षक टमाटाको पनि ठूलै योगदान छ ।




## विनोद दास

नेपालले एसियाकप यू-१९ खेलेको टिमका प्रशिक्षक हुन्– विनोद दास । नेपाली क्रिकेटका पहिलो ठूला स्टार विनोदपछि उमेर समूह क्रिकेटमा बढी सक्रिय भए । अहिले उनी विशेषत: नयाँ प्रतिभाको खोजीमा व्यस्त छन् । मलेसियामा भएको यू-१९ मा प्राप्त ऐतिहासिक सफलतालाई पर्दा पछाडिबाट साकार पार्ने नायक पनि हुन् उनी । नेपालले भारतलाई हराउँदा उनका समकक्षी थिए, राहुल द्रविड । यसले पनि देखाउँछ प्रतियोगिता आफैंमा कति ठूलो थियो र त्यसमा नेपालले गरेको प्रदर्शनको के अर्थ छ ? विनोदले नेपाली क्रिकेटलाई लामो समयदेखि नजिकबाट बुझ्ने अवसर पाएका छन् र यू-१९ को प्रदर्शन त्यस्तै अर्को अवसर रह्यो ।

## किरण चेम्जोङ

नेपाली राष्ट्रिय फुटबल टिमका गोलरक्षक हुन्– किरण चेम्जोङ । राष्ट्रिय टिमका लागि ५० भन्दा बढी क्याप यसै वर्ष हात पारेका किरणका लागि पनि ०७४ धेरै अर्थमा सुखद रह्यो । घरेलु फुटबलमा भन्दा विदेशमा बढी व्यस्त किरण अहिले भारतको मिनेरभा पञ्जाबसँग आबद्ध छन् र उनको यही टिमले यसपटक आई-लिग जितेको थियो । यस क्रममा किरण भारतीय फुटबलको माथिल्लो डिभिजनको लिग जित्ने पहिलो नेपाली खेलाडी बनेका छन् । अब किरणसामु इन्डियन सकर लिग (आईएसएल) सँग आबद्ध हुने अवसर पनि खुलेको छ, जुन नेपाली फुटबलका लागि ऐतिहासिक उपलब्धि हुनेछ ।

## रोहित चन्द

विदेशमा फुटबल खेलेर लगातार चर्चा आइरहने अर्का खेलाडी हुन्– रोहित चन्द । लामो समयदेखि इन्डोनेसियामा फुटबल खेलिरहेका रोहित त्यहाँ निकै लोकप्रिय छन् । इन्डोनेसियाली फुटबलमा ठूलो जमातले मन पराउन खेलाडीमा पर्छन्, उनी । अहिले पर्सिजा जाकार्तासँग आबद्ध रोहित लिगको उत्कृष्ट ११ खेलाडीमा लगातार परिरहेका छन् । उनकै उत्कृष्ट खेलको मदतले पर्सिजा जाकार्ताले प्रेसिडेन्टकप जितेको थियो । यसैक्रममा उनी एसियाली क्लब फुटबलको सर्वोच्च प्रतियोगिता एएफसीकप खेल्ने पहिलो नेपाली खेलाडी पनि भएका छन् ।

## नवीन न्यौपाने

खेलाडी छँदा नवीन न्यौपानेले घरेलु फुटबलमा राम्रै सफलता पाए, मनाङ-मर्स्याङ्दीबाट लागि । अहिले खेल जीवनबाट टाढिए पनि उनी प्रशिक्षकका रूपमा व्यस्त छन् । नवीनकै नेतृत्वमा आर्मीले अहिले घरेलु फुटबल खेलिरहेको छ र त्यसका उनी सर्वाधिक सफल प्रशिक्षक हुन् । नवीनको नेतृत्वमा आर्मीले सातवटा उपाधि जितेको छ । प्रशिक्षकको 'ए' लाइसेन्स प्राप्त नवीनले आर्मीको टिमलाई निकै बलियो बनाएका छन् । जापानमा समेत प्रशिक्षकको विशेष प्रशिक्षण लिएका नवीनलाई नेपाली फुटबल प्रशिक्षकमध्ये सबैभन्दा बढी आशा गर्न सकिने प्रशिक्षक मानिन्छ ।

## नविता श्रेष्ठ

राखेप च्याम्पिनसिपका क्रममा नविता श्रेष्ठ लगातार सातौं पटक नेपाल टेबल टेनिस च्याम्पियन भइन् । वर्ष २०७४ नविताका लागि ठूलो उपलब्धिका रूपमा रह्यो । लगातार सातौं पटक महिला एकल च्याम्पिनय बन्ने क्रममा उनी नेपाली टेबल टेनिस इतिहासकै सर्वाधिक सफल खेलाडी पनि भइन् । नेपाली टेबलटेनिसमा उनलाई चुनौती दिने खेलाडी नै अगाडि आउन सकेका छैनन् र उनले लगातार आफ्नो प्रभुत्व कायम गरिरहेकी छिन् । अब के नविताले आठौं पटक उपाधि जित्ने प्रयास गर्नेछिन् ? नविता अगाडि तेर्सिएको सबैभन्दा ठूलो चुनौती नै यही हो ।

## सन्जु चौधरी

भारोत्तोलन खेलाडी सन्जु चौधरीका लागि यो वर्ष सुखद रह्यो । चौधरीले दक्षिण कोरियाको योङ्गुमा सम्पन्न एसिया कप तथा अन्तर क्लबमा रजत पदक हात पारिन् । उनले यो उपलब्धि ५३ केजी तौल समूहमा प्राप्त गरेकी हुन् । नेपालले भारोत्तोलनमा एसियाली स्तरको पदक जितेको यो पहिलो अवसर हो । रजत पदक जित्ने क्रममा उनले नयाँ राष्ट्रिय कीर्तिमानसमेत बनाइन् ।

# क्रिकेटमय वर्ष

हामीले धेरै अघिदेखि देखेको एउटा सपना पूरा भएको छ, राष्ट्रिय क्रिकेट टिमका कप्तान पारस खड्काको यो प्रतिक्रियाले देखाउँछ, वर्ष २०७४ नेपाली क्रिकेटका लागि मात्र होइन, समग्र नेपाली खेलकुदका लागि कस्तो रह्यो ? साँच्चै वर्ष २०७४ पूर्णतः क्रिकेटमय रह्यो र यही कारणले यो वर्षलाई सम्झिनेछ । यो वर्ष नेपाली क्रिकेटमा ठूलो सफलता र अवसरका रूपमा अगाडि आएको छ र त्यो हो– अन्तर्राष्ट्रिय क्रिकेट काउन्सिल (आईसीसी) बाट वान डे टिमको मान्यता ।

अबको चार वर्ष नेपालले खेल्ने ५० ओभरको क्रिकेटले औपचारिक रूपमा मान्यता पाउनेछ । यसै कारण पारसले भनेका हुन्, हाम्रो ठूलो सपना पूरा भएको छ । अब यही सपनामा टिकेर नेपालले अरू धेरै सपना बुन्न सक्नेछ । नेपालले यो उपलब्धि जिम्बावेमा सम्पन्न २०१८ क्रिकेट वर्ल्डकप क्वालिफायरबाट प्राप्त गरेको हो । त्यसो त नेपालले यो प्रतियोगिता खेल्ने अवसर प्राप्त गरेपछि वान डे विश्वकपमै छनौट हुने अवसरसमेत थियो ।

सहभागी दस टिममध्ये शीर्ष दुईमा रहेर नेपाल आउने वान डे विश्वकपमा छनौट हुन सक्थ्यो, तर त्यो नेपालका लागि खास लक्ष्य थिएन, वास्तविक लक्ष्य आईसीसी वर्ल्ड क्रिकेट सिरिजको डिभिजन-टुमा नझर्नु थियो । नेपाल उक्त उपलब्धि हात पार्न सफल रह्यो र त्यसैले नेपाललाई वान डे टिमको मान्यता दिलायो । प्रतियोगितामा नेपाल समूह 'बी' मा थियो र उक्त समूहमा नेपाल चौथो स्थानमा रहन सफल भयो, हङकङभन्दा माथि ।

त्यसयता भएको प्ले अफमा नेपालले पपुवा न्युगिनीमाथि ६ विकेटको जित निकाल्यो भने नेपाललाई अनुकूल हुने गरी अर्को प्ले अफमा नेदरल्यान्ड्सले हङकङलाई हरायो । लगत्तैको खेलमा नेपाल नेदरल्यान्ड्ससँग पराजित भए पनि प्रतियोगिताको वरियतामा आठौं स्थानमा रहन सफल भयो । यसको अर्थ हङकङ र पपुवा न्युगिनी डिभिजन-टुमा झरे । उनीहरू दुवैले वान डे मान्यता गुमाए भने त्यही अवसर नेपालको भागमा आयो ।

जुन दिन नेपालले पपुवा न्युगिनीलाई हरायो, त्यति बेला नेपालका लागि उक्त जित मात्र पर्याप्त थिएन । नेपालले यो जित चाँडै कम समयमै प्राप्त गरेको थियो । त्यसैले नेपाली खेलाडीहरू नेदरल्यान्ड र हङकङबीचको खेलको नतिजा कुर्न बाध्य भए । जति बेला त्यसमा नेदरल्यान्ड विजयी भयो, नेपाली खेलाडीहरूको खुसीको सीमा रहेन । सबै खेलाडी एकै स्थानमा भेला भएर उक्त खेल हेरिरहेका थिए । जति बेला आफ्नो अनुकूल नतिजा आयो, सबै खेलाडीको आँखामा आँसु थियो ।

त्यो नेपाली खेलकुदका लागि ऐतिहासिक दिन सावित भयो । नेपाललाई वान डे विश्वकपको छनौटसम्म पुर्‍याउने काम गरेको थियो, यसै वर्षको आईसीसी डिभिजन-टुको खेलले । नेपाल २०१८ आईसीसी वर्ल्ड क्रिकेट लिग डिभिजन-टुको विजेता पनि भयो । प्रतियोगिताअघिसम्म नेपालसामु डिभिजन-टुमा कायम रहने अथवा रेलिगेसनमा पर्ने डर पनि थियो, तर प्रतियोगिता नेपालका लागि भाग्यमानी सावित भयो ।

निकै साँघुरा जित निकालेर नेपाल ६ टिम सम्मिलित प्रतियोगिताको लिग चरणको शीर्ष स्थानमा आउन सफल भयो । फाइनलमा भने नेपाल युएईको हातबाट ७ रनले पराजित भयो । आईसीसीको औपचारिक प्रतियोगितामा नेपालको यो सफलता अहिलेसम्मकै सबैभन्दा ठूलो हो । वर्ष २०७४ मा नेपाली क्रिकेटको सफलता राष्ट्रिय टिममा मात्र सीमित रहेन, यस्तै सफलता उमेर समूहबाट पनि प्राप्त भयो, विशेषतः यू-१९ स्तरमा । यसमा प्राप्त सफलतालाई पछिसम्म सम्झिइनेछ ।

एसीसी यू-१९ एसियाकप २०१७ मलेसियामा सञ्चालन भएको थियो र त्यसमा नेपाल समूह 'ए' मा थियो । त्यसमा सम्मिलित अरु टिम थिए, डिफेन्डिङ च्याम्पियन भारतसँगै मलेसिया र बंगलादेश । उक्त समूहबाट नेपाल सेमिफाइनल पुग्नेछ भनेर कसले सोच्न सक्थ्यो र ? तर नेपाल प्रतियोगिताको अन्तिम चारमा पुग्यो र त्यस क्रममा नेपालले भारतमाथि लिग चरणमा १९ रनको ऐतिहासिक जित निकाल्यो ।

विश्व क्रिकेटको सबैभन्दा बलियो र समृद्ध देश भारतमाथि प्राप्त उक्त जित अन्तर्राष्ट्रिय रूपमै चर्चाको विषय भयो । हुन पनि कुनै पनि स्तरको क्रिकेटमा नेपालले भारतलाई हराएको यो नै पहिलो अवसर थियो । प्रतियोगितामा सहभागी भारतीय टिमका प्रशिक्षक थिए– राहुल द्रविड । आफ्नो हारपछि द्रविडले दिएको प्रतिक्रिया थियो, नेपाल जितको हकदार थियो । पछि केही फेरिएको त्यही यू-१९ भारतीय टिमले युवा विश्वकप जितेको थियो ।

यसै वर्ष निजी क्षेत्रको प्रयासमा दुई ट्वान्टी-२० प्रतियोगिता सफलतापूर्क सम्पन्न भए, एभरेस्ट प्रिमियर लिग (ईपीएल) र धनगढी प्रिमियर लिग (डीपीएल) । यी दुई प्रतियोगिताको आयोजनाले पनि नेपाली क्रिकेटमा जीवन्तता कायम गर्‍यो । त्यसको ठीक विपरीत नेपाल क्रिकेट संघ (क्यान) को विवाद भने जहाँको त्यहीं रह्यो । आईसीसीबाट क्यान प्रतिबन्धमा परेको लामो समय भैसकेको छ र यो विवादले वर्ष २०७४ मा पनि कुनै प्रकारको समाधान पाएन् ।







विवाद नेपाली फुटबलमा पनि रह्यो । अखिल नेपाल फुटबल संघ (एन्फा) को निर्वाचन तय समयमा हुन नसकेपछि खेलको भविष्यमाथि नै प्रश्नचिह्न उठ्यो । फेरि एकपटक वर्ष २०७४ ले लिग फुटबल हेर्न पाएन । नेपाली घरेलु फुटबललाई धान्ने काम गरे, मोफसलका गोल्डकपहरूले । अन्तर्राष्ट्रिय मञ्चमा भने नेपालले एसिया कप छनौटमा सहभागिता जनायो र त्यस क्रममा छनौट समूह 'एफ' को अन्तिम स्थानमा रह्यो ।

वर्ष २०७४ को सुरुवातमा नेपाली खेलकुदले एउटा ठूलो खेल महोत्सव आयोजना गर्ने अवसर पायो, त्यो थियो– एसियाली युथ तथा जुनियर भारोत्तोलन प्रतियोगिता । नेपाली खेलकुद इतिहासमै यति ठूलो प्रतियोगिता धेरै समयको अन्तरालपछि सम्भव भएको थियो । केहीले नेपाली खेलकुदमा यति ठूलो बृहत् प्रतियोगिता भएकै थिएन् भनेर पनि दाबी गरे । विश्व भारोत्तोलनमा एसिया नै प्रमुख शक्ति भएकाले पनि यो प्रतियोगिताको महत्त्व केही फरक थियो । प्रतियोगितामा विश्वकै अब्बल दर्जाका खेलाडीहरूको सहभागिता थियो ।

यस क्रममा नेपालीले उत्तिकै माथिल्लो स्तरको खेल हेर्न पाए । महिला जुनियरमा थाइल्यान्ड ६ स्वर्ण, ६ रजत तथा २ कांस्यसँगै पहिलो स्थानमा रह्यो भने महिला युथमा चीनको एकछत्र आधिपत्य रह्यो । आफ्नो प्रभुत्व सिद्ध गर्ने क्रममा चीनले ११ स्वर्ण, ३ रजत तथा २ कांस्य जित्यो । पुरुषतर्फ जुनियरमा दक्षिण कोरिया पहिलो स्थान प्राप्त गर्‍यो । उसले ६ स्वर्ण तथा ३ रजत जितेको थियो । पुरुष युथमा उज्वेकिस्तान पहिलो स्थानमा रह्यो, जसले ६ स्वर्ण, ३ रजत तथा ६ कांस्य हात पार्‍यो । नेपाल भने प्रतियोगितामा पदकविहीन रह्यो ।

वर्ष २०७४ मा नेपालले अरु खेलमा कुनै ठूलो प्रतियोगिता खेलेन । यो वर्ष दक्षिण एसियाली खेलकुद, एसियाली खेलकुद तथा ओलम्पिकजस्ता कुनै पनि ठूला खेल महोत्सव थिएनन् । राष्ट्रिय खेलकुद परिषद्ले भने २९ खेलको राखेप च्याम्पियनसिपको आयोजना गर्‍यो, जसअन्तर्गत फरक-फरक स्थानमा फरक-फरक खेलको राष्ट्रिय प्रतियोगिता सम्पन्न गरिए, जुन यो नेपाली खेलकुदका लागि नयाँ प्रयोग सावित भयो । यसलाई बृहत् राष्ट्रिय खेलकुदको विकल्पका रूपमा प्रस्तुत गरिएको थियो ।



# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

**वैशाख १ गते**
नववर्ष २०७५ साल आरम्भ, भक्तपुरमा बिस्केट जात्रा

**वैशाख २ गते**
बोडेमा जिब्रो छेड्ने जात्रा

**वैशाख ३ गते**
मातातीर्थ औंसी

**वैशाख ५ गते**
अक्षय तृतीया

## मेष
लगनशीलताले विविध अवसर जुटाउनेछ । आफ्नो नाम लिएर अरूले फाइदा उठाउन सक्छन् । वादविवादबाट टाढा रहनु नै उपयुक्त हुन्छ । साताको अन्त्यमा यात्रा गर्ने अवसर जुट्न सक्छ । पुराना मित्रसँगको भेटले थप मनोरञ्जन प्रदान गर्नेछ ।

## वृष
अध्ययन–अध्यापनमा प्रगति हुनेछ । सामाजिक जिम्मेवारी पूरा गर्दा आफ्नो छवि चम्कनेछ । व्यापार–व्यवसायबाट अपेक्षाभन्दा बढी लाभ मिल्नेछ । प्रेमी–प्रेमिकाबीचको सम्बन्ध प्रगाढ हुनेछ । आम्दानीका थप स्रोत फेला पर्न सक्छन् । सहकर्मीहरूसँगको वैचारिक मतभिन्नतामा आफन्तहरू सहयोगी हुनेछन् ।

## मिथुन
ढिलै भए पनि अवसरहरू हात लाग्नेछन् । आफ्नो हैसियत बिर्सिएर अर्काको देखासिकी गर्नाले आर्थिक नोक्सानी बेहोर्नुपर्ने हुन सक्छ । सोमबारपछि सही मार्ग पहिचान हुनेछ । हरियो रंगको पहिरनले करियर बनाउन सहयोग गर्नेछ । आर्थिक कारोबारबाट टाढा रहनु नै उचित हुन्छ ।

## कर्कट
दृढताका साथ गरिएका सबै काममा सफलता हात लाग्नेछ । अभिभावकको सुझाव मनन गर्दा थप उचाइमा पुगिनेछ । विशेष कार्य योजनाको जग बसाइनेछ । माया गर्ने व्यक्तिहरूको ओइरो लाग्न सक्छ । नाम तथा दाम आर्जन गर्न सकिनेछ । उपहार पनि प्राप्त होला ।

## सिंह
साथीहरूको भनाइमा विश्वास गर्दा थप आर्थिक संकट बेहोर्नुपर्ने सम्भावना छ । परिस्थिति पहिचान गरी गरिएको कार्यले उचित स्थान पाउनेछ । अवसरहरूको खोजीमा मेहनत गर्नुपर्ने हुनसक्छ । साताको अन्त्यमा उपहारसहित भेट्न आउनेहरूसँग सचेत रहनुहोला ।

## कन्या
विपरीतलिङ्गीले मन पराएको प्रसङ्गले मन उत्साहित हुनेछ । सामाजिक तथा परोपकारी कार्यमा सहभागी भइनेछ । साथीहरूले समस्याको गाँठो फुकाउन सहयोग गर्नेछन् । रोजगारीको क्षेत्रमा अपेक्षा गरेजस्तै परिणाम हात पर्न सक्छ । स्वास्थ्यको ख्याल गर्नुपर्नेछ ।

## तुला
तपाईंको क्षमताले उचित स्थान प्राप्त गरी पदोन्नतीको ढोका खोल्नेछ । प्रेमिकाको सहयोग तथा उत्प्रेरणाले प्रतिस्पर्धामा सफलता दिलाउनेछ । विदेश भ्रमणको अवसर प्राप्त हुने सम्भावना छ । जोडी नम्बरको सवारी साधनले विशेष फाइदा पुऱ्याउन सक्छ ।

## वृश्चिक
बोलीको प्रभावले बिग्रन लागेको सम्बन्धमा मल्हम लगाउन सहयोग गर्नेछ । आफन्तहरूले भित्रभित्रै आलोचना गर्न सक्छन् । होसियार हुनुमै आफ्नो कल्याण छ । हरियो रंगको प्रभावले सहजता महसुस गराउनेछ । यो साता इष्टमित्रको मांगलिक कार्यमा सहभागी भइनेछ ।

## धनु
आध्यात्मिक चिन्तन एवं योग–ध्यानले मनका विकार कम गर्न सकिनेछ । कम बोल्दै अध्ययनमा ध्यान केन्द्रित गर्न सके सफलताको उचाइमा पुगिनेछ । अरूको भर परी हितैषीहरूको पछि लाग्दा भविष्य नै अलमलमा पर्न सक्छ । पहेंलो रंग तथा बिजोडी नम्बरको सवारी साधन चलाउँदा लाभ मिल्नेछ ।

## मकर
शारीरिक सौन्दर्यमा जोड दिनाले खर्चको मात्रा वृद्धि हुनेछ । मित्रहरूको आलोचनालाई सकारात्मक रूपमा लिन सके उचाइमा पुगिनेछ । मंगलबार तथा गुरुबार महत्त्वपूर्ण कार्य सम्पन्न गर्नुहोला । खानपान एवं दैनिक जीवनचर्याले स्वास्थ्यमा उथलपुथल निम्त्याउन सक्छ, सचेतता अपनाउनु होला ।

## कुम्भ
पेसा, व्यवसाय एवं स्थान परिवर्तन हुन सक्छ । नयाँ सवारी साधन खरिद गर्ने योजना केही समय पछाडि धकेलिन सक्छ । भावी योजना तर्जुमा गर्न समय खर्चनुपर्नेछ । साताको अन्त्यमा परिवारका सदस्यहरूसहित मांगलिक कार्य तथा भोजभतेर एवं मनोरञ्जनमा सहभागी हुँदा उपस्थिति भइनेछ ।

## मीन
खर्च बढ्नाले आइतबारपछि आर्थिक अभावको सामना गर्नुपर्नेछ । रोकिएका काममा दोहोऱ्याएर प्रयत्न गर्दा फाइदा हुनेछ । परिश्रमअनुसार राम्रै फल पाइनेछ । टाढाका साथीभाइसँगको सम्बन्धले लामो यात्रा गर्ने अवसर जुटाउन सक्छ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने अवसर जुट्नेछ ।

**ट्विटर**

# ट्विटरमा नयाँ वर्ष



राजनीतिक बेथितिले थिचेको, नाकाबन्दीले थलिएको, भूकम्पले लडेको मेरो देश जुन दिन उठ्नेछ त्यही दिन मेरा लागि दसैं, तिहार, लोसार, छठ अनि नयाँ वर्षको उत्सव हुनेछ ।

**मंगल शाही**

वर्षमा दुई–चार चोटि नयाँ वर्ष मनाउनुपर्छ । कस्तो विडम्बना !

**रोशन**

मान्ने हो भने प्रत्येक बिहानीले नयाँपन बोकेको हुन्छ । नयाँ वर्ष पनि ३ सय ६५ दिनमध्ये कुनै दिन मनाउन सकिन्छ । बस्, कुरा यति हो, एक वर्ष पूरा भएको आभास हुनुपर्‍यो र नयाँ दिनको सुरुवात गर्न सक्ने उमङ्ग मिल्नुपर्‍यो ।

**चिरञ्जीवी आचार्य**

यस्तो सुतौं भनेको त फेरि नयाँ वर्ष पो आउन लाइसकेछ, नेपालाँ सुत्ने वातावरण नै छैन भन्या ।

**शुभ शुभ**

नयाँ वर्ष जहिले पनि दौडधूपमै बित्छ, कहिलेकाहीं त फुर्सदमा आउनु नि । हाम्ले चैं फुर्सदमा मनाउन नि नपाउनु ?

**मानुषी**

के आँगन जोडिएका भाइ–बुहारी भन्नु, यत्रो नयाँ वर्ष आयो गयो, शुभकामना दाजु नि भनेनन् । मेरा तर्फबाट चाहिं हार्दिक शुभकामना छ है दुवैलाई ।

**महेश क्षेत्री**

हे नयाँ वर्ष
भोकालाई बन गाँस
घरविहीनलाई बन बास
भ्रष्टलाई गर नाश
विद्यार्थीलाई गर पास
दुःखीको बन दास
तब छरिन्छ यहाँ सुवास ।

**रामचन्द्र नेपाल**

मुस्कुराउँदै आयौ नयाँ वर्ष
स्वागत छ तिमीलाई
छाडी जानू मुस्कान र समृद्धि
हामीलाई
यदि टिकट मिल्छ भने,
लिएर जानू देशद्रोही र
राष्ट्रघातीलाई ।

**सुनिल चाम्लिङ**

मन खुसी र शान्त भए हरक्षण नयाँ हुन्छ । असन्तोषले कुनै पनि कुरामा नयाँपन दिँदैन । मुस्कुराऔं, सकारात्मक बनौं अनि हरक्षणलाई नयाँ बनाऔं ।

**साम**

चलिरहेको जिन्दगीसँगै रमाऊ
भोलिको पिर नलिई
आजसँगै रमाऊ
सबैको साथ, हात अनि
नयाँपनका साथ नयाँ वर्ष मनाऊ ।

**कमल कुँवर**

नयाँ वर्ष खाली कापीजस्तै हो । यसको पाना जसरी भर्नुहुन्छ अन्त्यमा फल पनि उस्तै आउँछ ।

**निमेष पौडेल**

जिन्दगी उबडखाबडवाला ग्राभेल सडक होस्, निरपेक्ष सुख भनेको त उही बीच–बीचमा आउने पक्की पुलमा एकछिन सलल गाडी कुदेजस्तै त हो ।

**मान्ठा**

न्यू इयर मनाउँदा विदेशीको मनाएको भनेर विरोध गर्ने, नयाँ वर्ष मनाउँदा काम छैन नेपालीको, रमाइलो गर्ने निहुँ चाहिन्छ भन्नेलाइ के भन्ने ?

**कपिल पोखरेल**

वर्षमा दुई पटक नयाँ वर्ष मनाउने भाग्यमानी नेपालीबाहेक अरू को होलान् त ?

**डेजाभु**

अलिअलि युरिक एसिड लागेछ, अलिअलि बियर लागेछ । अलिअलि फुटसल लागेछ अनि अलिअलि जंकफुड लागेछ । समग्रमा नयाँ वर्ष लाग्यो दाजु ।

**जेन्टल म्यान**

**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: २०८११०९, लगनखेल बसपार्क: २१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: २०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९



अपराध

# क्राइम फाइल– ०७४

# ‘हाइप्रोफाइल’ हत्या, ‘इन्काउन्टर’देखि ‘हनी ट्र्याप’सम्म

०७४ मा अपराधकर्मले पनि नेपाली समाजलाई तरंगित गरिरह्यो । देशका विभिन्न भागमा ठूला र आततायी अपराधका घटनाहरु घटे । यस्ता अपराधका घटनामा संलग्न धेरैलाई प्रहरीले पक्राउ गरेर कारबाही प्रक्रियासमेत अगाडि बढायो तर केही अपराध कर्ममा सक्रियहरु भने फरार छन् । प्रहरीले हाइप्रोफाइल हत्यामा संलग्नदेखि ठूलो बैंकिङ क्राइमसम्मको पर्दा उघारेको छ । मोष्ट वान्टेडको सूचीमा रहेर विदेशमा लुकी बसेका केही अपराधीलाई समेत स्वदेश फर्काउन प्रहरीलाई सफलता प्राप्त भयो ।

## हाइप्रोफाइल हत्या

२३ असोजमा दिनदहाडै काठमाडौंको बलियो सुरक्षा कवचलाई चुनौती दिँदै व्यवसायी शरदकुमार गौचनको शान्तिनगरको खरिबोटमा हत्या भयो । डाँफे कन्स्ट्रक्सनका मालिक गौचन दिउँसो पौने तीन बजेतिर बा १३ च ४९४८ नम्बरको ल्यान्डक्रुजर गाडीमा घरबाट निस्किएको केही मिनेटमै मारिए । उक्त हाइप्रोफाइल हत्याकाण्डको गहन अनुसन्धानपछि प्रहरीले अहिले त्यसका मुख्य योजनाकार समीरमान सिंह बस्नेतसहित अधिकांशलाई प्रहरीले पक्राउ गरिसकेको छ । समीरमानले आफूलाई २ करोड फिरौती नदिएपछि गौचनको हत्या गराएको प्रहरीसमक्ष स्वीकार गरिसकेका छन् । यो हाइप्रोफाइल हत्याकाण्ड गत वर्षको सर्वाधिक ठूलो हत्याकाण्ड हो ।

दाङमा हनी ट्र्याप शैलीको सिकार हुँदै हाइप्रोफाइल व्यवसायी मारिए । तुलसीपुरका ५३ वर्षीय व्यवसायी राजकुमार श्रेष्ठ प्रेमिका भनिएकी १८ वर्षीया पुजा घर्तीको हनी ट्र्यापमा परेर सल्यान पुर्‍याइए । त्यहीं उनको हत्या भयो । उक्त घटनाको योजना पूजाका मामा मानबहादुर भण्डारी, बुवा टीकाराम घर्ती तथा भूपेन्द्र भण्डारीले बनाएका थिए । घटनामा संलग्न रहेको अभियोगमा प्रहरीले १० जनालाई पक्राउ गर्‍यो । उक्त घटनामा अपहरणकारीले २८ वर्षीय रणबहादुर घर्तीको पनि हत्या गरेका थिए ।

अर्का व्यवसायी बलु पौडेलको हत्या २१ पुसमा रुपन्देहीको देवदह नगरपालिकाको ढेकारमा भयो । ४० वर्षीय पौडेलमाथि ढेकावरमा सञ्चालित आफ्नै समिलमा श्रीमतीसँग बसेर आगो तापिरहेका बेला बिहान १० बजेतिर गोली प्रहार भएको थियो । छाती र टाउकोमा गोली लागेका पौडेलको उपचारका क्रममा लुम्बिनी अञ्चल अस्पतालमा मृत्यु भएको थियो । यो हत्याको जिम्मेवारी गुण्डा नाइके मनोज पुनले लिएका थिए ।

## दुई इन्काउन्टर

९ फागुनमा प्रहरीले वन्डरवर्ल्ड शैलीमा क्राइम र्‍याकेट चलाइरहेका गुण्डा नाइके मनोज पुनको इकाउन्टर गर्‍यो । रुपन्देहीको देवदह नगरपालिका–४ भवानीपुरमा पुनको इन्काउन्टर उनकै दायाँ हात मानिने सोम आलेसँगै भएको थियो । मनोजले विदेशमा बसेर ठूला व्यवसायीहरूबाट रकम असुल्ने फिरौती र्‍याकेट नै चलाएका थिए । उनले गत वर्ष मारिएका युवासंघ रुपन्देहीका तत्कालीन अध्यक्ष दुर्गा तिवारी तथा व्यवसायी बलु पौडेलको हत्याको जिम्मेवारी लिएका थिए । मनोज वाइसिएल हुँदैं एमालेको युवासंघको विभिन्न पदमा बसेपछि अपराधकर्ममा सक्रिय भएका थिए ।

यस्तै, काठमाडौं उपत्यकाको



अर्को एउटा इन्काउन्टर पनि चर्चामा रह्यो । २३ साउनमा महानगरीय अपराध महाशाखाको टोलीसँग भएको इन्काउन्टरमा लागूऔषध कारोबारमा संलग्न प्रवीण खत्रीको मृत्यु भयो ।

४ माघमा डिल्लीबजार कारागारबाट भागेका टिके डाँका चितवनमा भएको प्रहरी इन्काउन्टरमा घाइते भए । त्यसको ९ दिनपछि १३ माघमा महानगरीय प्रहरी अपराध महाशाखाको टोलीले चितवनस्थित रामनगरमा पक्राउ गर्ने क्रममा गोली चलाउँदा उनको हात र खुट्टामा गोली लागेर घाइते भएका डीके यतिबेला बाँच्न सफल भएका थिए । पटक–पटक पक्राउ पर्दै आएका पेशेवर लुटेरा टीके २ दर्जनभन्दा बढी अपराधमा संलग्न रहेको प्रहरीको भनाइ छ ।

## चर्चित बलात्कार काण्ड

दरबारमार्गको सामूहिक बलात्कारकाण्ड पनि अपराधको संसारमा सर्वाधिक चर्चामा रह्यो । ७ माघमा काठमाडौंको दरबारमार्गको होटल ल्यान्डमार्कमा कैलालीकी २२ वर्षीया युवतीको सामूहिक बलात्कार भयो । उनी प्रेमी शैलेस कार्कीसँग ल्यान्डमार्क होटल पुगेकी थिइन् । उनीहरू कोठा नम्बर ४०५ मा बसेका थिए । राति नौ बजेतिर शैलेस र उनकी प्रेमिका बसेको कोठामा दीपक श्रेष्ठ, विकास गौतम र रवि पौडेल पनि पसे । त्यहाँ उनीहरूले ड्रिक्स गर्ने क्रममा युवतीको वाइनमा ब्ल्याक लेभल मिसाइदिए ।

त्यसपछि शैलेस र उनका तीन जना साथीले युवतीमाथि पालैपालो सामूहिक बलात्कार गरे । भोलिपल्ट बिहान युवती आफूमाथि सामूहिक बलात्कार भएको भन्दै प्रहरीकहाँ पुगिन् । जसलाई प्रहरी कार्यालय, दरबारमार्गको मुद्दा शाखाका इन्स्पेक्टर लक्ष्मणसिंह ठकुरी, सई चन्द्र भण्डारी तथा डिएसपी तिलक भारती समेतको मिलेमतोमा सामसुम पारिएको रहस्य बाहिरिएपछि यसले ठूलै तरंग ल्यायो । उक्त घटनालाई गुपचुप राख्न ३० लाख रुपैयाँ खर्चिएको कुरा सतहमा आएको छ ।

प्रहरीले घटनाको छानबिन गर्न समिति बनायो । उक्त छानबिन समितिले डिएसपी भारतीलाई जिम्मेवारीबाट हटाएर हदैसम्मको कारवाही गर्न र मुद्दा शाखाका इन्स्पेक्टर ठकुरी र सई भण्डारीलाई बर्खास्त गरेर हदैसम्मको कारवाही गर्न सिफारिस गरेको छ ।

यही घटनाकै छेउछाउ इटहरीमा पनि यस्तै प्रकृतिको घटनामा प्रहरी संलग्नता देखियो भने त्यहाँ पनि उच्च प्रहरी अधिकृतहरू निलम्बिन गरिए ।

यसैगरी बलात्कारका अनेकौं घटनाले मुलुकलाई दिनहुँजसो तरंगित गरिरह्यो । बालिका तथा वृद्धासम्मका बलात्कारका घटनाका वीभत्स घटनाका कारण बलात्कारविरुद्ध मृत्युदण्डको मागसम्म हुन थाल्यो नेपालमा ।

## ठगीको जालो

अपराधकै सिलसिलाका वैदेशिक रोजगारी, जग्गा किनबेच तथा उपहारका नाममा ठगी गर्ने सयौं घटना सतहमा आए । ०७४ मा ठगीका अनौठा-अनौठा स्वरुप देखा परे । युवतीले प्रेमिका बनेर अपहरण गर्ने र हनी ट्र्याप शैलीमा ठगी गरेका केही घटनामा संलग्नहरूलाई पनि प्रहरीले पक्राउ गर्‍यो ।

वैदेशिक रोजगारीका नाममा ठूलो रकम ठगी गर्नेहरूका विरुद्ध सयौं उजुरी प्रहरीसम्म पुगेका छन् । रोचक त के छ भने प्रेमिका बनाएर ठगी गर्नेदेखि महँगो उपहार पाउने लोभमा सजिलै विश्वास परेर लाखौं रुपैयाँ गुमाएका घटना वर्षभरि नै चर्चामा रहे । महानगरीय अपराध महाशाखाका एक प्रहरी अधिकारीकाअनुसार यसरी अर्बौ रकम ठगिएको देखिन्छ ।

## भिआईपी चोरदेखि लुटेरासम्म सक्रिय

काठमाडौं उपत्यकाको जीवनशैलीलाई चोर तथा लुटेराहरूको समूहले पनि प्रताडित गर्दै आएको छ । ०७४ मा प्रहरीले गाडी चोरदेखि पाकेटमारसम्मलाई पक्राउ गरेर सार्वजनिक गर्‍यो नै लुटेराका केही समूह पनि प्रहरी कारबाहीमा परे ।

गत जेठमा महानगरीय अपराध महाशाखाको टोलीले म्हैपीबाट ३२ लाख लुट्ने समूहलाई पक्राउ गर्‍यो । पक्राउ पर्नेमा धादिङका अन्जान थापा, सरोज श्रेष्ठ, गोरखाका सिजन अधिकारी, सन्तोष बोहरा, गुल्मीका ज्ञानबहादुर पुरी तथा बाग्लुङका तारा बोहरा थिए । उनीहरू म्हैपीमा दुई जना महिलाबाट ३२ लाख रुपैयाँ लुटेर फरार भएका थिए । १० माघको राति भक्तपुरको सुर्यबिनायक–८, मा डेरा गरी बस्ने रामबहादुर तामाङको घरबाट १६ लाखभन्दा बढी लुटपाट गर्ने पेशेवर लुटेराहरूको समूहका केहीलाई महानगरी अपराध महाशाखाले १६ माघमा प्रहरीले पक्राउ गरेका थियो । यी त केही प्रतिनिधि घटना मात्र हुन् । भनिन्छ, अहिले काठमाडौंमा दर्जनौं लुटेरा सक्रिय छन् ।

१३ चैतमा काभ्रे प्रहरीले कार चढ्ने दुई जना चोरलाई पक्राउ गरेर सार्वजनिक गरेको थियो । २३ वर्षीय लक्षु कार्की र ३३ वर्षीय गणेश तामाङ भिआइपी चोर भएको जनाएका छन् । उनीहरूले चोरीमा प्रयोग गर्ने हुन्डाई कम्पनीको बा७च ४२ नम्बरको आइटेन कार पनि बरामद भएको छ । यस्तै, पाकेटमारीबाटै करोडौको सम्पत्ति जोडेका विवेक लामा पनि प्रहरी फन्दामा परेका छन् । भक्तपुर र ललितपुरमा पनि लाखौं रुपैयाँ चोरी भएका घटनाहरू सतहमा आए ।

अचम्म लाग्दो कुरा के भने विदेशी चोरहरूको समूह पनि काठमाडौंमा सक्रिय रहेको तथ्य फेला पर्‍यो । ठमेलको बैशाली होटलमा एक महिनादेखि ५ वटा कोठा बुक गरेर चोरीमा सक्रिय इरानी गिरोह पक्राउ पर्‍यो । १२ जनाको समूहमा नेपाल छिरेका ती इरानीहरूले आफूलाई भिआईपी पर्यटकका रूपमा प्रस्तुत गर्थे, तर उनीहरू चोर थिए ।

## ठूलो बैकिङ क्राइम

०७४ मा बैकिङ ठगीका ठूला घटनामाथि पनि प्रहरीले सफलता हात पार्‍यो । प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआईबी)ले नेपाल क्रेडिट एण्ड कमर्स बैक लिमिटेड (एनसीसी)को डेढ अर्ब रुपैयाँ घोटाला प्रकरणमा १३ जनालाई पक्राउ गर्‍यो । २ चैतमा बोर्ड बैठक बसिरहेकै बेला तत्कालीन एपेक्स बैकमा फर्जी कागज बनाएर अर्बौ रुपैया घोटाला गर्ने १३ जनालाई एनसीसी बैकको बोर्ड बैठकबाट गिरफ्तार भए । उच्च तहका कर्मचारीहरू नै संलग्न उक्त घोटालामा तत्कालीन एपेक्स बैकका अध्यक्ष विष्णुप्रसाद धितालसहित १४ जना पक्राउ परेका थिए । त्यसको केही दिनपछि प्रहरीले थप ३ जनालाई पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ ।

## इन्टपोलको सक्रियता

प्रहरीले ८ वटा हत्यामा संलग्न ‘सिरियल किलर’ सकिल हुसैनलाई कतारबाट काठमाडौं ल्यायो । पैसा लेनदेनमा श्रीमती र सासु ससुराको समेत हत्या गर्ने सकिललाई कतार प्रहरीले पक्राउ गरेपछि इन्टपोलमार्फत स्वदेश फर्काइएको हो । यस्तै, ०७३ फागुनमा प्रेमिका राधिका श्रेष्ठको हत्या गरेर दुबई पुगेका भक्तपुरका प्रकाश लामिछानेलाई पनि इन्टपोलको सहयोगमा दुबईमा पक्राउ गरेर गत असोजमा नेपाल ल्याइयो । ०५७ मा झापाकी १९ वर्षीया सन्ध्या राजवंशीको बलात्कारपछि ज्यान गएको घटनामा जोडिएर जन्म कैदको फैसला सुनाइएका लीलाराज गौतम पनि १७ वर्षपछि अमेरिकामा पक्राउ परे । उनलाई नेपाल ल्याउन इन्टरपोलमार्फत पहल भैरहेको छ । यस्तै, कुख्यात वन्यजन्तु तस्कर ग्रीसको एथेन्समा पक्राउ परे पनि उनलाई नेपाल ल्याउने पहल भने सफल भएको छैन ।

## सुन तस्करी

वर्षभरि नै सबैभन्दा चर्चामा रहेको अर्को अपराध हो– सुन तस्करी । १९ भदौमा महानगरीय अपराध महाशाखाले क्षेत्रपाटीबाट ८८ किलो सुन बरामद गर्‍यो । क्षेत्रपाटीमा पार्किङ गरेर राखिएको बा१७च ६४२६ नम्बरको गाडीबाट प्रहरीले पहिलो पटक यति ठूलो मात्रामा सुन बरामद गरेको हो । उक्त सुन केरुङ हुँदै काठमाडौं भित्रिएको थियो । गत कात्तिकमा लमजुङबाट १७ किलो सुन बरामद भयो भने मंसिरमा बालाजु बाइपासबाट त्यति नै मात्रा अवैध सुन फेला पार्‍यो । यस्तै, प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरोले १४ भदौमा उक्त १५ किलो सुन बरामद गर्‍यो, प्रहरीले टोखाबाट १४ तथा जनकपुरबाट १ किलो सुन बरामद गरेको थियो । गत असारमा प्रहरीले ९ किलो सुन काठमाडौंबाट बरामद गरेको थियो । सानो परिणाम विभिन्न ठाउँमा सुन तस्करहरू वर्षभरि नै प्रहरी फन्दामा परिरहे ।

समय सन्दर्भ



अधिकारी रवीन्द्र

# माझीगाउँ एक्सप्रेस

अरूले झैं नयाँ वर्ष मनाउने उद्देश्यका साथ हामी पाँच भाइ कोसीदेखातिर लाग्ने निधो भयो। जय, विजय, माने, सुधीर र म।

'ए, ए, ए, ए, ढल्यो, ढल्यो ढल्यो' डुङ्गा हो, त्यति सजिलै के ढल्यो, माझीले मिलाई-मिलाई दाबिलो चलायो। उसले पहिल्यै भनेकै थियो, डुङ्गा कोल्टेर लड्न आँट्यो भने जता कोल्टिन्छ तपाईंहरूचाहिँ त्यसको उल्टोतिर कोल्टिनु। केटाहरूले उल्टो बुझेछन्, डुङ्गा कोल्टेतिरै ढल्कँदा रहेछन्। माझीलाई ती तीन केटालाई जोगाएर सुनकोसी तार्न हम्मे-हम्मे पर्‍यो। पालो हाम्रो। लामा दाइले टेक्निक सिकाए- जीउलाई सन्तुलित गरेर टुक्रुक्क बस्ने। दुइटा घुँडालाई डुङ्गाको दुई छेउमा टाँस्ने। हलचल नगरी सीधा अगाडि हेरेर बस्ने। हाम्रो डुङ्गा नकोल्टी सुनकोसी तर्‍यो। सुधीर नदी तरेदेखि नै तनावमा थियो- अब फर्कंदा कसरी डुङ्गा तर्ने ? साथीहरूको सङ्गतले डुबाउँछ, म त एक्लै तर्छु। एकपटकको २५ रुपैयाँ त हो, एक्लै चढे नि चार जना चढे नि। कोसीको किनारछेउबाट थोरै उक्लिएपछि बिछ्ट्टै राम्रो सानो गाउँ– माझीगाउँ। गाउँवासीको मुख्य पेसा माछा मार्ने र दोलालघाटसम्म किनारै किनारको बाटोमा आएर बेच्ने। एक जना माझी गुनासो गर्दै थिए- 'अब त माछा पनि सकिए। वैशाख-जेठ सिजन हो, तैपनि दिनभरिमा दुई सिलभन्दा मार्नै सकिन्न। माछा पनि पहिलेका जस्ता ठूला कहाँ पाउनु ?'

हुन पनि हो, सबै सहायक खोलामा विष हालेर निमुट्यान्नै हुने गरी माछा मारिने रै'छ। कोसी ठूलो भएकाले विषले नभ्याउने भएर त्यहाँचाहिँ करेन्ट लगाएर माछा समात्दा रै'छन्। लामाजीले स्मरण गरे- एकपटक नागदह तल बम पड्काएर माछा मार्दा पानीभरि कुइरीमण्डल माछा मरेथे रे। माछा समात्न गाउँलेहरू सबै खोलामा, समातेको माछा भेट्नेलाई आधी, बम पड्काउनेलाई आधी। एउटा माछा त २४ किलोको थियो रे, नोल लगाएर बोक्नुपर्ने।

अघिल्लो दिन पलाञ्चोकमा आएर राति बास बसी देवीको दर्शन गरेर बिहानै हामी ओरालो लाग्यौं। धुर्मुस-सुन्तलीको नमुना पहरी बस्तीबाट पूर्व हेर्दा नीलो कोसी किनारामा केरा र मेवाका रूखहरूको झाडभित्र लुकेको मनै मोहित पार्ने माझीगाउँ। कच्ची बाटो मोटरसाइकलमा कोसी देखा पुगियो। त्यहाँ एउटा उदाहरणीय सरकारी स्कुल रहेछ। भवन पनि स्वीस सहयोगमा बनेको पढाइ र प्रणाली पनि बोर्डिङभन्दा चर्को। ज्यामिरेबाट डुङ्गा छापेको बाटो हुँदै हामी ओरालो लागेर सेरा पुग्यौं। त्यहाँबाट आधा घण्टा पैदल हिँडेपछि बल्ल डुङ्गा चढ्ने ठाउँमा पुगिने रहेछ। एउटै जामुनको काठ खोपेर बनाइएको त्यो डुङ्गामा बढीमा ६ जनासम्म तर्न सकिने रहेछ।

साथीहरू गर्मीले रापिएर आएका थिए। थ्याच्याक्क फलैंचामा बसे। बिहानदेखि फोन गरेर भनिएको कोसीका असला माछा झुरुम-झुरुम हुने गरी तारेर राखिएको रहेछ। अचारमा चोपेर तात्तातो माछा खान सुरु गरिहाले साथीहरूले। त्यत्तिकैमा एउटा भाले कुरकुर गर्दै नजिक आयो, मानबहादुर जोस्सियो- 'लौ यसलाई कराककुरुक पारौं त।' पाँच मिनेटमा त्यो तातो कसौंडीमै झानियो। आँगनका डिलाँ ठूलो मेवाको बोट रहेछ। जयरामले भन्यो- 'ल त्यो ठूलोचाहिँ मेवा तासौं त।' मेवा तासियो, मुला काटियो। ठेकीभरिको भैंसीको मोही ओठभरि नौनी लाग्ने गरी घुटुक-घुटुक पारियो। एउटा लामा पाइलट चुरोट खाँदै थिए। अर्का लामा चना चटपट बनाउँदै थिए। काठको घरभित्र पलेटी मारेर खाटमा बसेका छौं हामी। दाउराको चुलोमा लोकल चामलको भात पनि पाक्यो। केराघारी छिचोलेर कोसीको सुसेली कानमा निरन्तर ठोक्किइरहेको छ। चरेसको थालमा साथीहरू झोल र भात सप्याक-सप्याक पार्न थाले। रामबहादुर दाइले भन्नुभयो- 'म अब सरहरूलाई सातो लिने डुङ्गा हैन, पौडिएरै कोसी तर्ने ठाउँबाट तार्छु।' साथीहरू चौबर खुसी भए।

एक घण्टा पौडी खेलेर कोसी तर्ने तर्खर गरियो। पाँच जना पौडी खेल्न जान्ने, एक जना नजान्ने। रामबहादुर दाइले एक जनालाई हात समाती-समाती कोसी तारिदिने भए। चार जना सुरिएर कोसी तर्न हाम फालियो। कोसी र त्रिशूली भनेपछि मलाई सानैदेखि डर लाग्थ्यो। पौडी त निकै पटक खेलिया थियो, किनारै-किनारमा, तर पारचाहिँ पहिलो पटक गर्न आँटेकाले साह्रै डर लाग्ने रहेछ। बीचतिर पुगेपछि त पानी यति गहिरो रहेछ कि पाइलै नसर्ने। कस्सो डुबिएन, साथीहरूको हौसलाले जसोतसो छड्के बग्दै पारि आइयो। एउटा साथी ट्युबमा चढ्ने भएर बीचमा पल्टियो, अत्तालिएर कति बान्ता गर्‍यो-गर्‍यो। त्यसपछि हामी लामबगरको मेवा बगैंचा पुग्यौं, त्यहाँ साथीहरूको पिकनिकमा सरिक भएर एकछिन गाना-बजाना गर्दै भोज खाएर बिदा भयौं। फर्कंदा पाँचै जनाको न्यू इयर रेजुलुसन एउटै थियो- अब आइन्दा गहिराइ थाहा नभएको नदीमा बिना सुरक्षा कहिल्यै नपस्ने।

ravinems@iom.edu.np
facebook/AdhiQarie

# थ्रीस्टार विराट गोल्डकपको च्याम्पियन



विभागीय टिम त्रिभुवन आर्मी क्लबमाथि सानदार जित निकाल्दै थ्रीस्टार क्लब विराटनगरमा सम्पन्न विराट गोल्डकप च्याम्पियन भएको छ। सहिद रंगशालामा फ्लडलाइटमा भएको डे एन्ड नाइट फाइनल खेलमा ३-० को फराकिलो गोल अन्तरले सिजनकै सर्वाधिक उपाधि जितेको टिम आर्मीलाई निराश बनाउँदै थ्रीस्टारले उक्त उपाधिमाथि कब्जा गरेको हो। उक्त गोल्डकपमा म्यान अफ दि टुर्नामेन्ट घोषित थ्रीस्टारका अनन्त तामाङले मोटरसाइकल प्राप्त गरे। उत्कृष्ट प्रशिक्षक थ्रीस्टारका मेघराज केसी तथा व्यवस्थापक मुकेश नकर्मी घोषित भए। उत्कृष्ट गोलरक्षक थ्रीस्टारका एलन न्यौपाने, उत्कृष्ट मिड फिल्डर थ्रीस्टारकै सुनिल बल, उत्कृष्ट फरवार्ड आर्मीका भरत खवास तथा उत्कृष्ट डिफेन्स आर्मीका विमल पाण्डे घोषित भए। विमल घर्तीमगरले प्रतियोगिताभर ४ गोल गर्दै सर्वाधिक गोलकर्ताको पुरस्कार आफ्नो पक्षमा पारे।

नरेन्द्र बस्नेत

# सलमान अब जेठ १२ मा नेपाल आउने

बलिउड अभिनेता सलमान खान जेठ १२ गते नेपाल आउने भएका छन्। ओडिसी इन्टरटेन्मेन्टले आयोजना गर्ने 'दबंग द टुर नेपाल' शीर्षकको उक्त कार्यक्रम जेठ १२ मा हुने पक्का भएको छ। जेए इभेन्ट्स एलएलपीले ओडिसी इन्टरटेन्मेन्टका सिमान्त गुरुङलाई औपचारिक पत्र लेख्दै कार्यक्रमको मिति तय गरेको हो।

यसअघि सलमान खान नेपाल आउने भनिए पनि अन्त्यमा कार्यक्रम रद्द भएको थियो। सलमानसँगै बलिउडका कलाकारहरू सोनाक्षी सिन्हा, कृति सेनन, प्रभु देवा, डेजी शाह, मिट ब्रोस, मनिष पल आदि पनि नेपाल आउँदैछन्।

ओडिसी इन्टरटेन्मेन्टका सिमान्त गुरुङले जेठ १२ गते कार्यक्रम पक्का भएको जानकारी दिएका छन्। 'उनीहरूले नै हामीलाई मिति निश्चित गरेर पत्र पठाइसकेका छन्।' गुरुङले भने, 'सलमान खान कार्यक्रमको एक दिनअघि काठमाडौं आउनेछन्, तर हामी उनलाई दुई दिन पहिले ल्याउने प्रयास गरिरहेका छौं।' गुरुङका अनुसार टिकट तथा कार्यक्रमको स्वरुप पहिले निर्धारण गरिएअनुरूप नै हुनेछ।




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल।**